...शुक्रबार ... २०६६ ...ional Weekly • Friday, Aug 21, 2009 • पृष्ठ २४ + ८ = ३२ • मूल्य रु. १०/-



# फेरि प्रयास मिस नेपालको

• कृष्ण भट्टराई

गत वर्षको तिक्ततालाई बिर्सदै आयोजक हिडेन ट्रेजर वर्ष-२००९ को मिस नेपाल प्रतियोगिताको आयोजनामा जुटेको छ। अघिल्लो सातादेखि आयोजकले मिस नेपाल २००९ मा सहभागी हुन इच्छुक युवतीहरुको आवेदन ग्रहण गर्न थालेको छ। “अहिलेसम्म १५ जनाको आवेदन आइसकेको छ,” आयोजक संस्थाका प्रबन्धक गिरेन्द्र राजवंशी भन्छन् “निर्णायक प्रतियोगितामा २० जना युवतीलाई मात्र सहभागिता गराइनेछ।” सहभागिताका लागि आवेदन दिएका युवतीमध्ये प्रारम्भिक चरणमा ३० जनाको छनौट गरिनेछ। “२५ जनालाई प्रशिक्षणमा सहभागी गराउने छौं,” राजवंशी भन्छन् “प्रशिक्षणकै क्रममा कसैले सहभागिता जनाउन नचाहने भएकाले प्रशिक्षणमा सहभागिता संख्या बढाउन लागिएको हो।” विस्तृत पृष्ठ ६ मा






## तीज स्पेशल

मध्यपृष्ठमा

साप्ताहिक



## ग्यालरी

### मूर्तिकारको सम्झनामा

मूर्तिकार स्व. उत्तिम महर्जनको पहिलो पुण्यतिथि पारेर गत शनिबार उनकै सहपाठीहरूले मूर्तिकला प्रदर्शनी गर्दै श्रद्धाञ्जली व्यक्त गरे। प्रदर्शनीमा उत्तिमद्वारा सिर्जित करिब दुई दर्जन मूर्ति राखिएको थियो। प्रदर्शनीसँगै 'माटो मूर्तिकला' विषयक कार्यशाला पनि सम्पन्न गरिएको थियो। तिसा साहित्य पालाले आयोजना गरेको उक्त प्रदर्शनी दुई दिनसम्म चलेको थियो। प्रदर्शनीमा उत्तिमद्वारा सिर्जित टेराकोट, प्रस्तर तथा धातुबाट सिर्जित मूर्त एवं अमूर्त शैलीका विभिन्न भाव झल्कने मूर्ति राखिएको थियो। माटो मूर्तिकला कार्यशालामा करिब ३५ कलाकारले भाग लिए। कार्यशालामा कलाकारहरूले मुहारदेखि विभिन्न समसामयिक विषयका मूर्ति सिर्जना गरेका थिए। ललितकला क्याम्पसमा अध्ययनरत तथा पूर्व विद्यार्थीका साथमा केही समययता मूर्ति बनाउन अल्छी गरिरहेका युवा कलाकारलाई जोस र उत्साह प्रदान गर्न उक्त कार्यशाला आयोजित गरिएको थियो। उत्तिमको गत वर्ष भदौ ११ गते २४ वर्षको अल्पायुमै दिल्लीस्थित राजीव गान्धी अस्पतालमा ब्लड क्यान्सरबाट निधन भएको थियो।

### चित्रकला पुरस्कृत

महाकवि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी समारोह समितिले दस जना चित्रकारलाई १० हजार रुपैयाँका दरले 'महाकवि देवकोटा चित्रकला पुरस्कार' प्रदान गर्ने भएको छ। देवकोटा शताब्दी चित्रकला पुरस्कारबाट पुरस्कृत हुनेमा आईबी मल्ल, इन्द्र खत्री, चन्द्रकुमार ताम्राकार, जीवन राजोपाध्याय, डीबी परियार, पूर्ण बनेम, भीष्म केसी, राजन काफ्ले, राजु चित्रकार तथा बिपना महर्जन छन्।

### जापानमा नेपाली चित्रकला

जापानको होकाइदोस्थित चौतारा ग्यालरीमा नेपाली कलाकार रत्नकाजी शाक्यको एकल चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ। गत आइतबारदेखि उक्त ग्यालरीमा कलाकार शाक्यका चित्र सजिएका हुन्। प्रदर्शनीमा आधुनिक प्रविधिमा आधारित बुद्धको चित्र तथा अण्डाकार शैलीमा अर्ध-अमूर्त शैलीका चित्र समावेश गरिएका छन्। जापान गएका बेला कलाकार शाक्यले तयार पारेका चित्रकला जापानी कलाकार ताकासिमी याकेले प्रदर्शनमा राखेका हुन्। यो प्रदर्शनी पर्सि आइतबरसम्म चल्नेछ।

### प्रदर्शनीमा चित्र तथा मूर्तिकला

नौ जना कलाकारले तयार पारेका ५ वटा मूर्तिकला तथा ४० वटा चित्रकलाको प्रदर्शनी राजधानीमा प्रारम्भ भएको छ। विविधतामा एकताको सन्देश छर्दै अलग-अलग शैलीलाई रंग तथा रेखाको आकार दिँदै कलाकारहरूले चित्रकला प्रदर्शन गरेका हुन्। ठमेलस्थित मिथिला आर्ट ग्यालरीमा गत आइतबार प्रारम्भ भएको प्रदर्शनी आगामी दुई सातासम्म चल्नेछ। गन्धर्व कलाकारहरूको सांगीतिक समूहद्वारा सामूहिक सारंगी धुन प्रस्तुत गर्दै प्रारम्भ भएको उक्त सामूहिक प्रदर्शनीमा ग्यालरीका अध्यक्ष श्यामसुन्दर यादवका मिथिला लोककलादेखि जया शर्माको डिजिटल आर्टसम्म अटाएका छन्। कलाकार कपिलमणि दीक्षितको नग्नचित्र प्रदर्शनीको अर्को आकर्षक पक्ष हो। नरेन्द्रप्रसाद भण्डारीको अमूर्तशैलीका प्रस्तर तथा काठका मूर्तिले प्रदर्शनीमा विविधता थपेका छन्। महेश आचार्यको सांस्कृतिक चित्रले पनि दर्शकहरूको मन जितिरहेको छ। प्रदर्शनीमा रीता मानन्धरको गणेश तथा सम्झना राजभण्डारीको शैली पनि समावेश छन्।

## रंगमञ्च

### माइला डटकम

प्रयोगात्मक नाटक 'माइला डटकम' को प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ। नाटकमा केकसपमा काम गर्ने युवक तथा केकसप साहुनीबीचको सम्बन्धलाई चित्रण गरिएको छ। यो नाटक आजदेखि भदौ महिनाभरि हरेक शुक्रबार, शनिबार तथा आइतबार त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा मञ्चन हुनेछ। नाटकमा सिर्जना सुब्बा तथा राजन खतिवडाले मुख्य भूमिका निर्वाह गरेका छन्। मण्डला थिएटरको प्रस्तुतिमा मञ्चन हुने यो नाटकको लेखन तथा निर्देशन युवा नाट्यकर्मी दयाहाङ राईले गरेका हुन्। यही नाटक डेढ वर्षअघि एक्टर्स स्टुडियोको प्रस्तुतिमा गुरुकुलमा मञ्चन गरिएको थियो।

## पुस्तक

### वास्तु-शास्त्र ज्ञान

ज्योतिष पण्डित वासुदेवकृष्ण शास्त्री, वास्तु-शास्त्रका ज्ञाताका रूपमा सुपरिचित छन्। कस्तो घर बनाउनुपर्छ?, गृह निर्माणको शास्त्रीय मत के छ? भन्ने विषयमा आममानिस अनभिज्ञ रहेकाले सहरीकरणमा कुरूप र बेमेल घरहरूले थप समस्या सिर्जना गरेको छ। यही परिपेक्ष्यमा वासुदेवकृष्ण शास्त्रीले आममानिसका लागिसमेत उपयोगी हुने गरी वास्तुशास्त्रमा आधारित पुस्तक 'वास्तुशास्त्र ज्ञान' सार्वजनिक गरेका छन्। घर बनाउँदा प्रयोग गरिने मन्त्र तथा पूजा विधिहरू तथा त्यसको महत्त्वलाई लेखकले सचित्र वर्णन गरेर पुस्तकलाई सरल बनाएका छन्। केही प्रसिद्ध वास्तुशास्त्रमा आधारित घर एवं नक्साहरूसमेत समावेश गरिएको यो पुस्तक आममानिसका लागि पनि पठनीय छ। बुद्ध पब्लिकेसनले प्रकाशित गरेको यो पुस्तकको मूल्य २ सय २५ रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

गलत विचारले काम बिगार्न सक्छ। सानो काममा पनि सफलता पाउन गाह्रो पर्ला। विश्वासले धोका खानेछ। आइतबारदेखि प्रयास गर्दा काममा सफलता मिल्नुका साथै धन आर्जन हुने, व्यवसायबाट लाभ मिल्ने तथा प्रसन्नता बढ्ने योग छ। बिहीबार स्वास्थ्य गडबड हुनसक्छ।

### मिथुन

पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। अधुरा काम पूरा हुनेछन् भने नयाँ काम पनि पाइनेछ। अध्ययनमा सफलता हात लाग्नेछ। आफन्तहरूको सहयोग प्राप्त हुनेछ। धन आर्जन पनि हुनसक्छ। व्यवसायमा सफलता प्राप्त हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। ठूला व्यक्तिको विश्वास जित्न सकिनेछ।

### सिंह

भोज-भतेरमा संलग्न हुने अवसर जुट्नेछ। मन प्रसन्न रहनुका साथै बोलीको प्रभाव बढ्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। धन आर्जन हुन सक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट राम्रै सहयोग मिल्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ।

### तुला

धन आर्जन हुनेछ भने मान-सम्मान पनि पाउनुहोला। पराक्रमको तीव्रता एवं अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ। नयाँ काम प्रारम्भ गर्ने समय छ। नोकरीमा सफलता मिल्नेछ। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### धनु

सुरुमा नैराश्यता एवं उदासीनता बढेर काममा असर पर्नाले मनोबल घट्न सक्छ। अरूबाट आलोचित पनि हुनुपर्ला। शनिबारदेखि मान-सम्मान मिल्नेछ। काममा सफलता हात लाग्ने तथा धन आर्जन हुने योग छ। अध्ययनमा सुधार आउनेछ। बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

### कुम्भ

काममा सफलता हात लाग्नेछ। अरूले प्रशंसा गर्नेछन्। ठूला व्यक्तिको मन जित्न सकिनेछ। आम्दानीको तीव्रता कायमै रहनेछ। आइतबारदेखि बुधबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। बिहीबार मान-सम्मान मिल्ने तथा प्रसन्नता बढ्ने देखिन्छ।

### वृष

घरेलु समस्याले सताउनेछ। आफन्तहरू टेढिनेछन्। कुरा काट्नेहरू सक्रिय हुनेछन्। विवादको सामना गर्नुपर्ला। धनमाल हराउनुका साथै शरीरमा चोटपटक लाग्न सक्छ। अध्ययनमा सफलता पाउन गाह्रो पर्नेछ। बिहीबार व्यवसाय बढ्ने, यात्रा हुने तथा काममा सफलता मिल्ने योग छ।

### कर्कट

बोल्दा विचार पुर्‍याउनुहोला। खर्च बढ्नेछ भने धनमाल हराउन सक्छ। शनिबारदेखि मान-सम्मानका साथै काममा सफलता मिल्नेछ। धन आर्जन हुन सक्छ। यात्रा गर्ने अवसर पनि जुट्नेछ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सफलता हात लाग्नेछ।

### कन्या

खर्च बढ्नुका साथै विवादको सामना गर्नुपर्ला। मन चिन्तित हुनसक्छ। शनिबारदेखि प्रयत्न गर्दा काममा सफलता मिल्नेछ। राम्रै आम्दानी हात लाग्नेछ। मान-सम्मान पनि पाउनुहोला। पराक्रम एवं बोलीको प्रभाव बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। शत्रुबाट सजग रहनुहोला।

### वृश्चिक

मान-सम्मान पाइनेछ। सभा-सम्मेलन एवं भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। धन आर्जन पनि हुनसक्छ। व्यवसायमा सफलता हात लाग्नेछ। यात्रा हुनसक्छ। आफन्तहरूको सहयोग मिल्नेछ। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### मकर

स्वास्थ्य प्रतिकूल हुनसक्छ। मनमा चिन्ता एवं दुविधाले डेरा जमाउनेछ। नैराश्यता एवं उदासीनता बढ्नेछ। अरूले कुरा काट्नेछन्। मंगलबारदेखि मान-सम्मान मिल्नुका साथै काममा सफलता हात लाग्नेछ। धन आर्जन पनि हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### मीन

धन आर्जन गर्ने अवसर प्राप्त होला। व्यवसायमा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ। मंगलबार र बुधबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

## यो साताको पञ्चाङ्ग

भदौ ५ गते : गुँलाधर्म समाप्ति, ६ गते : तीजको दर खाने दिन, ७ गते : हरितालिका तीज, गणेश चतुर्थी, अन्तर्राष्ट्रिय दासत्व मोचन दिवस, ८ गते : ऋषिपञ्चमी, १० गते : भक्तपुर मण्डलकुण्ड मेला, ११ गते : सुदूर पश्चिम क्षेत्रमा गौरा पर्व।



# नेताका चेलीको तीज बरिलै

**तीजको लहरले महिलाहरूलाई छोपिसकेको छ। रातो साडीमा ठाँटिएर, छड्के तिलहरी हल्लाउँदै हिँड्ने महिलाहरूको ताँती बजारमा देख्न पाइन्छ। पोखरामा नेपाली राजनीतिका केही वरिष्ठ नेताका बहिनीहरु छन्। माओवादी नेता डाक्टर बाबुराम भट्टराई, एमाले नेता वामदेव गौतम तथा कांग्रेस नेता अर्जुननरसिंह केसीका बहिनीहरूको घर पोखरा हो। नेताका चेलीहरुको तीज अनुभवका सम्बन्धमा पोखराबाट त्रिभुवन पौडेल लेख्छन् :**





**क्रमश : बामदेव गौतम, अर्जुननरसिह केसी तथा डा. बाबुराम भट्टराईकी बहिनी ।**

'दाइले साडी ल्याइदिनुहुन्थ्यो । हामी दिदी-बहिनीलाई कुन रङ्गको साडी मन पर्छ, उहाँलाई थाहा हुन्थ्यो ।' तीजको रन्कोले छोपेको बेला पोखरामा रहेकी एमाले उपाध्यक्ष वामदेव गौतमकी साइँली बहिनी माया केसीले सम्झिन्- 'तीजमा माइत जाँदा उहाँ जति व्यस्त भए पनि खाना खान आइपुग्नुहुन्थ्यो ।' एमाले नेता वामदेव गौतमका चार दिदीबहिनी नेपालगन्ज, बर्दिया, धनगढी र पोखरामा छन् ।

राजनीतिमा सधैं व्यस्त रहने नेताका दिदीबहिनीहरूको तीज कस्तो होला ? तीजमा उनीहरूलाई दाजुभाइले सम्झँदा हुन् कि ? लिनै जान्छन् कि ? दिदीबहिनीहरूलाई के-के पकाएर ख्वाउँदा हुन् ? उपहार पनि दिन्छन् कि ?

वरिष्ठ नेता डाक्टर बाबुराम भट्टराईकी पोखरामा रहेकी बहिनी पार्वती भट्टराईसँग प्रश्न सोधियो, तर उत्तर सबै नेगेटिभ । 'छैन-छैन' पार्वतीले भनिन्- 'तीजमा दाइले सम्झिएको एकपटक पनि याद छैन । हामीलाई तीजको खासै चासो पनि छैन ।' आफैं माओवादी कास्कीकी सदस्य रहेकी पार्वती भन्छिन्- 'तीजलाई परिमार्जित गर्नुपर्छ । सांस्कृतिक क्रान्ति गर्नुपर्छ भनेर हिँडेका हामीलाई केको तीज ?' बुबा-आमा तगडै हुँदा भने तीजमा माइती गोर्खा गएको सम्झना छ उनलाई, तर ती कुनै पनि तीजमा दाइको उपस्थित भएन । 'बोलाउन आउने त परैको कुरा, तीज उहाँलाई याद पनि हुँदैन ।' तर पनि दाइप्रति कुनै गुनासो नरहेको बताउँदै पार्वतीले भनिन्- 'म आफैंलाई पनि तीजको मतलब छैन ।' नाच्ने-गाउने कुराको भट्टराई परिवारमा कहिल्यै चासो नरहेको उनले सुनाइन् । 'सबैको ध्यान पढाइमै हुन्थ्यो ।' राजनीतिमा बाहेक कहिल्यै दोस्रो नभएका माओवादी उपाध्यक्ष भट्टराईकी शिक्षिका बहिनीले सम्झिन्- 'अघिल्लो तीजमा बुबाले सम्झाएपछि दाइले तीजको शुभकामना भन्नुभएको थियो ।'

पोखरामै रहेकी कांग्रेस नेता अर्जुननरसिंह केसीकी माहिली बहिनी शिला कुवरलाई तीज पर्व कम रमाइलो लाग्दैन । हरेक तीजमा दाइहरूले फोन गरेपछि, माइती काठमाडौं जान्छिन् उनी । तीजमा तीन जना दिदीबहिनी र सात जना दाजुभाइसहित परिवारका सदस्यहरू भेट भएर रमाइलो गर्ने उनले सुनाइन् ।

'पोखरा (घर) मा जस्तो नाचगान गर्ने रमाइलो माइतीमा हुँदैन ।' उनले काठमाडौंको तीज अनुभव सुनाउँदै भनिन्– 'तर राति एक बजेसम्म दर खाइन्छ, अनि दतिवन टोकिन्छ ।' तीजमा कांग्रेस नेता अर्जुनरसिंह केसीले आफ्ना बहिनीहरूलाई खर्चबर्च दिँदा रहेछन् । तिहारमा भने आफैंले किनेर कपडा ल्याइदिन्छन् ।

अहिलेसम्म अर्जुन दाइ तीजमा लिन भने नआएको उनले बताइन् । दुःख लाग्दैन ? किन लाग्नु ? शिला भन्न थालिन्- 'पहिले पो दिदी-बहिनी टाढा हुन्थे । तीजमा पनि माइत जानु भनेको ठूलै कुरा हुन्थ्यो । अहिले त माइत र घर एउटैजस्तो हुन थाल्यो ।' अहिले घरमै भान्जा-भान्जी र अरू आफन्तहरू आउने भएकाले पोखरामै पनि रमाइलो हुने शिलाले सुनाइन् ।

'माओवादी र एमालेका उपाध्यक्षद्वय नेता भट्टराई र गौतमका दुवै बहिनी यसपालि माइत नजाने भएका छन् । खेती ढिलो सुरु भएकाले नभ्याउने मायाले बताइन् । माया एमाले कास्की जिल्ला कमिटी सदस्य हुन् । पार्वती पनि वर्षायाममा त्यत्रो लामो बाटो जाने पक्षमा छैनन् । अस्ती भर्खरै पार्टीको कार्यक्रममा पोखरा आउँदा, दाइ घरमै आएर बसेको उनले सुनाइन् । नेता भट्टराईका दुई दिदीबहिनी छन् । कांग्रेस नेता केसीकी बहिनीको तीज पनि यसपालि पोखरामै बित्नेछ । आमा स्वर्गारोहण भएको एक वर्ष पनि नबितेको हुनाले माइतमा पूजा हुँदैन । त्यसकारण उनी घरमै आउने पाहुनाको तीज रमाइलो बनाउने तरखरमा छिन् ।

परिवारका छ दाजुभाइमध्ये जेठा एमाले उपाध्यक्ष वामदेवले भाइ वासु र पदमलाई बहिनीहरू लिन पठाउँथे । वि.सं. २०५१ सालमा दाइ पोखरामा आएर तीजको उपहारस्वरूप साडी दिएको मायाले कहिल्यै बिर्सन्नन् । 'हामी वाङ्गसिङ्ग (स्याङ्जास्थित पुर्ख्यौली घर) बाट भर्खरै पोखरा झरेका ।' उनले १५ वर्ष पहिलेको तीज सम्झिइन्- 'दाइ पोखरा आउनुभएका बेला पार्टीका स्थानीय नेता परशुराम पहारीले चिनाइदिएर, मेरो घरमा आई साडी उपहार दिनुभयो ।'

गत कृष्ण जन्माष्टमीमा भाउजूले फोन गरेर 'दाजु बिरामी हुनुहुन्छ, यसपालिचाहिँ सबै काठमाडौंमै बस्नुपर्छ, आउनुहोला' भनेको मायाले सुनाइन् । तीजका बेला बहिनीहरूलाई गीत लेख्न सिकाउँथे रे नेता गौतम । वि.सं. २०४० मा आफूहरूले पिस्कर हत्याकाण्डका बारेमा गीत लेखेर गाएको पार्वतीले बताइन् । त्यो बेला उहाँले केही हरफ सिकाइदिनुभएको थियो । बिरामी भएर हालै भारतमा १५ दिन उपचार गराएर फर्किएका नेता गौतम यसपालि आफैं अस्वस्थ पनि छन् ।

उता पार्वती भट्टराईको पनि आफ्नै कथा छ । 'तीज त परैको कुरा, अहिलेसम्म तिहारमा समेत लामो समयसम्म बसेको सम्झना छैन ।' उनले भनिन्- 'पोहोर दाइ मन्त्री हुँदा चार-पाँच घण्टा बसें । त्यो अहिलेसम्मकै दाइसँग लामो समय बिताएको क्षण हो ।'

माइत काठमाडौं जाँदा तीजमा भन्दा रमाइलो तिहारमा हुने शिलाले सुनाइन् । 'दाइ पनि एकदमै रमाइलो पाराको हुनुहुन्छ । उहाँ रमाइलो गर्न मन पराउने मान्छे हो ।' शिला दाइको प्रशंसा गर्न थालिन्- 'तिहारमा त हामी दिदीबहिनीहरू सबै नाच्छौं । कसले राम्रो नाचेर देखाउने भन्ने हुन्थ्यो ।'

राजनीतिमा सधैं व्यस्त हुने भएकाले तीजमा नबोलाए पनि, नसम्झे पनि र समय नदिए पनि कहिल्यै नराम्रो नलागेको माया, पार्वती र शिलाले बताए । बरु सधैं दाइको थकित अनुहार देख्दा, आराम गरे हुन्थ्यो नि भन्नेमा तीनै जना चेली एकमत छन् ।







## ● सम्पादकीय ●

# झन् ओरालो

मानिस र मानवसमाज सृष्टिको आदिकालदेखि नै निरन्तर विकासको बाटोमा अग्रगामी रहँदै आएको छ। मानवसमाजको यही प्रवृत्तिले मानवसभ्यतालाई आजको उचाइमा पु¥याएको हो। हामी नेपालीहरू पनि विकासको बाटोमा संसारका अरू समाजहरूलाई पछ्याउँदै अघि बढिरहेका छौं भन्ने भ्रम आमनेपालीलाई छ, तर संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले गत सोमबार जारी गरेको मानवविकास सूचकांकले पछिल्लो केही वर्षदेखि नेपाली समाज विकासको उल्टो गतिलाई पछ्याउन अग्रसर रहेको देखाएको छ। प्रतिवेदन भन्छ– सन् २००१ पछि नेपालमा देखा परेको राजनैतिक अस्थिरता, सामाजिक द्वन्द्व र दूरदर्शी राजनैतिक तथा आर्थिक नीतिको अभावमा देखा परेको न्यून आर्थिक वृद्धिका कारण प्रतिव्यक्ति आय बढ्न नसक्दा नेपाल मानवविकासको सूचीमा तल परेको हो। जनताको औसत आयु, साक्षरता र उनीहरूको आयसूचकलाई आधार मानी मानवविकाससम्बन्धी यूएनडीपीको यस्तो प्रतिवेदन हरेक वर्ष जारी गरिन्छ। अघिल्ला प्रतिवेदनहरूमा नेपाल दक्षिण एसियामा भुटान, पाकिस्तान र बंगलादेशभन्दा माथि हुन्थ्यो, तर पछिल्लो समयमा ती मुलुकले एकपछि अर्को गर्दै नेपाललाई पछार्दै गएका छन्। अघिल्लो वर्ष उक्त सूचकांकमा नेपालले शून्य दशमलव ४ सय ७१ अंक प्राप्त गरेकोमा यो वर्ष शून्य दशमलव ५ सय ९ अंक प्राप्त गरेको छ।

यूएनडीपीको मानव विकास सूचकांकमा नेपालको अवस्था थप खराब हुनुमा सुविधासम्पन्न तथा सुविधाबाट वञ्चित वर्ग, क्षेत्र, जाति र जनजातिबीचको दूरी बढ्दै जानुलाई मुख्य कारण मानिएको छ। पछिल्लो समयमा सीमान्त वर्गका समुदायको उत्थान हुन नसक्नुका पछाडि मुलुकको बिग्रिएको राजनीति बढी जिम्मेवार छ। अहिले पनि हाम्रा राजनैतिक दलहरू जनताले सुम्पिएको संविधान निर्माणको जिम्मेवारी पूरा गर्नुपर्ने आफ्नो दायित्वबाट पन्छेर सरकार बनाउने र भत्काउने खेलमै लिप्त छन्। उनीहरूमा जनताले तिरेको करबाट बढीभन्दा बढी सुविधा लिने प्रवृत्ति देखिएको छ। राजनैतिक दलका नेताहरू सत्ता र सुविधामोहका कारण नेपालको समग्र आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू पार्श्वमा धकेलिएका छन्। यस्तो अवस्था जारी रहेसम्म मानवविकासका कुनै पनि सूचकांकमा नेपालको स्थिति थप ओरालोतर्फ जाने निश्चित छ। तसर्थ नेपाल र नेपालीलाई अहिलेको जटिल आर्थिक तथा राजनैतिक परिस्थितिबाट उकासेर सामाजिक समृद्धितर्फ लैजानुपर्ने न्यूनतम दायित्वप्रति सचेत हुन नेपालका राजनैतिक दल तथा तिनका नेताहरूले समयमै चेत्नुपर्छ, अन्यथा कुनै बेला हामीले पढेको, सुनेको कम्बोडिया, अफगानिस्तान, इथियोपिया, सोमालिया र सुडान आदि मुलुकले बेहोर्नुपरेको जस्तो गृहयुद्ध तथा भोकमरी हामी नेपालीका लागि धेरै टाढा नहुन सक्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## जनभावनाको सम्मान ?

२०४६ सालको जनआन्दोलन, १० वर्षे जनयुद्ध, २०६२-६३ को जनआन्दोलन-२ तथा संघर्षमा सहादतप्राप्त हाम्रा वीर सहिदहरूले सम्मान पाउनुको त के कुरा, उनीहरूका परिवारले एउटा परिचयसमेत नपाएको तथा घाइतेहरू उपचार गर्न नसकेर छट्पटाइरहेको अवस्था छ। नेपालले ऐतिहासिक परिवर्तनको बाटो अवलम्बन गरेको कुरा व्यवहारमा हेर्न बाँकी नै छ। शान्ति, स्वतन्त्रता र मानवअधिकारको प्रत्याभूति होला भन्ने भरोसामा रहेका सबै नेपालीका इच्छा फेरि पनि विगतझैं झिना-मसिना कुरामा अल्झिने हुन् कि भन्ने शंका जीवितै छ।

यहाँ विचारको लडाइँ नभै जुँगाको लडाइँ मात्र भैरहेको छ। देश संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको स्थितिमा अहिले लोकतान्त्रिक मान्यताविपरीत सत्ता, भत्ता, गाडी र बंगला अनि नातावाद, कृपावादको बोलवाला छ। जनताको भ¥याङ चढ्दै जनताकै टाउकोमा टेकेर जनतामाथि पीडा थोपर्ने काम भएको छ। नेताहरू आफ्नो कर्तव्यबाट पन्छिन खोजेका छन्। उनीहरूले जनआन्दोलन तथा ऐतिहासिक संविधानसभा निर्वाचनको भावना बमोजिम काम गर्न सकेका छैनन्।

कुनै पनि आन्दोलन वा निर्वाचनमार्फत् प्राप्त जनताको आदेशको कदर गरी त्यसलाई परिणाममुखी बनाउनु आवश्यक छ। विगतका ऐतिहासिक आन्दोलनका मार्गचित्रहरू राम्रा भएर पनि केवल भाषणमा मात्र सीमित रहे भने केही अभिजात्य वर्गको हितमा मात्र कार्य गर्ने राजनैतिक परिपाटीको विकास भएको पाइयो। अहिले देशमा शान्ति स्थापना तथा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुपर्ने समयमा दलीय गुटबन्दी तथा पदीय स्वार्थका कारण जुन गतिरोध उत्पन्न भएका छन् त्यो राष्ट्र र जनताको हितमा छैनन्।

**–वासुदेव देवकोटा, गोरखा**



## ● चिठीपत्र ●

## भेडाबाख्राको जस्तो बास

वैदेशिक रोजगारीका सिलसिलामा मलेसिया पुगेकामध्ये धेरै नेपालीले त्यहाँ वैध-अवैध रूपमा सेक्युरिटीको काम गर्दै आएका छन्। अरूको जनधनको सुरक्षा गर्ने उनीहरू नै कति सुरक्षित छन् ?

वैदेशिक रोजगारीका लागि मलेसिया पुगेकामध्ये केहीले तोकिएको सुविधा र सर्तअनुसार काम पाएका होलान्, सबैले छैन। मलेसियामा सेक्युरिटीको काम गर्नेहरूमध्ये केहीलाई त्यही काममा लगिएको होला भने थुप्रै नेपालीले सम्झौताअनुसार सेवा, सुविधा र सर्त पालना नभएको भनेर अन्यत्र भाग्ने क्रममा पनि सेक्युरिटीको काम पाएका छन्। त्यहाँ अरू कामभन्दा सेक्युरिटीको काम पाउन सजिलो छ।

मलेसियामा सेक्युरिटीको काम गर्नेहरूसमेत थोरै सुविधामा चर्को काम गर्न बाध्य छन्। उनीहरूको दैनिकी भेडाबाख्राकै अवस्थामा गुज्रिरहेको छ। नेपालीले त्यहाँ बस्ने होस्टलको अभावमा यस्तो समस्या भोग्नुपरेको हो। यस विषयमा न त कामदार पठाउने म्यानपावर कम्पनीले उनीहरूको गुनासो सुनिदिन्छ, न त कामदार झिकाउन मध्यस्तकर्ताको भूमिका खेल्ने त्यहाँका एजेन्टहरूले नै यो विषयमा ध्यान दिने गरेका छन्।

सेक्युरिटीको काम गर्दै आएका कम्तीमा २ सयभन्दा बढी नेपाली जो नेपाली सेना, नेपाल प्रहरी तथा भारतीय प्रहरी एवं सेनाबाट अवकाश प्राप्त जीवन वा बीचमै जागिर छाडेर दलालको प्रलोभनमा परेर मलेसिया पुगेकाहरू छन्, उनीहरूले अहिले त्यहाँ भोगेको समस्या जतिसुकै चर्को भए पनि उद्धारका लागि कहीं-कतैबाट पहल भएको छैन। समस्यामा परेकाहरूका अनुसार त्यहाँ एउटै कोठामा ४२ जनासम्मलाई बस्न बाध्य पारिएको छ।

यसै त दिनभरिको ड्युटीका क्रममा उनीहरूको शरीरबाट नराम्रो गन्ध आइरहेको हुन्छ भने कोठा छिरेपछि बाहिर देखिएको जुत्ताको थुप्रोबाट समेत कस्ता-कस्ता रोग उत्पन्न होला र त्यसको संक्रमणमा उनीहरू पर्नुपर्ला भन्ने चिन्ता आफ्नै ठाउँमा छ। जुत्ताबाट आउने यस्तो गन्धले वाकवाकी लाग्ने, कमजोर तुल्याउने मात्र नभएर एलर्जी, दाद, लुतो, विभिन्न घाउ-खटिराका साथसाथै टाइफाइड, औलोजस्ता घातक रोगसमेत निम्त्याउँछ।

एकातिर कठोर परिश्रम, अर्कातिर निकै कम पारिश्रमिकमा काम गर्नुपर्दाको पीडा छँदैछ। मलेसियामा सेक्युरिटीमा राम्रो पारिश्रमिक भए पनि नेपालबाट जानेहरूले पाउने रकमले खाने, लगाउने र अन्य आवश्यक वस्तु खरिद गर्दा हातमा लाग्यो शून्यको अवस्था हुने पीडितहरूको गुनासो छ।

**–मधु लम्साल**

## ● तीतो सत्य ●

● सक्छौं भने अरूभन्दा बुद्धिमान् होऊ तर यो कुरा अरूलाई नबताऊ।

● मैले भेट्ने हरेक मानिस मभन्दा ठूला छन्, म उनीहरूबाट केही न केही सिकिरहन्छु।

**झवीन्द्र खनाल, दाङ**

● हाँस्दैमा राम्रो मानिँदैन, बोल्दैमा सभ्य भइँदैन, आचरण, व्यवहार र स्वभावबाट मानिसको पहिचान हुन्छ।

● प्रगति त्यसकै रोकिन्छ जो अरूको भलो चाहँदैन, अरूको उन्नति देख्न सक्दैन र जो अरूको खुसीमा साथ दिन जान्दैन।

● नदीमा पानी, आगोमा ताप, चिनीमा गुलियोपन र मानिसमा विवेक छैन भने निरर्थक नै सावित हुन्छ।

**उदीर्ण केसी, काभ्रे**

● मित्रता दिदी-बहिनीको जस्तो निःस्वार्थ भावना, आमाको जस्तो ममता र बाबुको जस्तो प्रेरक गुण हुनुपर्छ।

● असल व्यक्तिले कसैको अपमान गर्दैन र सहेर पनि बस्दैन।

● आफ्नो प्रगति चाहने हो भने शत्रुहरू सधैं बाँचिरहनुपर्छ।

**सुवास किराँत राई, ओखलढुंगा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## ● सहर चर्चा ●

# हामी तीन दाजु-बहिनी



न कुनै प्रशिक्षण, न त कसैको निर्देशन र सहयोग नै, तर उनीहरू रात-दिन चेतना फैलाउन सक्रिय छन्। त्यो पनि आफ्नै शब्द र अभिनयको नाटकद्वारा। कास्कीको पुरन्चौर, ठाँटीका एकाघरका एक दाजु र दुई बहिनी यतिबेला गाउँबस्तीमा एचआईभी एड्स, बालश्रम, विधवा जीवन तथा समाजका अन्य विकृतिविरुद्ध चेतना फैलाउँदैछन्। टंकप्रसाद, शोभा र नीरा तिवारी स्वतःस्फूर्त रूपमा यस्तो अभियानमा लागेका हुन्। २०६३ सालको हरितालिका तीजका दिन शोभा र नीराले गाउँमै 'विधवा जीवन' नामक एक गीतिनाटक देखाए। सहभागीले निकै राम्रो भनेपछि उनीहरू फुरुङ्ग परे। दुई बहिनीमा हौसला जाग्यो र त्यहींबाट सुरु भयो उनीहरूको कला जीवन। बहिनीहरूको प्रेरणाले दाजु टंकप्रसाद पनि डेढ वर्षदेखि यो अभियानमा सक्रिय छन्। यी तीनै दाजु-बहिनी कास्कीका विभिन्न गाउँ तथा पोखरा बजारमा हुने सार्वजनिक कार्यक्रममा नाटक प्रदर्शन गर्दै आएका छन्। नाटकका लागि ड्रेसलगायत आवश्यक अन्य खर्च आफैंले बेहोर्दै आएका छन्। 'केही गर्छौं भनेर हिंडेपछि कसैको सहयोग पनि नचाहिने रहेछ,' टंकले भने- 'समाजका लागि केही गरे जस्तो लागेको छ।'

## ● मोडल वाच ●

# स्मिताको मोडलिङ रहर



चाबहिल, काठमाडौंकी स्थायी बासिन्दा स्मिता शाही नेपाली मोडलिङमा नयाँ नाम हो। गत वर्ष मुभी हाउसले आयोजना गरेको मिस टिन प्रतियोगितामा भाग लिएपछि उनको मोडलिङ यात्रा प्रारम्भ भएको हो। मिस टिन प्रतियोगितामा सहभागी भएपछि पाएको प्रशिक्षणले मोडलिङ क्षेत्रमा अघि बढ्न सहयोग पुगेको धारणा व्यक्त गर्ने स्मिता भर्खरै सम्पन्न 'मिक्स मेनिया' शीर्षकको फेसन शोमा सर्वोत्कृष्ट मोडल छनौट भएकी छिन्। १४ जना मोडललाई पछि पार्दै चलचित्र अभिनेता भुवन केसीको हातबाट पुरस्कार ग्रहण गरेपछि उनको उत्साह बढेको छ। 'मोडलिङ मेरो सौख हो,' शाही भन्छिन्– 'तर मेरो लक्ष्यचाहिं एयर होस्टेज बन्नु हो।' फुर्सदको सदुपयोग गर्न मोडलिङलाई रोजेकी हुन्। आइडल कलेजमा कक्षा १२ मा अध्ययनरत स्मिता भन्छिन्– 'प्लस टुको पढाइ सकिएपछि मात्र मोडलिङमा सक्रिय भएर लाग्ने उनको योजना छ।' बजारमा आउन लागेको एउटा मोबाइलको विज्ञापनमा मोडलिङ गरेकी ५ फिट ४ इन्च अग्ली स्मिता म्युजिक भिडियोमा अभिनय गर्न तयार छिन्। 'मिस नेपालमा पनि भाग लिने रहर छ, स्मिता भन्छिन्– 'त्योभन्दा अघि १२ कक्षाको पढाइ पूरा गर्नु छ।'

## ● मुखाले ●

संकल्प प्रस्तावको कुनै महत्त्व छैन।
**राजेन्द्र श्रेष्ठ**

नेपालले मागेको जस्तोसुकै सहयोग गर्न भारत तयार छ।
**सुजाता कोइराला**

सक्छन् भने झलनाथले माधव हटाऊन्।
**लक्ष्मण घिमिरे**

हलो अड्काएर गोरु चुट्ने काम भैरहेको छ।
**दिनानाथ शर्मा**

प्रधान सेनापति प्रकरणको कारण माओवादी स्वयं हो, माओवादीले आत्मसमीक्षा गर्नुपर्छ।
**शंकर पोखरेल**

संसद् माओवादीको प्रयोग स्थल होइन।
**वाचस्पति देवकोटा**

सरकारले प्लस टुमा जाने विद्यार्थीको दायित्व लिएन।
**डा.भीमराज अधिकारी**

विद्यार्थीको पक्षमा निर्णय गरेर सरकारले शिक्षामा पहुँच नभएकाहरूका लागि बाटो खोलेको छ।
**लेखनाथ न्यौपाने**

पञ्चेश्वर परियोजना नेपालको हितमा छ।
**माधवकुमार नेपाल**

पञ्चेश्वर परियोजना नेपालको इतिहासमै सबैभन्दा ठूलो राष्ट्रघाती कदम हो।
**सीपी गजुरेल**

पञ्चेश्वरलगायतका महत्त्वपूर्ण योजना अघि बढ्न ढिला हुनु देशका लागि आत्मघाती हुन्छ।
**डा. रामशरण महत**

# यो संसारमा खराब मानिस मात्र छैनन्

समान्यत: धेरै पटक असफल भएको युवक निराश भएपछि लागूऔषध सेवन गर्न थाल्छ। यद्यपि उत्तम सञ्जेलले निराशालाई शक्तिमा रूपान्तरित गरे। स्कुल अध्ययन गर्दागर्दै हिरो हुन मुम्बई हान्निएका काठमाडौंका उत्तम सञ्जेल हिरो त हुन सकेनन्, तर हिन्दी चलचित्रका विभिन्न तहमा काम गर्दै जाँदा 'हम दिल दे चुके सनम' तथा खामोसी द म्युजिकलमा सहायक निर्देशकसम्म बन्न पुगे। उनलाई यतिमै चित्त बुझेन, उनी जी सिनेमाका लागि टेलिश्रृंखला निर्देशनतर्फ लागे। जी सिनेमाले आफ्नो टेलिश्रृंखला प्रसारण नगरेपछि उनी नेपालमै चलचित्र निर्देशनमा जुटे। नेपाली मनोरञ्जन क्षेत्रले पनि साथ नदिएपछि उनी निराश हुनु स्वाभाविक थियो। यही असफलताका बीच १२ जना गरिबका छोरा-छोरी पढाउन थालेका उत्तम अहिले थोरै शुल्कमा धेरै विद्यार्थी अध्ययन गर्ने विद्यालयका प्रिन्सिपल बनेका छन्। काठमाडौंको जोरपाटी, ललितपुरको ग्वार्को, बनेपा, मेलम्ची, हेटौंडा, नारायणघाट तथा नवलपरासीमा गरी १८ हजार विद्यार्थीलाई अध्यापन गराउने समता निकेतनले मासिक १ सय रुपैयाँ मात्र शुल्क लिन्छ।

**नौ वर्षअघि १२ जना विद्यार्थीलाई पढाउन थाल्दा यो विद्यालय यति माथि आउँछ भन्ने लागेको थियो ?**

थिएन, जीवनमा असफल हुँदाको पीडा गम्दै पैदल हिँड्दा मैले धेरै केटाकेटी सडकमा भौंतारिरहेको देखें। यो अवस्थाको कारक शिक्षा भएकाले उनीहरूलाई मैले साथ दिनुपर्छ भन्ने कुरा मनमा आयो। बिना कुनै ठोस योजना सस्तो शुल्कमा स्तरीय शिक्षा दिँदै जाँदा यहाँसम्म आइपुगेको हुँ। जसरी एउटा ज्यामीले काम गर्दै जाँदा उसले कल्पना पनि नगरेको भवन तयार हुन्छ, म त्यस्तै हुँ।

**सानै उमेरमा हिरो हुन मुम्बई जाने चरित्रले ज्यामी मात्र हुने कुरा स्वीकार गर्दैन नि ?**

म फरक क्षेत्रमा नाम कमाउन चाहन्थें। अरूको झैं सामान्य जीवन मलाई स्वीकार थिएन, छैन। म जहाँ चुनौती देख्छु, त्यहीँ अवसर छ भन्ने मान्छु। मेरो यही चरित्रले नै हिन्दी चलचित्रमा ठूला ब्यानरसँग काम गर्न उक्सायो। सफल नभएपछि नेपाली चलचित्रमा विशिष्ट स्थान बनाउँछु भन्ने लाग्यो। जब निर्माताहरू जग्गा बेचेर चलचित्र बनाउँदै सुकुम्बासी भएको देखें, मेरो मन रमाउन सकेन। बरु गरिबका सन्तान पढाइयो भने मनको छटपटी शान्त हुन्छ भनेर यता लागें।

**बढ्दो महँगीमा १ सय रुपैयाँमा स्तरीय शिक्षा दिनु ठूलो चुनौती थियो, ती चुनौतीको सामना कसरी गर्नुभयो ?**

धेरै मानिसबाट सुनिन्छ, संसारमा खराब मानिस छन्। यो नकारात्मक सोच राख्नेहरूले चलाएको हल्ला मात्र हो। संसारमा सकारात्मक मानिसहरूको कुनै कमी छैन। स्वच्छ हृदयले तपाईं राम्रो कामको प्रारम्भ गर्नुहोस्, सुरुमा पीडा हुन्छ, तर लगातारको परिश्रमपछि तपाईंलाई साथ दिने मानिसको लाइन लाग्छ। विद्यालय सञ्चालन गरेको पहिलो वर्ष मलाई यति ऋण लाग्यो कि पैसा माग्न आएकाहरूबाट बच्न मैले घन्टौं ट्वाइलेटमा लुक्नुपरेको थियो। मैले बुबाबाट पाएको अंशलाई चन्दा सम्झेर विद्यालयमा लगानी गरें। विभिन्न व्यक्तिसँग लाखौं ऋण लिएं। पछि मलाई थाहा भयो, राम्रो काम गर्न प्रचार चाहिन्छ। यसका लागि पत्रिकाका कार्यालय गएँ। आफ्ना कुरा राखें। कान्तिपुरलगायतका पत्रिकाले ममाथि विश्वास गरेर लेख लेखिदिए। त्यसपछि मलाई सहयोग गर्नेहरू आउन थालेका हुन्। म सधैं भन्छु, म यहाँ पुग्न ५० प्रतिशत पत्रकार र ५० प्रतिशत दाताको हात छ। म त ज्यामी मात्र हुँ।

**सरकारी विद्यालय नि:शुल्क छ, गरिबका छोराछोरी सरकारी विद्यालय पढ्न छाडेर तपाईंको विद्यालयमा पढ्न आउनुको कारणचाहिँ के हो भन्ने लाग्छ ?**

अंग्रेजीको मोह। सबै अभिभावकलाई छोरा-छोरी अंग्रेजी जानून्, अरूसँग प्रतिस्पर्धा गर्न सकून् भन्ने लाग्छ। सरकारी विद्यालयले अभिभावकको भावना बुझ्न सकेको छैन। अर्को कुरा, हामी यो विद्यालयलाई गरिबका छोराछोरीले पढ्ने मानेर कमजोर शिक्षा दिँदैनौं। स्तरीय शिक्षा हाम्रो लक्ष्य थियो। केही वर्षमै हाम्रो शिक्षाको प्रचार हुन थाल्यो। यसपटक एसएलसी परीक्षा दिएका सबैले विशिष्ट श्रेणी ल्याएपछि हामीले दिएको स्तरप्रति सन्तुष्ट भएका छौं। स्तरीय शिक्षाकै कारण अहिले उच्च र मध्यम वर्गका विद्यार्थीको चाप पनि बढ्न थालेको छ।

**विद्यालयको लक्ष्य के हो ?**

सन्तानलाई नर्सरीमा महिनाको १ सय रुपैयाँ तिरेर भर्ना गर्नुहोस्। १८ वर्षपछि १ सय रुपैयाँ तिरेर बीबीएसको सर्टिफिकेटसहित योग्य सन्तान प्राप्त गर्नुहोस्। एउटा नर्सरीमा भर्ना भएको विद्यार्थीलाई १८ वर्ष अध्यापन गराएर स्नातक बनाउन हामी जम्मा २१ हजार ६ सय शुल्क लिन्छौं।

बाँकी पृष्ठ ६ मा



उत्तम सञ्जेल, संस्थापक, समता निकेतन विद्यालय




## भव्यताका साथ सम्पन्न भयो

# इक्यान शैक्षिक मेला

**शिव मुखिया**

काठमाडौं– एब्रोड स्टडीको तयारी गरिरहेका विद्यार्थीलाई सर्वसुलभ ढंगले एउटै छानामुनि सम्पूर्ण परामर्श उपलब्ध गराउने लक्ष्यका साथ आयोजित इक्यान शैक्षिक मेलाको तेस्रो संस्करण आइतवार सम्पन्न भयो। नेपाल शैक्षिक परामर्श व्यावसायी संघ (इक्यान)को आयोजनामा भएको उक्त मेला राजधानीको भृकुटीमण्डपमा चार दिनसम्म चलेको थियो। द काठमाडौं पोस्ट प्रेजेन्स थर्ड इक्यान एजुकेसन फेयर-२००९ लाई अनुमान गरेभन्दा बढी विद्यार्थी, शिक्षक, अभिभावकले अवलोकन गरेका थिए। 'मेलामा १ लाख अवलोकनकर्ताको अपेक्षा राखेका थियौं,' आयोजक इक्यानका अध्यक्ष उत्तम पन्तले भने- 'तर, सोचेभन्दा बढी आएकाले अन्तिम दिन नि:शुल्क प्रवेश गरायौं।'

इक्यानअन्तर्गतका कन्सल्टेन्सी, विदेशी कलेज तथा विश्वविद्यालय र कूटनीतिक नियोगसहितको सहभागिता रहेको मेलाबाट आगन्तुकले अब्रोड स्टडीसम्बन्धी जिज्ञासा मेट्ने मौका पाएका थिए। १५ प्याभिलियनसहित कुल १ सय ४० स्टलबाट विभिन्न कलेज एवं विश्वविद्यालय र त्यहाँ पढाइ हुने विषय, लाग्ने खर्च, जाने प्रक्रिया आदिका विषयमा जानकारी लिने विद्यार्थीको घुइँचो थामिनसक्नुको थियो।

प्रतिव्याक्ति १५ रुपैयाँको टिकट काटेर मेला प्रवेश गर्न पालो पर्खनेहरूको निकै लामो लाइन थियो। 'भीड छिचोल्नै गाह्रो छ,' भीडका कारण बल्लतल्ल मेलामा प्रवेश गरेका केशव भुषालले भने- 'अब्रोड स्टडीमा क्रेज छ भन्ने कुरा बाहिरको लाइनबाटै बुझिन्छ।' त्रिचन्द्र कलेजबाट बीएस्सी सिध्याएका भुसाल वैदेशिक शिक्षाका सम्बन्धमा जतिसक्दो धेरै जानकारी लिने ध्याउन्नमा मेला प्रवेश गरेका थिए।

'जानकारी दिन भ्याई-नभ्याइ छ,' द नेक्स्ट एजुकेसन कन्सल्टेन्सीका प्रबन्ध निर्देशक सालिकराम भण्डारीले भने- 'छात्रवृत्तिको प्रक्रियाका सम्बन्धमा धेरै जना जिज्ञासु देखिए।' उनी युएसएस्थित अपरा आइवा युनिभर्सिटीले उपलब्ध गराउने विभिन्न छात्रवृत्तिबारे परामर्श दिने हतारमा थिइन्। 'विद्यार्थीको शैक्षिक क्षमताका आधारमा ७५ प्रतिशतसम्मको छात्रवृत्तिको व्यवस्था छ,' उनले भनिन्- 'यो छात्रवृत्ति व्याचलर तहका लागि हो।'

धेरै कलेज अनि धेरै विषय छनौटको अवसर पाएर विद्यार्थीहरू हरेकजसो स्टल चहारिरहेका भेटिन्थे। अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानाडा, न्युजिल्यान्ड, साइप्रस, डेनमार्क, नर्वे, सिंगापुर, स्वीट्जरल्यान्ड, जर्मन, जापान आदि मुलुकलाई आफ्नो शैक्षिक गन्तव्य बनाउने सोच लिएर मेलामा आएका विद्यार्थीहरूले त्यहाँ भरपर्दो परामर्श पाएका थिए। 'एब्रोड स्टडीका सम्बन्धमा थुप्रै कुरा जान्न पाइयो,' शंकरदेव कलेजका लाक्पा सेर्पाले भने- 'अब, जानकारीका लागि विभिन्न कन्सल्टेन्सी धाउनुपर्ने बाध्यता रहेन।'

मेलामा विभिन्न नयाँ विषयप्रति विद्यार्थीले बढी रुचि देखाएका थिए। पाइलट अध्ययनसम्बन्धी परामर्श दिइरहेका रूपक गौतमले भने- 'अहिले विद्यार्थीले आफ्नो करियर निर्माणका लागि नयाँ क्षेत्र रोज्न थालेका छन्।' उनी पाइलट अध्ययनका लागि चाहिने योग्यता, लागत खर्च, जानुपर्ने देश, भिसा प्रक्रिया र भविष्यको सम्भावना आदिका सम्बन्धमा बताइरहेका थिए। 'साइन्सअन्तर्गत फिजिक्स या म्याथमेटिक्समा प्लस टु गरेकाले पाइलटसम्बन्धी अध्ययन गर्न सक्छन्,' उनी भन्दै थिए- 'खास कुरा अभिभावकको आर्थिक क्षमता र विद्यार्थीको अभिरुचि नै हो।' पाइलट अध्ययनका लागि २८ देखि ३० लाख रुपैयाँसम्म खर्च गर्नुपर्ने उनको भनाइ थियो। 'यो सैद्धान्तिक-भन्दा पनि प्रयोगमा आधारित विषय हो' उनले भने- '२ सय घण्टा सोलो उडान गरेपछि विद्यार्थीले पाइलटको प्रमाणपत्र पाउँछ।'

वैदेशिक शिक्षासँगै सपरिवार विदेशमै बस्ने चाहना पनि धेरैमा मौलाउँदै गएको छ। यस्तै चाहना राख्नेहरूका लागि हव इन्टरनेसनल एजुकेशनले परामर्श दिइरहेको थियो। 'इमिग्रेसनअन्तर्गत क्यानाडा बसोबास गर्न चाहनेहरूलाई जानकारी दिइरहेका छौं,' हबका प्रशान्त खनालले भने- 'निश्चित मापदण्ड पूरा गरेपछि इमिग्रेसनको सम्भावना हुन्छ।' इमिग्रेसनका लागि कुल १ सय प्वाइन्टमध्ये ६७ प्वाइन्टदेखि माथि हासिल गर्नुपर्ने प्रावधान रहेको उनले बताए। यसमा उसको शैक्षिक योग्यता, उमेर, कामको अनुभव, अंग्रेजी भाषा, फ्रेन्च भाषा, डिपेन्डेटको शैक्षिक योग्यता आदिका आधारमा निश्चित प्वाइन्ट प्राप्त हुन्छ। यसरी प्राप्त प्वाइन्ट ६७ भन्दा माथि भए इमिग्रेसनको सम्भावना बढी हुने खनालले बताए।

मेलामा छिमेकी चीन, भारत, बंगलादेश आदि शैक्षिक दक्षता हासिल गर्न चाहने विद्यार्थीहरूको पनि घुइँचो थियो। कम खर्चमै उत्कृष्ट शैक्षिक दक्षता हासिल गर्ने मोहले पनि धेरै विद्यार्थीको ध्यान छिमेकी मुलुकतर्फ खिचिएको थियो। नागर्जुना कलेज अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीको स्टलअगाडि थुप्रै विद्यार्थीको भीड थियो। भारतको बैंगलोरस्थित यो कलेजबाट पढाइ हुने विषय तथा लाग्ने खर्चबारेमा जानकारी लिन उनीहरू स्टलअगाडि झुम्मिएका थिए। 'अध्ययनका लागि धेरैले भारत पनि रोज्न थालेका छन्,' स्टलका आयुश रिमालले भने- 'खासगरी इन्जिनियरिङ गर्ने विद्यार्थीहरू भारत ताक्न थालेका छन्।' उक्त कलेजबाट सिभिल इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ, कम्प्युटर इलेक्ट्रोनिक्स आदि विषयमा चारवर्षे व्याचलर कोर्स गर्न सकिने रिमालले बताए। 'यो विषय अध्ययन गर्दा लगभग ८ लाख भारतीय रुपैयाँ खर्च हुन्छ।'

प्राय: वैदेशिक रोजगारीका लागि मात्र गन्तव्य बन्दै आएको मलेसियालाई पनि शैक्षिक गन्तव्य बनाउने क्रम सुरु भएको बबिता श्रेष्ठले बताइन्। युरोप तथा अमेरिकाको तुलनामा तीन गुणा सस्तो भएकाले पनि मलेसिया नेपाली विद्यार्थीका लागि उपयुक्त हुने उनको तर्क थियो। 'कम खर्चमै राम्रो शिक्षा लिन मलेसिया राम्रो गन्तव्य हो,' बबिताले भनिन्- 'भाषा अंग्रेजी नै भए पनि आईईएलटीएस र टोफेल गर्नु पर्दैन, साथै बसाइ खर्च पनि ज्यादै कम छ।' मलेसियामा होटल म्यानेजमेन्ट, आईटी, अटो मोटिफ टेक्नोलोजी, अटो मोबाइलजस्ता विषय अध्ययन गर्न ३ लाखसम्म मात्र खर्च हुने उनले बताइन्।


The Pioneer Air Hostess Training Institute in Nepal
Congratulation to our successful students




ADMISSION OPEN
for
Air Hostess & Flight Steward
AIR HOSTESS TRAINING INSTITUTE Pvt. Ltd.
NECO Complex-4th Floor,(Opp. BICC, Main Gate)
New Baneshwor, Kathmandu, Nepal
Ph# 478 3564, 204 2030 E-mail: ahti@wlink.com.np
www.airhostessnepal.com.np

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँग
Tel :- 4249576

केयर गिभर कुक र होटल तालिम
कुक, केयर गिभर, हिब्रु भषा, बेकरी, वेटर, रूममेड, सेल्स ब्वाई/गर्ल्स
अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था
५ तारे होटलमा ट्रेनिङको व्यवस्था
SLC दिएका विद्यार्थीहरुलाई विशेष छुट
KIHM
कुपण्डोल, थापाथली पुलनजिक, ललितपुर
Tel: 5523648, 2111340, 2111404

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग धापोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्यास्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने
No Side effect 100% Guaranteed
केश
Before After
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Herbal44 Rs. 750/- → [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

९ बर्षदेखि तपाईंको सेवामा
होटल तालिम
दशैंको लागि मासुको परिकार बनाउने १ हप्ते तालिम
कुक, वेटर, जापनीज भाषा
कफी मेकर, बारमेन मा भर्ना खुल्यो
★अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाइने
★थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
अपर्झट विदेश जानुपरेमा स्पेशल तालिम
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, रेडन कलेज सँगै 4352846

सौन्दर्यका सामान
○ Height बढाउने (Yoko Japanese) 1050/-
○ मोटोपन घटाउने (Sauna Belt)
○ अनुहार गोरो बनाउने (Roop Amrit)
○ स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
○ डण्डीफोर, चाया पोतो हटाउने (Cream)
○ धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
○ कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
○ एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

उद्घोषण तालिम
पूर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
रेडियो कर्मीद्वारा संचालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रुपेश श्रेष्ठ · मृदुला खनाल · मुनाल शिशिर
राज श्रेष्ठ · दिपक समिर · सन्तोष खनाल
केशबजङ्ग पाण्डे · नबिन लुँइटेल · अमित अधिकारी
RJ/ VJ/ MC
रु.१०००/- छुट सहित
BIKALPA THE OPTION फोन: ०१-२२९०१६८
बगबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछाडिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, शंखमुल मार्ग
2040782, 016200757, 98510-93629
रयाडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629







# ह्याप्पी तीज

**साप्ताहिक समाचार**

काठमाडौं– प्रत्येक साता एउटा हास्यश्रृंखलामार्फत दर्शकलाई हसाउँदै आएकी हास्यकलाकार दीपाश्री निरौलाले क्याटवाक गरिन् भने कस्तो देखिएला ? 'पोइल जान पाम' भन्दै तीजका गीत गाएर लोकप्रिय भएकी गायिका कोमल वली रातो सारी लगाएर र्‍याम्पमा प्रस्तुत भइन् भने दर्शकले कस्तो प्रतिक्रिया जनाउलान् ?

गत शनिबार राजधानीमा आयोजित 'तीजको रमझम' शीर्षकको कार्यक्रममा दीपाश्री निरौला तथा कोमल वली मात्र होइन, यसअघि कहिल्यै र्‍याम्पमा नदेखिएका कलाकार पनि क्याटवाक गरिरहेको देखियो । पूर्व मिस नेपाल उषा खड्गीको संस्था संकल्प नेपालले तीजको अवसरमा आयोजना गरेको उक्त रंगीन कार्यक्रममा गायिका मौसमी गुरुङ, नायिका ऋचा घिमिरे, नन्दिता केसी, नलिना चित्रकार तथा पूर्व मिस नेपाल सुगरिका केसीले आकर्षक क्याटवाकसहित पालैपालो तीजका पहिरन प्रस्तुत गरेका थिए । सुगरिका तथा ऋचाबाहेक बाँकी सबै सुन्दरीको यो पहिलो क्याटवाक अनुभव थियो । कुपन्डोलको एउटा बुटिककी डिजाइनर सबिना श्रेष्ठले तीजकै लागि तयार पारिएका पहिरनहरूको एक सिक्वेन्समा लेहेंगा, कुर्ता-सलवार तथा सारी प्रदर्शन गरियो । नयाँ बानेश्वरस्थित अनमोल ब्याङ्केटमा आयोजित उक्त कार्यक्रममा कोमल वली, सुनिता दुलाल, मौसमी गुरुङ तथा नलिना चित्रकारले तीजका गीत गाएर उपस्थित महिलाहरूलाई तीन घण्टासम्म नचाएका थिए । कार्यक्रममा समाजमा विशेष योगदान पुऱ्याउने तीन जना महिला समाजसेवी अम्बिका श्रेष्ठ, सौन्दर्यविज्ञ कमला श्रेष्ठ तथा तबलावादक सरिता मिश्रलाई 'संकल्प सम्मान २०६६' द्वारा सम्मानित गरिएको थियो । नगद ५ हजारसहितको उक्त सम्मान पूर्व मिस नेपाल खड्गीले हस्तान्तरण गरेकी थिइन् । कार्यक्रमबाट संकलन भएको रकमबाट गायिका स्व. तारादेवीको जीवनी प्रकाशित गरिने आयोजकहरूका तर्फबाट जी.पी. तिमिल्सिनाले बताएका छन् ।

'तीजको रमझम' सहित पछिल्लो दुई सातादेखि राजधानी लगायत देशका प्रमुख सहरमा तीजविशेष कार्यक्रमहरू भैरहेका छन् । रातो सारीमा सजिएर मीठा परिकारसहित दर खाँदै नाचगान गर्नु तीजविशेष कार्यक्रमका प्रमुख आकर्षण हुन् ।

गत शनिबार नै कालिमाटीको एफटेन पार्टी भेन्यूमा भने तीजविशेष नृत्य प्रतियोगिता नै सञ्चालन भयो । आगामी साता राजधानीमा आयोजना हुन लागेको 'लिटिल नेवा २००९' का ४८ जना प्रतिस्पर्धी, उनीहरूका आमा तथा अन्य आगन्तुकलाई डिजे सुरले विभिन्न गीत-संगीत बजाएर नृत्य प्रतियोगिता सञ्चालन गरेका थिए । नेप्लिज फेसन होमले आयोजना गरेको तीज मेलामा मेहन्दी लगाउनेहरूबीच प्रतिस्पर्धा सञ्चालन गरिएको थियो । त्यसपछि शनिबार बिहानै लिटिल नेवाका सबै प्रतिस्पर्धी बालिकालाई पशुपतिनाथ क्षेत्रमा आयोजित लाख बत्ती बाल्ने कार्यक्रममा 'कुमारी पूजा' गरिएको थियो ।

तीजकै उपलक्ष्यमा गत मंगलबार नयाँ बानेश्वरस्थित अनमोल क्याटरिङमा पनि नाचगान तथा दरखाने कार्यक्रम आयोजित गरियो । कार्यक्रममा सहभागी ५ सयभन्दा बढी महिलालाई गायिकाद्वय कोमल वली तथा सुनिता दुलालले विभिन्न गीत गाएर नचाएका थिए । तीजकै अवसर पारेर इनर ह्वील अफ रोटरी क्लब, डिल्लीबजारले रूसी सांस्कृतिक केन्द्रमा आयोजना गरेको तीजविशेष कार्यक्रममा भने तीजका गीत बजेनन् । कार्यक्रममा तीजका लोक-भाकाका गीतको साटो हिन्दी तथा नेपाली रिमिक्स गीतमा नृत्य प्रस्तुत गरिएको थियो । यसैगरी पुरानो बानेश्वर, भीमसेनगोलास्थित मातृशक्ति ऋण बचत सहकारी संस्थाले नलिना चित्रकार तथा उषा पौडेल आदिको उपस्थितिमा भव्य रूपमा तीज कार्यक्रम सम्पन्न गऱ्यो भने काठमाडौंमा बसोबास गर्ने मोरङेलीहरूको संस्था मोरङ समाजले पनि तीजको दर खाने कार्यक्रम आयोजित गऱ्यो ।

यसअघि अघिल्लो साता सौन्दर्य कला व्यवसायी संघले त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा आयोजना गरेको तीजको मनोरञ्जनात्मक कार्यक्रममा पनि गीत, नृत्यका साथै फेसन सो पनि प्रस्तुत गरियो । कार्यक्रममा अरुणिमा लम्साल तथा उनकी आमा भावु लम्सालको नृत्यले दर्शकको मन जितेको थियो । कोमल वली, नलिना चित्रकार आदि गायिकाको समेत सहभागिता रहेको कार्यक्रममा सहभागी महिलाहरूले करिब तीन घण्टा नृत्य गरेका थिए ।

# छोप्यो तीजले

'मञ्चमा आउँदैछिन् डा. सुम्निमा सिंह' । २०५६ सालको प्रवेशिका परीक्षामा बोर्ड फस्ट गरेकी सुम्निमाको नाम अगाडि डाक्टर जोडेर उद्घोषिकाले मञ्चमा निम्त्याएपछि धेरैमा कौतूहलता जागेको थियो, के उनी आफ्नो शैक्षिक प्रगतिका सम्बन्धमा केही बताउन आउँदैछिन् ? तीजका सन्दर्भमा यो अमिल्दो अनुमान पनि मेल खाएन । सबैको कौतूहलता मेट्दै उनी मञ्चमा छाइन् एउटी नृत्यांगना बनेर । पल्लवी सिंहसहित उनले वज्रयोगिनी नृत्य गरेर दर्शकलाई लट्ठ बनाइन् । प्रसंग हो गत शनिबारको । राष्ट्रिय सभागृहमा रातो पहिरनमा सजिएका थुप्रै महिलाको भीड थियो ।

हिन्दू महिलाहरूको चाड तीजलाई अलि फरक ढंगले मनाउन उनीहरू त्यहाँ भेला भएका थिए । औपचारिक ढंगबाट सुरु भएको कार्यक्रमको लक्ष्य थियो- पशुपतिस्थित मगंला गौरी वाटिका निर्माण गर्ने । 'कार्यक्रममा आगन्तुकबाट संकलित रकमले वाटिका निर्माण गर्ने,' सांगीतिक वातावरणले छोपिरहेकै बेला आयोजक संस्थाकी राजकुमारी शाह भन्दै थिइन्- 'यसअघि पनि हामीले यस्ता वाटिका निर्माण गर्ने काम गर्दै आएका छौं ।'

रातो पहिरनमा आएका महिलाहरूले सभाहल पूरै ढाकेको थियो । मञ्चमा तीजको भाका गुञ्जिरहँदा अधबैंशे महिलाहरू नृत्य गर्न तम्सिए । उनीहरूले 'तीजको लहर आयो वरिलै' गीतमा नृत्य गरे । नाच्न आएका आधा दर्जन महिलाहरू इन्जिनियरका श्रीमतिहरू रहेछन् । 'तीज महोत्सव तथा सांगीतिक कार्यक्रम' नाम दिइएको यो कार्यक्रम आयोजना नेपाल इन्जिनियर्स श्रीमति संघले गरेको हो ।

हरितालिका तीज नजिकिँदै जाँदा राजधानीका विभिन्न स्थानमा महिला संघ-संस्थाहरूले भिन्न लक्ष्यसहित कार्यक्रम आयोजना गरे । यसै



सिलसिलामा झापा तोपगाछीका महिलाहरूले पनि राजधानीकै नयाँ बानेश्वरमा धूमधामसँग तीज मनाए । मैत्री समाज, तोपगाछी-धरमपुरले आयोजना गरेको कार्यक्रममा तीज मनाउन झन्डै एक दर्जन नायिका र गायिकासमेत उपस्थित थिए । गायिकाहरूले तीजसम्बन्धी विभिन्न गीत गाएका थिए भने नायिकाहरूले संयुक्त रूपमा नृत्य गरेर कार्यक्रममा रौनक थपेका थिए ।

नायिका र गायिकाहरूको उपस्थितीकै कारण दर्शकको संख्या अनुमान गरेभन्दा बढी भएपछि आयोजकलाई कार्यक्रम व्यवस्थापनमा निकै कठिनाइ भएको थियो । केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको साँघुरो हलमा ४ सय भन्दा बढी दर्शकको भीड लागेको थियो । कार्यक्रममा नायिकाहरू झरना थापा, अरुणिमा लम्साल, रेजिना उप्रेती तथा नन्दिता केसीले संयुक्त रूपमा तीजको लहर आयो बरिलै गीतको भाकामा नृत्य गरेका थिए ।

कार्यक्रमको अन्त्यतिर आएकी गायिका कोमल वलीले रौनकपूर्ण वातावरण सेलाउन दिइनन् । 'पोइल जान पाम्' भन्दै मञ्चमा आएकी वलीले दर्शकलाई नचाउनसम्म नचाइन् । यसअघि नै गायिका सिन्धु मल्ले 'चक्कर लाग्यो नि वर्त बसेर', सुनिता दुलालले 'झुम्का लगाइदेऊ' गाएकी थिइन् । कार्यक्रममा माण्डवी त्रिपाठी र लक्ष्मी अधिकारीले पनि गीत प्रस्तुत गरेर वातावरणलाई संगीतमय बनाएका थिए ।

# तीज फेसन शो

पनौती (काभ्रे)– सधैं अरूलाई सिंगारेर चिटिक्क बनाइदिने ब्युटिसियनहरू आफैं सिंगारिएर प्रतियोगितामा सहभागी हुँदा कस्तो भयो होला ? सबैले रातो साडी, रातो ब्लाउज, रातो टीकालगायत विभिन्न गहनाले सुसज्जित भै श्रृंगार गरी कपाललाई विभिन्न आकृतिमा सजावट गरी 'कोभन्दा को राम्री ?' भन्ने भावमा कार्यक्रमस्थल वरिपरि देखिन्थे । उनीहरूको क्याटवाक पनि कुनै दक्ष मोडलको भन्दा कम थिएन ।

बनेपाको अरनिको सभा भवन परिसर चिटिक्क परेर सजिएका ब्युटिसियनहरूले भरिएको थियो । कार्यक्रममा ब्युटिसियनहरूको उत्साहजनक उपस्थिति देखिन्थ्यो । ब्युटिसियनहरूले आकर्षक पहिरन र श्रृंगारसहित आफ्नो कला प्रस्तुत गरेका थिए ।

तीजको अवसर पारेर काठमाडौं ब्युटिपार्लर ट्रेनिङ सेन्टरले पहिलो पटक काभ्रेमा आयोजना गरेको 'तीज फेसन ब्युटी शो' प्रतियोगितमा काभ्रेको बनेपा, धुलिखेल, पनौती र आसपास क्षेत्रका ४४ जना ब्युटिसियनले सहभागिता जनाएका थिए । पहिरन र श्रृंगारले सुसज्जित ब्युटिसियनबीचको प्रतिस्पर्धाको रौनक एकातिर थियो भने अर्कातिर ब्युटिसियनहरूले 'मै ठूली भै'छु रे... आइदेऊ... घुम्ती ओढाइदेऊ.............', 'जरा जरा टच मी, टच मी.........' आदि गीतमा कम्मर मर्काई-मर्काई नृत्य गरेर वातावरणलाई उत्सवमय बनाएका थिए । करिब छ घण्टा चलेको कार्यक्रमले सभा हलभित्रको वातावरण तताउन कुनै कसर बाँकी राखेन ।

ब्युटिसियनहरूको आकर्षक पहिरन, श्रृंगार र प्रस्तुति देखेर निर्णायकहरूलाई पनि दोधारमा पारेजस्तो देखिन्थ्यो । निर्णायकले सोधेका प्रश्नमा सबैले एकसे एक उत्तर दिएका थिए । तीज फेसन ब्युटी शो प्रतियोगितामा जेनी खोजू विजयी भइन् भने फस्ट रनरअप राधिका के.सी. र सेकेन्ड रनरअप उर्मिला लामा घोषित भए ।

**–मनोज बस्नेत**



# फ्रिक्सन ओपन डान्सपार्टी



बुटवल– विरलै डान्सपार्टी हुने भैरहवामा बिहीबार राति बेग्लै खालको डान्सपार्टी सम्पन्न भयो । कृष्ण जन्माष्टमीका अवसरमा 'फ्रिक्सन ओपन डान्सपार्टी' शीर्षकमा आयोजित कार्यक्रममा जमघट पनि अभूतपूर्व नै देखियो । भैरहवाको मैत्रीपथस्थित खुला सडकमा ८ बजे प्रारम्भ भएको पार्टीमा भैरहवादेखि बुटवलसम्मका सयौं युवायुवती संगीतको आनन्दमा रमाए । खचाखच उपस्थित युवायुवतीलाई नवोदित डिजे आशा गुरुङले हिन्दी, नेपाली र अंग्रेजी हिपहप, ट्रान्स, रक र रिमिक्स गीत बजाएर दुई घण्टासम्म उफार्दै नचाए । युवा-युवती त भैहाले, भगवान् कृष्णको पूजा र मन्दिर दर्शन गर्न हिंडेका अधबैंसे महिलाहरूलाई समेत डान्सपार्टीले तानेको थियो । भैरहवामा नियमित डान्सपार्टी नहुने भएकाले डान्सपार्टीप्रति युवापुस्तालाई आकर्षित गर्न कार्यक्रम आयोजित गरिएको र यो सोचेभन्दा सफल भएको आयोजक स्थानीय डिजे गुरुङले साप्ताहिकलाई बताए ।

**–टोपराज शर्मा**

# झरीमा झमझम



इलाम- अविरल भरीको परवाह नगरी इलाम चोकबजार ढाकेका दर्शकको धैर्यता टुटेको थिएन । पटक-पटक बिजुली अवरुद्ध हुँदा पनि हलचल नगरी बसेका दर्शकलाई सांगीतिक रसरंगले चिसो मौसममा पनि न्यानो बनाएको थियो । राष्ट्रिय तथा स्थानीय कलाकारको सशक्त प्रस्तुतिमाझ तातो नृत्यदेखि कर्णप्रीय गीतको स्वाद पाएपछि अबेरसम्म दर्शकले साथ दिए ।

शनिबारको रोमान्टिङ मोड निम्त्याउने प्रसंग भने निकै दुःखदायी थियो । एउटी अबोध बालिका जसलाई अढाई वर्षको उमेरमै क्यान्सर भएकाले तिनकै उपचार सहयोगार्थ कार्यक्रमको आयोजना गरिएको थियो । बालिकाको उपचारमा मन फुकाएर सहयोग गरेका दर्शकले सांगीतिक धमाकाको स्वाद पनि मज्जाले लिए ।

दिनभर परेको भरीमाझ दर्शकले लुथ्रुक्कै भिजेका कलाकारलाई नाचेर र हुटिङ लाएर सहयोग गरे । छाता ओढेर दिनभर बसेका दर्शकले कार्यक्रमको आनन्द लिएका थिए । झापा शान्तिनगर-२ का कोरियाग्राफ तथा नृत्य-निर्देशक ज्ञानु सुब्बाकी अढाई वर्षकी छोरी इक्सा सुब्बाको उपचार सहयोगका लागि कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा पप गायिका प्राश्ना शाक्य, हास्यकलाकार बिल्सनविक्रम राई आदि आकर्षण बनेका थिए । चन्दा दाहाल, विनय राई, अशोक लाखे, भूमिका राई, साजन सुब्बा आदि कलाकारको नृत्यले दर्शकहरूलाई पनि उफार्‍यो ।

**–विप्लव भट्टराई**



# छानिए मिस टिनका प्रतिस्पर्धी

**साप्ताहिक समाचार**

काठमाडौं– सीसीआरसी कलेजमा कक्षा १२ मा अध्ययनरत रोशिका शाही बिहानैदेखि उत्साहित थिइन् । दिउँसो मिस टिन-२००९ को अडिसनमा सहभागी हुनुपर्ने भएकाले उनी तनावमा पनि थिइन् । ताहाचलस्थित ग्रान्ड होटल पुग्दा उनको तनाव झन् बढ्यो । त्यहाँ उनकै उमेरका चार दर्जनभन्दा बढी किशोरी भेला भैसकेका थिए । कोभन्दा को कमको शैलीमा उपस्थित किशोरीहरू मिस टिनको अन्तिम ३७ सहभागीभित्र पर्न आकर्षक पहिरन तथा मेकअपमा सजिएका थिए ।

ग्याप गायक निर्णय श्रेष्ठसहितको निर्णायक समूहले एक-एक गर्दै सबै किशोरीसँग विभिन्न विषयमा प्रश्नोत्तर त गर्‍यो, तर अडिसनमा सहभागी सबै किशोरी उत्तिकै प्रतिभाशाली भएकाले उनीहरूलाई अन्तिम ३७ को नामावली प्रकाशित गर्न समस्या भयो । आयोजक संस्थाकी आकृति गुरुङका अनुसार तिनै प्रतिभाशालीमध्येका उत्कृष्टलाई अन्तिम प्रतिस्पर्धाका लागि छनौट गरिएको छ । मिस टिन-२००९ का लागि छनौट भएका १३ वर्षदेखि १९ वर्ष उमेर समूहका किशोरीहरूलाई 'ब्युटी विथ ब्रेन' नारासहितको प्रतिस्पर्धामा उतारिनेछ । अन्तिम प्रतिस्पर्धा आगामी भदौ २८ गते राष्ट्रिय नाचघरमा हुँदैछ । प्रतिस्पर्धी किशोरीहरूलाई तीन साता लामो ग्रुमिङ सेसनमा सहभागी गराइनेछ ।

विजेतालाई 'मिस टिन-२००९' सहित फस्ट रनरअप, सेकेन्ड रनरअप, मिस ट्यालेन्ट, पर्सनालिटी, डिसिप्लिन, क्रिएटिभ, सोसियल सर्भिस, पपुलर, हेयर, स्माइल तथा मिस क्याटवाक गरी १३ विधामा शीर्षक उपाधि प्रदान गरिनेछ भने विजेतालाई नगद १ लाख, फस्ट रनरअपलाई ५० हजार तथा सेकेन्ड रनरअपलाई नगद २५ हजार प्रदान गरिनेछ ।



# भन्छन्, राम्रो ओठ देख्दा 'किस' गर्न मन लाग्छ, आत्मा साक्षी राखेर भन्नुहोस् त, तपाईंलाई त्यस्तो हुन्छ कि हुँदैन ?

## केवल एक प्रश्न

हा..हा..हा..त्यस्तो त केटीलाई भन्दा केटाहरूलाई बढी हुन्छ होइन र ? केटाहरूले नै गुलाबी ओठ, पीपलपाते ओठ भनेर जिस्काउने गरेका छन्। केटाको सन्दर्भमा त्यस्तो कुनै शब्द छैन। मेरो अनुभवमा हामीलाई त्यस्तो हुँदैन। मलाई त झनै त्यस्तो भएको अनुभव छैन।

**पूजना प्रधान 'स्त्री' (मोडल/नायिका)**

आत्मा साक्षी राखेपछि हुँदै हुन्न भनेर त कसरी भनूँ...हुन्छ, अवश्य हुन्छ। राम्रो ओठ देख्दा कसलाई किस गर्न मन लाग्दैन होला र ? मेरो हकमा भने त्यो ओठ कुनै सुन्दर युवतीको हुनुपर्छ।

**आसिफ शाह (म्युजिक भिडियो निर्देशक)**

लौ, यस्तो प्रश्न सोधेर ट्र्यापमा पार्न खोज्नुभएको ? हा..हा..हा..एकदमै हुन्छ। मन मिल्ने साथी भयो भने मन लागिहाल्छ तर ब्वाइफ्रेन्डसँग मात्र हो, अरूसँग होइन नि।

**उमा बेबी (नायिका)**

हुँदैन, ओठ देख्दैमा किस गर्न कहाँ मन लाग्छ र ? विपरीत लिंगीप्रति आकर्षण हुनसक्छ तर ओठ मात्र देख्दा त्यस्तो हुँदैन। रेस्टुराँभित्र सजाएर राखिएको चिकेन तन्दुरी सिसै फोरेर खान मन लाग्छ र ? बरु भित्रै गएर चट्ट अर्डर गरेर पैसा तिरेर त्यसमा आफ्नो अधिकार जमाएर खाइन्छ नि। कुरा बुझ्नुभयो नि ?

**आयुष रिजाल (नायक)**

हुन्छ नि, किन नहुनु ? ...बरु भन्नुस् न त्यस्तो राम्रो ओठ कहाँ पाइन्छ ? पाए त कामधाम छाडेर फ्रेस हुनलाई पनि खाइदिन्छु।

**बिजु बज्र (संगीतकार)**

## जम्का भेट

केही वर्षअघि साप्ताहिकको मध्यपृष्ठमा आकर्षक तस्बिर तथा अन्तर्वार्ता प्रकाशित हुँदा नन्दिता केसीले एउटा पनि चलचित्रमा अभिनय गरेकी थिइनन्। यसपटक साप्ताहिक संवाददातासँग जम्काभेट हुँदा उनले झन्डै २५ वटा चलचित्रमा नायिकाका रूपमा अभिनय गरिसकेको बताइन्। नायिका केसीसँग साप्ताहिकको जम्काभेट प्रदर्शनको तयारीमा रहेको चलचित्र 'द युगदेखि युगसम्म' मा उनले दिएको चुम्बन दृश्यमा केन्द्रित रह्यो।



**टेलिभिजनबाट प्रसारण भैरहेको 'द युगदेखि...' चलचित्रको प्रोमो चर्चामा छ नि ?**

मैले पनि त्यस्तै सुनेकी छु। अन्य चलचित्रका प्रोमो पनि प्रसारण भैरहेका छन्, तर 'द युगदेखि युगसम्म' को प्रोमोको चाहिँ विशेष चर्चा-परिचर्चा भैरहेको छ।

**त्यस्तो चर्चा किन भएको होला ?**

मलाई पनि अचम्म लागिरहेको छ। चलचित्रको एउटा दृश्यमा राजेश हमाल र मेरो चुम्बन दृश्य प्रोमोमा प्रसारण भएकाले चर्चा भएको होला। दर्शकहरूले त्यसलाई 'टङ किस' नै सोचिरहनुभएको छ, वास्तवमा त्यो 'लिप किस' मात्र हो।

**दशककै सुपरस्टार राजेश हमालसँग चुम्बन दृश्य दिनु संजोग मात्र हो कि योजना नै ?**

हा हा हा...। रमाइलो प्रश्न सोध्नुभयो तर यो प्रश्नको जवाफ चलचित्रका निर्देशकले मात्र दिन सक्छन्। कलाकार भएपछि निर्देशकले सिकाएअनुसारको दृश्य दिनु हाम्रो कर्तव्य हो।

**चलचित्रका लागि राजेश हमाल र तपाईं दुवैको पहिलो चुम्बन दृश्य नै त्यही हो भनिन्छ नि ?**

त्यो त हो। मैले अहिलेसम्म कुनै पनि नायकसँग चलचित्रको पर्दामा चुम्बन दृश्य दिएकी थिइन्। उहाँले पनि कुनै पनि नायिकासँग चुम्बन दृश्य गर्नुभएको रहेनछ। चलचित्रको एउटा दृश्यमा उहाँ र म छुट्टिन लाग्दाको दृश्य थियो त्यो।

**क्यामेराको सामु पहिलो पटक नायकलाई चुम्बन गर्दा असजिलो महसुस भएन ?**

भयो नि □ त्यो दृश्य छायांकन हुने दिन म बिहानैदेखि नर्भस थिएँ। प्रायः सुटिङस्पटमा कलाकारसँग कमै कुराकानी गर्ने राजेश दाइले त्यो दृश्य छायांकनका क्रममा नर्भस नहुन र नआत्तिन सल्लाह दिनुभएको थियो। पहिलो टेकमा दृश्य ओके नभएपछि त लाजले रातो-पिरो भएकी थिएँ।

**चुम्बनको दृश्यले तपाईंको करियरलाई फाइदा होला कि घाटा ?**

दुवै हुनसक्छ। एउटा चलचित्रमा चुम्बन दृश्य दिएपछि अन्य निर्देशकले त्यस्तै दृश्य आफ्ना चलचित्रमा राख्न चाहे भने समस्या हुनसक्छ। चलचित्रको कथा र सिचुएसनअनुसार मात्र त्यस्ता दृश्यमा काम गर्न सकिन्छ।

– कृष्ण



# चुम्बन बखेडा

**चलचित्रमा चुम्बन**

| | |
|---|---|
| मनकामना | शिव श्रेष्ठ/करिश्मा मानन्धर |
| कस्तूरी | अजय शेखर/करिश्मा मानन्धर |
| अरुणिमा | सरोज खनाल/करिश्मा मानन्धर |
| सिलसिला | सोनिया केसी/राज तिमिल्सिना |
| द युगदेखि युगसम्म | राजेश हमाल/नन्दिता केसी |
| मिसन पैसा | निखिल/निशा अधिकारी |
| दीपशिखा | नीरज बराल/अरुणिमा लम्साल |
| निशाना | स्नेहा शर्मा/निखिल उप्रेती |
| भूल भए माफ गर | सञ्जु/सुरज आरडी |
| निगरानी | मुकेश ढकाल/अरुणिमा लम्साल |
| धड्कन | रेखा थापा/रमित ढुंगाना |
| हामी साथीभाइ | दिलीप रायमाझी/अरुणिमा लम्साल |
| अभिमन्यू | निखिल उप्रेती/अरुणिमा/पुजना प्रधान |

रातको समय, रोकिएको कारभित्र बसेका राजेश हमाल तथा नन्दिता केसीबीचको प्रेम उत्कर्षमा पुग्छ। राजेश नन्दिताको नजिक पुग्छन्। नन्दिता पनि राजेशको सामीप्य खोज्दै आफ्नो मुहार अघि ल्याउँछिन्। उनीहरू एक-अर्काको अधरपान गर्न थाल्छन्। निर्देशक दिपेन्द्र के. खनालले निर्देशन गरेको चलचित्र 'द युगदेखि युगसम्म'को यो दृश्य टेलिभिजन प्रचार सामाग्रीका रूपमा केही दिनअघिसम्म सबैले हेर्न पाएका थिए, अहिले पाउँदैनन्। प्रचार सामग्रीबाट उक्त दृश्य हटाइसकिएको छ। शालिन नायिकाको छवि बनाएकी नन्दिता केसीलाई टेलिभिजनमा त्यो दृश्य आएको मन परेनछ। उक्त दृश्यका बारेमा उनीसँग धेरैले सोधीखोजी गर्न थालेछन्। घर-परिवारले पनि मन पराएनछन्। अप्ठेरो नै परेपछि निर्माता अर्जुनकुमारसँग अनुनय-विनय गरेर उनले टेलिभिजन प्रचार सामग्रीबाट त्यो भाग झिक्न लगाइन्। चलचित्रको दृश्यलाई प्रचारका रूपमा प्रयोग गर्न पाउनु निर्माणपक्षको अधिकारको कुरा भए पनि नायिकाको समस्या बुझेर उनले चलचित्रमा उक्त दृश्य राखे पनि प्रचार-सामग्रीमा नराख्ने विश्वास दिलाएका छन्।

प्रेमको उत्कर्ष देखाउन चलचित्रमा चुम्बन दृश्य समावेश गरिन्छ। विशेष गरी हलिउडका चलचित्रमा अधरपानको दृश्य सामान्य भैसकेका छन्। हलिउडका कतिपय चलचित्रको अन्तिम दृश्य 'टङकिस'मा टुंगिन्छ। बलिउडमा पनि अधरपान सामान्य भैसकेको छ। 'बबी'मा ऋषि कपुर र डिम्पल कपाडियाको चुम्बन, 'दयावान'मा माधुरी दीक्षितसँग विनोद खन्नाको चुम्बन, 'राजा हिन्दुस्तानी'मा करिश्मा कपुर र आमिर खानको चुम्बन, 'जाँबाज'मा अनिल कपुर र डिम्पलको चुम्बनले त्यो बेला जति चर्चा बटुले पनि अहिलेको बलिउडमा चुम्बन दृश्य नगर्ने नायक-नायिका विरलै हुन थाले। नायक इमरान हासमीले त 'किसिङ हिरो'को उपाधि पाइसकेका छन्। मल्लिका सेरावत, विपासा बसुजस्ता 'सेक्स बम'हरू मात्र होइन, रानी मुखर्जी, प्रीति जिन्टा, करिश्मा कपुरहरू पनि चलचित्रमा चुम्बन गर्न अप्ठेरो मान्दैनन्।

फेरि फर्किऊँ कलिउडमै। वर्ष ०६५मा चलचित्र 'सिलसिला' सुपर हिट भयो। चलचित्रका निर्माताले मनग्गे कमाए। उक्त चलचित्र सुपरहिट हुने श्रेय वसन्त सापकोटाको संगीत रहेको गीत 'सागरसरि चोखो माया'को लोकप्रियता र दोस्रो पर्दामा नायक राज तिमिल्सिना तथा नायिका सोनिया केसीबीचको अधरपानलाई दिइयो। निर्माणपक्षले नायक-नायिकाबीच 'टङकिस' भएको ढोल पनि पिटे। जबकि नायिका सोनियाले 'त्यो टङकिस होइन, लिपकिस थियो' भन्ने प्रतिक्रिया दिइन्। सत्य जे भए पनि दर्शक पनि नायक/नायिकाबीचको त्यो दृश्य हेर्न हलसम्म पुगे। सिलसिलाका निर्माताले हल्ला गरे र चलचित्र चलाए। यहाँ हल्ला नगर्ने पनि छन्। प्रदर्शन भैसकेको चलचित्र 'अभिमन्यु'मा नायक निखिल उप्रेतीले एक जना होइन, तीन जना नायिकासँग चुम्बन गरेका थिए। अरुणिमा लम्साल र पुजना प्रधानसँग उनले ओठै जोडेर चुम्बन गरे भने जेनी कुँवरसँग चुम्बन गर्दा बीचमा सिसा राखिएको दृश्य छ। त्यसैगरी चलचित्र 'धड्कन'मा नायिका रेखा थापा र रमित ढुंगानाबीच चुम्बनको एउटा दृश्य छ। उक्त दृश्यलाई पनि निर्माणपक्षले चर्चाको विषय बनाउनु आवश्यक मानेन। नायक दीलिप रायमाझीले पनि चलचित्र 'हामी साथीभाइ'मा नायिका अरुणिमा लम्सालको 'चुम्मा' लिएका छन्। उक्त चलचित्रका निर्मातासमेत रहेका नायक रायमाझीले त्यसलाई प्रचारमा ल्याउन चाहेनन्।

चलचित्रमा चुम्बनको दृश्यले पहिलो पटक चर्चा पाएको चलचित्र थियो- 'मनकामना'। डेढ दशकभन्दा अघि प्रदर्शनमा आएको उक्त चलचित्रमा नायक शिव श्रेष्ठ र नायिका करिश्मा मानन्धरको लामो चुम्बन दृश्य त्यतिबेलाका पत्रपत्रिकाका लागि राम्रै मसला भएको थियो। त्यसो त करिश्माले त्यसअघि चलचित्र 'कस्तूरी'मा नायक अजयशेखरसँग पनि चुम्बन गरेकी थिइन्। त्यसपछि उनले चलचित्र 'अरुणिमा'मा पनि नायक सरोज खनालसँग लामो चुम्बन दृश्य दिएकी थिइन्, जसलाई 'राउन्ड ट्रली' लगाएर खिचिएको थियो। यी सबै बितेका कुरा भए।

वर्तमानमा नायिका अरुणिमा लम्साल 'किसिङ क्विन' हुने बाटोतर्फ अग्रसर देखिन्छिन्। उनले पछिल्लो पटक नायिका मेलिना मानन्धरका पति तथा चलचित्र नायक मुकेश ढकालसँग चुम्बन गरेकी छिन्। आ□नो लेखनमा निर्माण भै प्रदर्शोन्मुख चलचित्र 'दीपशिखा'मा पनि उनले नायक नीरज बरालसँग चुम्बन गरेकी छिन्। यतिबेला नायक निखिल उप्रेती भने 'किसिङ किङ'का रुपमा देखिएका छन्। उप्रेतीले 'मिसन पैसा'मा निशा अधिकारी, 'निशाना'मा स्नेहा शर्मा तथा 'अभिमन्यू'मा अरुणिमा, पुजना र जेनीसँग उनले चुम्बन गरिसकेका छन्। निखिल भन्छन्- 'चलचित्रको चुम्बन निर्देशकको चाहनामा निर्भर हुन्छ। उसले चुम्बनको आवश्यकता सावित गर्न सक्यो भने मात्र म त्यसका लागि राजी भएको छु। नत्र मलाई अनावश्यक चुम्बन दृश्य दिने मन छैन।' भारतीय नायक इमरान हासमीको पथ पहिल्याएको हो कि ? भन्ने जिज्ञासामा नायक उप्रेतीले ठट्यौली पारामा भने- 'उसले किसमा स्नातकोत्तर नै गरिसक्यो, म त भर्खर एबीसी पढ्दैछु।'

नायक दिलीप रायमाझीको विचार पनि नायक उप्रेतीसँग मिल्दोजुल्दो नै छ। उनले भने- 'मेरा विगतका सुपरहिट लभस्टोरी चलचित्रमा एउटा पनि चुम्बन दृश्य थिएनन्। चुम्बन गर्नु नितान्त व्यक्तिगत कुरा हो, जसलाई पर्दामा देखाउनु हाम्रो सामाजिक परिवेशमा मिल्दैन। समयअनुसार आधुनिक हुनु ठीक हो, तर वर्षौंदेखि हलिउडमा चलचित्रमा देखाइएका चुम्बनजत्तिको दृश्य खिच्न सक्दैनौं भने ओठमा ओठ जोडेर गरिएको लिपकिसलाई टङकिस भन्दै हल्ला गर्नुचाहिँ बेकार हो।' ओठमा ओठ जोडेर होस् वा नायकलाई नायिकाको कोमल गालामा 'म्वाइँ' ख्वाएर होस्, कलिउडका चलचित्रमा माया-प्रेम देखाउन चुम्बन गराउनुपर्ने मानसिकता पहिले पनि थियो र अहिले पनि छ।

**सुव्रत आचार्य**



## ● लभगुरु रेखा ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २२ वर्षीया गृहणी हुँ। मेरी चार वर्षकी छोरी छिन्। मभन्दा पाँच वर्ष जेठा मेरा श्रीमान् व्यापारी हुन्। उनले मेरा आवश्यकता लगभग पूरा गरेका छन्। म दस कक्षा पढ्दा नै उनले मलाई भगाएर प्रेमविवाह गरेका थिए। छोरी जन्मनुअघिसम्म उनी मेरा सबै चाहना पूरा गर्न तत्पर हुन्थे। त्यसमा पनि दुई वर्षदेखि उनको व्यवहारमा धेरै परिवर्तन आएको महसुस गरेकी छु। अचेल उनी धेरैजसो ढिलो घर आउँछन्। जबकि उनको काम साँझ छ बजे नै सकिन्छ। सोध्यो भने झर्कंदै अचेल काम बढेको बताउँछन्। त्यसमाथि अचेल रातिको खाना पनि खाँदैनन्, बाहिरै खाएको भन्छन्। हामीबीच लोग्ने-स्वास्नीबीच हुने सम्बन्ध नभएको पनि धेरै भयो। उनमा देखिएको यस्ता परिवर्तनले शंका लाग्न थालेको छ। कहिलेकाहीं कामका लागि भनेर रातभरि हराउँछन्। कहाँ जान्छन्, कता जान्छन् थाहा पाइँदैन। सोध्यो भने तिमी घर सम्हाल भनेर टार्छन्। यस विषयमा दिदीसँग सल्लाह गर्दा उनले कतै उनी अरू केटीसँग त लागेका छैनन् ? भन्ने कुरा गरिन्। त्यो कुराले मलाई झन पिरोल्न थालेको छ। म सिधै सोध्न पनि सक्दिनँ, रिसाएर फेरि झनै कुरा बिग्रने पो हो कि भन्ने डर लाग्छ। यो अवस्थामा म के गरूँ ? उनको माया पहिलेको जस्तै बनाउन के गर्नुपर्ला ?**

**–पी.**

तपाईंको समस्या जटिल त होइन। समय सधैं एकनास हुँदैन। समयसँगै मानिसको सोच, व्यवहार र बाँच्ने शैली परिवर्तन हुँदै जानु स्वाभाविक हो। तपाईंले किशोरावस्थामै विवाह गर्नुभयो, अनि शिशुकी आमा पनि बन्नुभयो। घर-व्यवहारमा व्यस्त तपाईंले श्रीमान्बाट भर्खर प्रेम हुँदाको जस्तो व्यवहार पक्कै पाउन सक्नुहुन्न। त्यतिबेला पो उनी पनि फुर्सदमा थिए। काम गर्न थालेपछि उनमा विभिन्न किसिमका पीर-चिन्ता बढेको होला। यस्तो अवस्थामा तपाईंकी दिदीले भनेको जस्तो बिना कुनै प्रमाण शंका गर्नु गलत हुन्छ। लोग्ने-स्वास्नीबीचको प्रेम-सम्बन्ध विश्वासमा टिकेको हुन्छ। एकपटक शंका गर्न थाल्नुभयो भने बारम्बार शंका लागिरहनेछ। बरु श्रीमान्प्रति सहयोगी व्यवहार गर्नुहोस्। उनको चिन्ता र व्यस्तताको कारण मायालु ढंगबाट बुझ्ने प्रयत्न गर्नुहोस्। आफूलाई सधैं हँसिलो राख्नुहोस् जसले तपाईंको मुहार देखेपछि उनको मन आनन्दित होस्। संसारमा माया नै सबै कुराको समाधान हो भन्ने कुरा मनन गर्दै अघि बढ्नुहोस्। सम्भवतः तपाईंको समस्या समाधान हुनेछ।

## ● फिल्मी खबर ●

### नेवारीमा आफ्नो घर

नेवारी भाषामा चलचित्र 'थौ छेँ' अर्थात् 'आफ्नो घर' निर्माण भएको छ। विनोद श्रेष्ठ नायक रहेको यो चलचित्रमा धनी र गरिबबीचको विभेदलाई मुख्य विषय बनाइएको छ। यो चलचित्र निभाज फिल्म्स प्रोडक्सनको ब्यानरमा प्रेम नेवाले निर्माण गरेका हुन्। चलचित्रलाई पुरुषोत्तम महर्जनले निर्देशन गरेका छन्। चलचित्रमा विष्णु सक्व तथा मनराजा नकर्मीको संगीत, किशोर मानन्धरको द्वन्द्व तथा विदेश महर्जनको नृत्य हेर्न पाइन्छ। चलचित्रमा मदनदास श्रेष्ठ, मन्जु श्रेष्ठ, किशोर मानन्धर, महन्तलाल मल्ल, पल्पसा डंगोल, रूपन श्रेष्ठ, इर्जा नेवा, अर्चा बज्राचार्य आदि कलाकारले अभिनय गरेका छन्।

### सुरु भयो बाटोमुनिको फूल

गायक यसकुमारले निर्माण गर्ने चलचित्र 'बाटोमुनिको फूल'को छायांकन सुरु भएको छ। चलचित्र लेखक सुरज सुब्बा 'नाल्बो'ले उक्त चलचित्र निर्देशन गरिरहेका छन्। चलचित्रमा राजेश हमाल, रेखा थापा, सुभद्रा अधिकारी, हेमन्त बुढाथोकी, नन्दिता केसी आदि कलाकारले अभिनय गरिरहेका छन्। चलचित्र 'बाटोमुनिको फूल' मा निर्माता तथा गायक यसकुमारका साथ अर्का गायक बाबु बोगटीले पनि केन्द्रीय भूमिका निर्वाह गर्दैछन्।

### अर्यालको चलचित्र

सञ्चारकर्मी विनोद अर्यालले निर्माण गरिरहेको चलचित्र 'माया त माया हो'को डबिङ कार्य सम्पन्न भएको छ। हेटौंडा तथा काठमाडौंमा छायांकन गरिएको उक्त चलचित्रका निर्देशक तुलसी घिमिरे हुन् यो चलचित्रमा निखिल उप्रेती, सञ्चिता लुइँटेल, सुरज आरडी, सन्दीप सापकोटा आदि कलाकारको मुख्य भूमिका छ।



नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको 'तीतो-सत्य' हेर्ने दर्शकमाझ उनी लोकप्रिय छन्। विगत केही वर्षयता रक्सीले टिल्ल मातेको जँड्याहा अर्थात् ट्वाकेन्द्रको भूमिकामा प्रस्तुत भैरहेका गोपाल अधिकारी लामो केश तथा दाह्रीका कारण भीडमा समेत अलग देखिन्छन्। विगत १२ वर्षदेखि हास्य अभिनयलाई निरन्तरता दिइरहेका अधिकारीले पहिलो पटक दीपकराज गिरीकै निर्देशनमा 'काउकुती' मा अभिनय गरेका थिए। त्यसपछि उनले क्रमश: 'तिरिमिरी झ्याइँ', 'चेतना', 'थोरै भए पुगिसरि' लगायत एक दर्जनभन्दा बढी टेलिश्रृंखलामा अभिनय गरिसकेका छन्। रेडियो कार्यक्रम तथा नाटकमा पनि उत्तिकै जमेका अधिकारी विगत छ वर्षदेखि 'तीतो सत्य' सँग आबद्ध छन्। यो श्रृंखलामा उनी कलाकारका साथै व्यवस्थापकका रूपमा समेत व्यस्त छन्। जँड्याहाकै भूमिकाका लागि उनले विगत दस वर्षमा जम्मा पाँच पटक मात्र केश काटेका छन्। 'पाँच पटक कपाल खौरिएँ, पाँचै पटक दुर्घटनामा परें, यसपटक उनले कपाल नखौरेको ठ्याक्कै दुई वर्ष हुन लाग्यो, खुट्टामा ठेससमेत लागेको छैन, अर्थात् उनी आफ्नो लामो केश तथा दारीलाई 'लकी' मान्छन्। अधिकारीसँग साप्ताहिकको तीन प्रश्न :



● तीन प्रश्न ●

**वास्तविक जीवनमा पनि तपाईं ट्वाकेन्द्र अर्थात् जँड्याहा नै हो ?**

कलाकार भएपछि अलि-अलि त पिउनैपर्छ, तर तीतो सत्यको ट्वाकेन्द्रले जस्तोचाहिं होइन।

**ठ्याक्कै जँड्याहाको जस्तो अभिनयचाहिं कसरी गर्नुहुन्छ ?**

ट्वाकेन्द्रको जस्तो मातेर कहिल्यै नहिंडे पनि ठ्याक्कै त्यस्तो अभिनय गर्न भित्रैबाट आउने रहेछ। यसबाहेक मातेर हिंड्ने मानिसहरू मेरो प्रेरणाका स्रोत हुन्।

**दर्शकबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

बालबालिकाहरू मलाई देख्नासाथ जँड्याहा आयो भनेर डराउँछन्। मेरै उमेरका दर्शकहरू 'राम्रो गर्नुभएको छ, जँड्याहाहरूको बेइज्जत गर्नुभएको छ' भनेर हौस्याउँछन्। महिला दर्शकहरूचाहिं यस्तो राम्रो हुनुहुँदो रहेछ, राम्रै भूमिकामा देखिनु नि भन्छन्।

● मेरो अनुभव ●

# अंकमाल

मुकेश आचार्य (नायक)



यो विषय सुनेपछि म अंकमालका प्रकार केलाउन थालें। स्कुल पढ्दा साथीभाइहरूसँग अंकमाल गरेर हिंड्दाको अनुभव, सानोमा डर लाग्दा वा रुँदा बुबा-आमाले स्नेहपूर्वक गरेको अंकमाल वा अहिले अति माया लाग्ने प्रेयसीलाई गर्ने अंकमाल। अंकमाल, अँगालो वा आलिंगन उस्तै हुन् जस्तो लाग्छ। यी शब्दका अर्थ फरक नहोलान्। मैले धेरै म्युजिक भिडियोमा अभिनय गरें। अहिले केही चलचित्रमा नायक हुने अवसर पाएको छु। नायक भएपछि नायिकालाई अंकमाल गर्नु सामान्य हो। अंकमाल गरेपछि मात्र चलचित्रमा प्रेम अभिव्यक्त भएको देखिन्छ। नायिकाले आफ्नो शिर नायकको छातीमा राख्छे, अनि नायकले पनि उसको बारुले कम्मर वा कुममा हात राख्छ र आफूतिर तान्छ। त्यस्तो दृश्य हेर्दा दर्शकलाई रमाइलो लागे पनि हामीलाई खासै केही अनुभूति हुँदैन। मेरा साथीहरू भन्छन्- 'नायिकालाई अँगालोमा बाँध्दा तँलाई निकै मज्जा आउँछ होला हगि ? तँ त भाग्यमानी छस्।' तर अभिनय गर्दा दृश्यको भावअनुरूप अनुहारमा भाव ल्याउनुपर्ने हुन्छ। आफ्नो अँगालोमा जतिसुकै सुन्दरी भए पनि अभिनयको चिन्ताले भनेजस्तो रमाइलो कहाँ हुन्छ र ? बरु कतै कुनै राम्री युवती देखें भने उनलाई अंकमाल गरूँ कि जस्तो लाग्छ। तैपनि मेरी प्रेमिका नै छिन्, उनी सुन्दर छिन्। उनलाई अंकमाल गर्दा त्यसमा माया मिसिएको हुन्छ। त्यही नै मेरा लागि रमाइलो कुरा हो। अंकमाल माया देखाउने एउटा तरिका हो। यो कहिल्यै नराम्रो हुँदैन। म पनि अंकमाल गर्छु र साप्ताहिकमार्फत सबैलाई भन्छु– अंकमाल गरौं र माया मिसाएर गरौं।

● चलचित्र ●



## सिकन्दर

बलिउडमा यो साता तीनवटा नयाँ चलचित्र प्रदर्शन हुँदैछन्। संयोगको कुरा के छ भने ती तीनवटै चलचित्रमा नाम चलेका कलाकार छैनन्। आजदेखि प्रदर्शनमा आउने 'फास्ट फरवार्ड', 'स्याडो' तथा 'सिकन्दर' तीनवटै चलचित्र कम बजेटका हुन्। तीमध्ये पियुश झाद्वारा निर्देशित चलचित्र 'सिकन्दर' कथा तथा प्रस्तुतिका कारण दर्शकको रोजाइमा पर्न सक्छ। यो चलचित्रलाई सस्पेन्स तथा थ्रिलरको श्रेणीमा राखिएको छ। चलचित्रमा सञ्जय सुरी, आर महादेवन, परजान दस्तुर, अरुणोदय सिंह आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

यो चलचित्रमा १४ वर्षीय सिकन्दर रजा (परजान दस्तुर) को कथा चित्रण गरिएको छ। उनका आमा-बुबाको दस वर्षअघि नै हत्या गरिएको हुन्छ। त्यसपछि उनी आफ्ना काका-काकीसँग कास्मिरको एउटा सानो गाउँमा बस्दै आएका छन्। सिकन्दरको सम्पूर्ण खुसी उनका स्वर्गवासी बुबा-आमा तथा फुटबलसम्म मात्र सीमित छ। १४ वर्षीया नसरिन (आयशा कपूर) सिकन्दरकी साथी हुन्। एक दिन विद्यालयबाट फर्कने क्रममा बाटोमा सिकन्दरले एउटा बन्दुक फेला पार्छन्। नसरिनले नउठाउन आग्रह गर्दागर्दै सिकन्दरले बन्दुक उठाउँछन्। नसरिनले सिकन्दरलाई बारम्बार सम्झाइरहन्छिन्, तर सिकन्दरले उनको कुरा मान्दैनन्। यहींबाट सिकन्दरको लडाइँ जिन्दगीको अँध्यारो पक्षसँग हुन थाल्छ। बन्दुकका कारण उत्पन्न परिस्थिति उनको नियन्त्रणमा रहँदैन। त्यही बन्दुकका कारण धेरैको ज्यान जान्छ। सुरुमा त सबै अपराध सिकन्दरले नै गरेजस्तो देखिन्छ, तर जब घटनाक्रमको गहिराइसम्म पुगेर अनुसन्धान गर्न थालिन्छ तब परिणाम अर्कै निस्कन्छ। वास्तवमा सिकन्दरलाई अरू नै कसैले अपराधको माध्यम बनाएको हुन्छ। सिकन्दरमार्फत अपराधीहरूले हत्याको खेल खेलेका हुन्छन्। कास्मिरमा शान्ति नचाहने आतंककारीले सामान्य जनजीवनमा पारेका अप्ठ्याराहरूलाई चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ।



## प्रोस्ट ग्राड

आज शुक्रबार सार्वजनिक हुने हलिउड चलचित्र 'पोस्ट ग्राड' लाई कमेडी तथा फेमिली श्रेणीमा राखिएको छ। विक्की जेन्सनद्वारा निर्देशित यो चलचित्रमा एलेसिस ब्लेडेल, ज्याक गिल्फोर्ड, माइकल किटेन, क्यारोल बर्नेट, रोड्रिगो सान्टोरो आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। टम पोलक, इभान रिटम्यान तथा जो मेड्जकले यो चलचित्र निर्माण गरेका हुन्। १ घन्टा २९ मिनेट लामो यो चलचित्रलाई फक्स सर्चलाइट पिक्चर्सले विश्वव्यापी रूपमा वितरण गर्दैछ। केही यौनजन्य दृश्य समावेश गरिएकाले १३ वर्षभन्दा कम उमेरका दर्शकले यो चलचित्र हेर्न सक्दैनन्।

नारीप्रधान यो चलचित्रमा एउटी युवतीले विश्वविद्यालयमा स्नातक तह उत्तीर्ण गरेको प्रसंग चित्रण गरिएको छ। राइडेन माल्बीले आफ्नो शैक्षिक प्रगतिका बारेमा सानैमा योजना बनाएकी छिन्, जसमा उनले माध्यमिक तहको शिक्षामा राम्रो नतिजा हासिल गर्ने, त्यसपछि राम्रो कलेजमा छात्रवृत्ति पाउने र स्नातक गर्ने कुरा छ। स्नातक गरेपछि अब उनका दुई मात्र सपना छन्, पहिलो सहरको राम्रो स्थानमा एउटा अपार्टमेन्ट लिने अनि एउटा प्रकाशनगृहमा जागिर खाने तर उनको कलेज जीवनकी साथी जेसिका बार्डले उनको जागिर खोसिदिएपछि उनी बाध्य भएर आफ्नो पुरानै घरमा फर्कन्छिन्। घर फर्किएपछि पनि उनले सुख पाउँदिनन्। बुबा, आमा, हजुरआमा तथा भाइबाट कुनै पनि प्रकारको सहयोग नपाएपछि उनले अघि बढ्ने माध्यम फेला पार्दिनन्। आफ्ना छिमेकी साथीको घरमा गएर मन बहलाउनुबाहेक उनीसँग कुनै विकल्प हुँदैन। त्यसबेला मात्र उनलाई आफूले स्नातक तहको विद्यार्थी छँदाको जीवन प्यारो लाग्न थाल्छ। चलचित्रमा स्नातक तहमा अध्ययन गरिरहेका विद्यार्थीहरूको जीवनशैलीलाई चित्रण गरिएको छ।

## सलाम छ मायालाई



यसअघि 'माया नगर' चलचित्रको निर्माण तथा निर्देशन गरिसकेका दीपक खाँडको चलचित्र 'सलाम छ मायालाई' को सार्वजनिक प्रदर्शन प्रारम्भ भएको छ। राजधानीबाहिरका हलबाट प्रदर्शन प्रारम्भ भएको यो चलचित्रको निर्माण सुरज प्रधानले गरेका हुन्। आज शुक्रबारदेखि राजधानीमा पनि प्रदर्शन हुने यो चलचित्रमा विराज भट्ट, गरिमा पन्त, कृष्ण भट्ट, रञ्जना शर्मा, पुष्कर भट्ट, विनोद मानन्धर, ज्योत्सना भट्ट आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

प्रेमकथामा आधारित यो चलचित्रमा माया बिना संसार चल्न सक्दैन, माया जहिले पनि अमर हुन्छ, मायालाई धन-सम्पत्तिसँग दाँज्न सकिदैन, जति नै दुस्मन लगाएर टाढा पार्न खोजिए पनि माया गर्ने जोडीबाट जन्मिएको सन्तानले आमा-बुबालाई मिलन गराएरै छाड्छ भन्ने कुरा दर्साइएको छ। चलचित्रमा विराज भट्टका सहोदर भाइ कृष्ण तथा नायिका गरिमा पन्तलाई प्रेमी-प्रेमिकाका रूपमा प्रस्तुत गरिएको छ। रञ्जना शर्मालाई शो पिसका रूपमा प्रस्तुत गरिएको यो चलचित्रमा पुष्कर भट्टले खलनायकका रूपमा राम्रो अभिनय गरेका छन्।

मनोज सुनामद्वारा संगीतबद्ध यो चलचित्रमा जम्मा तीनवटा गीत छन्। ती गीत राजेशपायल राई, अञ्जु पन्त तथा दीपक लिम्बूले गाएका हुन्। 'सलाम छ मायालाई...' गीत चलचित्रका आधा दर्जन दृश्यमा समावेश गरिएकाले थप गीतको आवश्यकता नपरेको निर्देशक खाँड बताउँछन्। काठमाडौं उपत्यका वरपर जम्मा २८ दिनमा छायांकन सम्पन्न गरिएको यो चलचित्रले मोफसलका दर्शकबाट सकारात्मक प्रतिक्रिया पाएकाले राजधानीमा पनि यसले राम्रो व्यापार गर्ने कुरामा निर्माता प्रधान ढुक्क छन्। 'सलाम छ मायालाई' को सफलताप्रति आशावादी निर्देशक खाँडले 'द किस', 'यो कस्तो माया' तथा 'रगतको सिन्दूर' गरी तीन नयाँ चलचित्र निर्माण गर्ने घोषणासमेत गरेका छन्।

● सानो पर्दा ●

### सानोबाट ठूलो पर्दामा

भारोत्तोलनकी खेलाडी भगवती खड्का अभिनय क्षेत्रमा प्रवेश गरेकी छिन्। सानो पर्दाका दुई टेलिश्रृंखला 'आम्मै' तथा 'नाताबन्धन' मा अभिनय गर्दै उनले अभिनय यात्रा प्रारम्भ गरेकी हुन्। केही म्युजिक भिडियोमा समेत अभिनय गरेर सानो पर्दाका दर्शकसँग नजिकिएकी भगवतीले ठूलो पर्दाको चलचित्रमा पनि अभिनय गर्न थालेकी छिन्। 'हिम्मत-२', 'रक्षक', 'मृत्युदण्ड', 'दानवीर' आदि चलचित्रमा अभिनय गरिसकेकी भगवती भन्छिन्- 'पेसाले म खेलाडी हुँ तर अहिले कलाकारितातर्फ आकर्षित भएकी छु। दर्शकले मन पराउञ्जेल सानो तथा ठूलो दुवै पर्दामार्फत् आफ्ना कला देखाउने योजना बनाएकी छु।'

### संगीतकारको हास्य अभिनय

बालाजी टेलिफिल्म्सले निर्माण गरेका थुप्रै हिन्दी धारावाहिकमा पार्श्व संगीत दिएका चितवन, मेघौलीका गुरुप्रसाद भट्टराई स्वदेश फर्किएपछि अभिनय क्षेत्रमा प्रवेश गरेका छन्। लोक दोहोरी तथा आधुनिक गीति संग्रहको रेकर्डिङमा समेत व्यस्त भट्टराईले नेपाल टेलिभिजनबाट प्रसारण हुने हास्य श्रृंखला 'जिरे-खुर्सानी' मा १५ भागसम्म नांगाबाबाको भूमिका निर्वाह गरेर दर्शकलाई हँसाइसकेका छन्। जिरे-खुर्सानीबाट आर्जन गरेको लोकप्रियतालाई उनले 'मदनबहादुर-हरिबहादुर', '५२ घुस्सा ५३ ठक्कर', 'कसलाई आफ्नो भनौं' आदि श्रृंखलामा पनि दोहोऱ्याएका छन्। 'अभिनय मेरो सौख मात्र हो, भट्टराई भन्छन्- 'रुचिको विषय त संगीत नै हो।' भर्खरै मात्र उनले दुई नयाँ चलचित्रमा संगीत दिएका छन्।

### गायिका पनि भिजे



सुनिता दुलाल सुरिलो स्वर भएकी गायिका हुन्। लोकदोहोरी रतीज-गीतसंग्रह सार्वजनिक गरिसकेकी गायिका दुलाल पछिल्लो समयमा भिडियो जक्कीका रूपमा पनि व्यस्त भएकी छिन्। उनी इमेज च्यानलको लोक तथा दोहोरी गीतका म्युजिक भिडियो प्रसारण हुने कार्यक्रम 'उकाली-ओराली' मा भिजेका रूपमा सहभागी छिन्। इमेज च्यानलबाट प्रत्येक दिन दिउँसो १ बजेदेखि २ बजेसम्म प्रत्यक्ष प्रसारण हुने यो कार्यक्रममा उनी आइतबार, बिहीबार तथा शुक्रबार मात्र दर्शकमाझ पुगिरहेकी छिन्। आइतबारको कार्यक्रममा सुनिताले लोकदोहोरी गायक-गायिकाको अन्तर्वार्ता लिन्छिन् भने बिहीबारको कार्यक्रममा दर्शकलाई गाउँखाने कथा सोध्दै त्यसको जवाफ खोज्ने प्रयास गर्छिन्। शुक्रबारको कार्यक्रममा भने उनी गायक-गायिका भेला पारेर दोहोरी नै खेल्छिन्।

### ठूलो पर्दामा सविता

टेलिभिजनबाट प्रसारण भैसकेका केही टेलिश्रृंखलामा अभिनय गरेकी कलाकार सविता अधिकारीलाई अब दर्शकले ठूलो पर्दाको चलचित्रमा पनि देख्न पाउनेछन्। पुरन जोशीद्वारा निर्देशित टेलिचलचित्र 'यो कस्तो जमाना' मा मुख्य नायिकाको भूमिका निर्वाह गरेर दर्शकमाझ परिचित सविता अहिले दुई नयाँ चलचित्रमा व्यस्त छिन्। 'तिम्रो कसम', 'मायाको जलन' तथा 'इमान्दार' गरी तीन चलचित्रमा नायिकाका रूपमा अनुबन्धित सविता भन्छिन्– 'ठूलो पर्दामा व्यस्त भए पनि सानो पर्दालाई माया मारेकी छैन। राम्रो टेलिश्रृंखलाबाट प्रस्ताव आयो भने सानो पर्दामा पनि काम गरिरहन्छु।'






# ५ नायिकाको तीज-फोटोसेसन

नायिका नन्दिता केसी बाल्यकालदेखि नै नायिका करिश्मा मानन्धरकी प्रशंसक हुन् । नन्दिताले करिश्माले अभिनय गरेका अधिकांश चलचित्र हेरेकी छिन् । विडम्बना, नन्दिताले नायिकाका रूपमा काम थाल्नै लाग्दा करिश्मा अमेरिका प्रस्थान गरिन् । करिश्मासँगै चलचित्रमा अभिनय गर्ने नन्दिताको धोको पूरा भएन । पूरा हुनै नसक्ने चाहिं होइन, किनभने करिश्मा स्वदेश फर्किएर पुन:



चलचित्रमै व्यस्त भैसकेकी छिन् । केही साताअघि कमलपोखरीस्थित सिटी सेन्टरको पाँचौं तलामा रहेको फुड कोर्टमा आयोजित तीज विशेष फोटोसेसनमा नन्दिता र करिश्मासँगै थिए । फोटोसेसनका क्रममा नन्दिताले खुसी व्यक्त गर्दै भनिन्– 'उहाँसँग फोटोसेसनकै क्रममा भए पनि पहिलो पटक सँगै काम गर्न पाएँ, साह्रै खुशी लागेको छ ।'

प्रसंग यसै अंकमा प्रकाशित मध्यपृष्ठको तस्विरको हो । तीज आउन एक महिना बाँकी रहँदै गत साउनको पहिलो साता फोटोग्राफर राजीव श्रेष्ठले अमेरिकाबाट फर्किएकी



नायिका करिश्मा मानन्धरलाई फोन गरी साप्ताहिकको तीजविशेष अंकका लागि रातो सारी लगाएर सामूहिक फोटो सेसन गर्ने जानकारी दिंदै सहभागी हुन आग्रह गरे । लामो समयदेखि सञ्चारमाध्यमबाट ओझेलमा परेकी करिश्माले साप्ताहिकको मध्यपृष्ठका लागि हुन लागेको फोटोसेसनमा सहभागी हुन स्वीकृति जनाएपछि अन्य नायिकाको खोजी गरियो ।

प्रारम्भमा विवाहित नायिकालाई मात्र तीजको पहिरनमा प्रस्तुत गर्ने योजना थियो, तर तीज अविवाहित नारीले पनि उत्तिकै उत्साहका साथ मनाउने भएकाले फोटोसेसनमा अविवाहित नायिकालाई पनि सहभागी गराइयो । फोटोसेसनमा करिश्मा तथा नन्दिताका अतिरिक्त विवाहित अरुणिमा लम्साल, इन्गेजमेन्ट मात्र गरेकी झरना बज्राचार्य तथा अविवाहित युना उप्रेतीलाई सहभागी गराइयो ।

फोटोसेसनका लागि पाँचै जना नायिका बिहान सात बजे सिटी सेन्टरको फुड कोर्टमा भेला भैसकेका थिए । नायिकाहरू भेला हुनासाथ मेकअप म्यानहरू उनीहरूलाई सिंगार्न थाले । चार जना मेकअप म्यानले करिब एक घण्टा लगाएर उनीहरूलाई तयार पारेपछि चाहत बुटिकबाट ल्याइएको पहिरन नायिका आफैलाई छनौट गर्न लगाइयो । त्यस क्रममा करिश्माले गोल्डेन कलरको स्लिभ लेस टप तथा जरीले भरिएको हल्का रातो रंगको सारी मन पराइन् । उनले सारीकै रंगसँग मेल खाने औंठी, चुरा तथा अन्य गरगहना छानिन् । पालो झरना बज्राचार्यको आयो । उनले रातो पारी भएको खैरो रंगको बुट्टे सारी छानिन् । नन्दिता केसीले गुलाबी रंगको सारी छानिन् भने युना उप्रेती तथा अरुणिमा लम्सालले रातो रंगको सारी लगाएर फोटोसेसनमा सहभागी हुने निर्णय गरे । बिहान नौ बजे प्रारम्भ भएको फोटोसेसन मध्याह्न दुई बजे मात्र सम्पन्न भएको थियो ।

लामो समय अमेरिका बसेर आएकी करिश्मा मानन्धरले धक फुकाएर तीज मनाउन नपाएको धेरै भएको थियो । 'यस पटक रमाइलो गरी तीज मनाउने योजना थियो,' करिश्माले आफ्नो खुसी व्यक्त गरिन्– 'एक महिनाअघिदेखि नै मनाउन पाइयो ।'

'छड्के तिलहरी लगाएर रातो सारीमा सजिंदा त अहिले नै तीज आएजस्तो अनुभव भैरहेको छ,' नायिका अरुणिमा लम्साल भन्दै थिइन्– 'सबैले रातो सारी र छड्के तिलहरी लगाएकाले होला, फोटोसेसन गरुन्जेल आफू कुनै तीज महोत्सवमा सहभागी भएको अनुभव गर्न पाइयो ।' नायिका युना उप्रेती पनि आफूभन्दा सिनियरहरूसँग फोटोसेसनमा सहभागी हुन पाउँदा खुसी देखिन्थिन् । 'तीज हाम्रो संस्कृति हो,' उनी भन्दै थिइन्– 'यस्तो सामूहिक कार्यले हामीलगायत युवापुस्तालाई पनि चाडपर्व मनाउन प्रेरित गर्छ ।' झरना बज्राचार्यले पनि सामूहिक फोटोसेसनको अनुभव सुखद रहेको धारणा व्यक्त गरिन् । झरना भन्छिन्– 'पाँच जना नायिका एकै ठाउँमा भेला भएर दिनभरि विभिन्न हाउभाउमा पोज दिंदै फोटो खिच्दाको रमाइलो शब्दमा व्यक्त गर्न गाह्रो छ ।' उनका अनुसार त्यो अवसर कुनै चाडपर्वको रमाइलो भन्दा कम थिएन ।

– कृष्ण भट्टराई



## ● साताको स्वर ●



### हेमन्त शर्मा

**'उकाली जाँदा–जाँदै दाहिनेतिर...' लोकप्रिय भएकै हो ?**

श्रोता तथा दर्शकले मन पराएर सुनिदिएकाले लोकप्रिय नै भएको मान्नुपर्छ ।

**यो गीत कुन शैलीमा आधारित छ ?**

जिन्दगीको यथार्थता बोकेको यो गीत सजिलै जनजिब्रोमा झुन्डिने नेपाली लोक–आधुनिक शैलीमा आधारित छ ।

**श्रोताबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

गीत सुनेर प्रतिक्रिया जनाउने श्रोताहरूले गीतको शब्द, संगीत तथा स्वरबीच तालमेल मिलेको छ भनेका छन् । सुरेश अधिकारीले शब्द तथा संगीतमा धेरै मेहनत गरेका छन् ।

**भिडियोका लागि बरको रूख खोज्न गाह्रो परेको चर्चा छ नि ?**

धुलिखेलको एउटा गाउँमा बरको रूख छ भन्ने थाहा पाएपछि केही घण्टा पैदल हिँडेर रूखकै फेदमा पुगेर छायांकन गर्दा साह्रै आनन्द आएको थियो ।

**म्युजिक भिडियो कस्तो बन्यो त ?**

गीतले जस्तो खोजेको थियो, आलोक नेम्वाङले ठ्याक्कै त्यस्तै बनाएका छन् । भिडियोले गीत लोकप्रिय बनाउन विशेष भूमिका निर्वाह गरेको छ ।

### आउँदैछन् नितिन

करिब दुई वर्षअघि पहिलो गीतिसंग्रह 'क्रिस्टल' मार्फत श्रोतामाझ आएका गायक नितिन थापा चाँडै दोस्रो संग्रह लिएर सांगीतिक क्षेत्रमा फर्कँदैछन् । 'संग्रहका पाँचवटा गीत रेकर्डिङ भैसकेको छ, धुम्बाराहीस्थित क्रिस्टल रेकर्डिङ स्टुडियोमा भेटिएका गायक थापा भन्दै थिए– 'यसपटक लोक–पपमा आधारित गीत गाइरहेको छु ।'

### लिम्बू भाषाको एल्बम

लिम्बू संस्कार–संस्कृति संरक्षण गर्न तयार पारिएको गीतिसँगालो हाङनेइल्लो (पर्खी बसे वा प्रतीक्षामा) को विमोचन ताप्लेजुङमा सम्पन्न भएको छ । युवा गीतकार गीता पालुङ्वा (इक्सा) को चौथो एल्बम लिम्बू भाषाको पहिलो गीतिएल्बमका रूपमा बजारमा ल्याइएको हो । एल्बममा लिम्बू संस्कार र संस्कृतिलाई जीवन्त बनाउन परम्परादेखि प्रचलनमा आएका र लोप हुन लागेका पालम, हाक्पारे गीतहरू छन् भने आधुनिक युवा जमातको भावना समेट्न माया–प्रेम, मिलन–बिछोडका गीत पनि समेटिएका छन् ।

### रित्तो घरको विमोचन

पूर्वमन्त्री डा. दुर्गा पोखरेल गीतकार बनेकी छिन् । उनले रचना गरेका आधुनिक गीतहरूको नयाँ संग्रह 'रित्तो घर' को गत शनिबार राजधानीमा आयोजित एक सांगीतिक समारोहमा राष्ट्रकवि माधवप्रसाद घिमिरेले विमोचन गरेका छन् । शान्तना रेकर्डसले उत्पादन गरेको यो संग्रहमा आठवटा गीत समावेश छन् । समारोहमा टेलिभिजनकर्मी संगीता श्रेष्ठद्वारा निर्देशित आठवटै गीतका म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो ।

### सोपोरीको सन्तुरवादन

भारतका लोकप्रिय सन्तुरवादक पण्डित भजन सोपोरीले राजधानीका श्रोतालाई सन्तुरको सुरिलो धुन सुनाएर मुग्ध बनाए । गत शनिबार आर्मी अफिसर्स क्लबमा आयोजित सांगीतिक समारोहमा फ्रेन्च कट दाह्री पालेका संगीतकर्मी सोपोरीले एक दर्जनभन्दा बढी धुन प्रस्तुत गरेका थिए । भारतको ६३ औं स्वतन्त्रता दिवसको उपलक्ष्यमा भारतीय राजदूतावासले आयोजना गरेको समारोहमा सोपोरीलाई तीन जना संगीतकर्मीले साथ दिएका थिए । 'सन्तुर संगीत संगम' शीर्षकको कार्यक्रममा 'सन्तुरका साधु' तथा 'तारबाजाका सम्राट्' को उपाधि पाएका चर्चित सन्तुरवादक सोपोरीले करिब दुई घण्टा सन्तुर बजाएका थिए ।

### नेपाली गायकको विदेशी गायन

नेपाल–पाकिस्तान मैत्री सांस्कृतिक संघद्वारा गत शुक्रबार कार्यक्रममा गायिका सिनी गुरुङ, रोजिना रिमाल आदिले पनि आफ्ना लोकप्रिय गीत–संगीत प्रस्तुत गरे ।

### फिलिपिन्समा नेपाली संगीत

नेपाली विद्यार्थीको बाक्लो उपस्थिति रहेको फिलिपिन्समा पहिलो पटक नेपाली सांगीतिक कार्यक्रम हुँदैछ । राजधानी मनिलामा आगामी भदौ ८ गते देखि एक महिनासम्म हुने नेपाली सांगीतिक कार्यक्रममा सहभागी हुन गायकद्वय विश्व योञ्जन तथा पाल्देन लामा त्यसतर्फ प्रस्थान गरिसकेका छन् । सांगीतिक कार्यक्रममा मनिलाका स्थानीय

## ● म्युजिक अपडेट ●

लैनचौर, काठमाडौंस्थित मल्ल होटलमा आयोजित सांगीतिक कार्यक्रममा स्वदेशी गायक–गायिकाले विदेशी गीत–संगीत प्रस्तुत गरे । पाकिस्तानको ६३ औं स्वतन्त्रता दिवसका अवसरमा आयोजित सांगीतिक कार्यक्रममा पाकिस्तानी गायक स्व. नुसरत फतेह अलि खानका गीत–संगीतलाई नेपाली कलाकारले प्रस्तुत गरे । गायक हेमन्त रानाले 'पिया रे पिया रे...' गाएर सांगीतिक कार्यक्रम प्रारम्भ गरेका थिए । उनले दमादम मस्त कलन्दर आदि गीत गाएर श्रोतालाई मनोरञ्जन प्रदान गर्नुअघि 'असारै महिनामा...' पनि गाएका थिए ।

सांगीतिक समूहहरू पनि सहभागी हुँदैछन् । गायक योञ्जनका अनुसार कार्यक्रममा उनीहरूले नेपाली, अंग्रेजीका साथै केही फिलिपिनो गीत पनि गाउनेछन् ।

### गायकले खोले ट्राभल एजेन्सी

गायक रोशन पराजुलीले गायनसँगै अर्को विधामा पनि हात हालेका छन् । गत शनिबार गीतकार डा. भोला रिजालद्वारा उद्घाटित मिसन पिक ट्राभल एन्ड ट्रेकिङको म्यानेजिङ डाइरेक्टर गायक पराजुली नै छन् । उद्घाटन समारोहमा गायक सुगम पोखरेल, हेमन्त शर्मा आदि गायकले पराजुलीलाई शुभकामना दिएका थिए ।

### साप्ताहिक लाइभ


#### रामेछापमा सांगीतिक कार्यक्रम

तीजको अवसर पारेर भोलि शनिबार रामेछापको सदरमुकाम मन्थलीमा सांगीतिक कार्यक्रम आयोजना गरिँदैछ । कार्यक्रममा गायिका अञ्जु पन्त, गायक डिजराज पौडेल, रूपक डोटेल तथा कविराज निरौलाले आफ्ना लोकप्रिय गीत–संगीत प्रस्तुत गर्नेछन् ।

#### ट्यालेन्ट सो

पर्सि आइतबार राजधानीमा ४८ जना बाल सुन्दरीहरूले गीत, नृत्य, अभिनय, चित्रकला तथा मार्शल आर्टमार्फत् आफ्नो प्रतिभा प्रस्फुटन गर्ने भएका छन् । नेप्लिज फेसन होमले भदौ १८ गते आयोजना गर्न लागेको 'मिस लिटिल नेवा २००९' मा सहभागी बालिकाहरूले भोलि आफ्नो प्रतिभा प्रस्तुत गर्न लागेका हुन् ।

## ● अफबिट ●



**स्विमिङ पुलमा सुटिङ :** गायक प्रकाश पौडेल आफ्नै नयाँ गीत 'जलपरी' को म्युजिक भिडियोको निर्देशन गर्दै । विराटनगरको एउटा स्विमिङ पुलमा छायाँकन गरिएको भिडियोमा जतिन र निशाले अभिनय गरेका छन् ।

### ब्यान्ड च्यालेन्ज–२

सांगीतिक समूहहरूको प्रतिस्पर्धात्मक कार्यक्रम 'स्प्राइट ब्यान्ड च्यालेन्ज–फ्रिडम टु रक–२' को घोषणा गरिएको छ । देशभरिका सांगीतिक समूहबीचको यो प्रतिस्पर्धाका लागि आगामी भदौ ९ गतेसम्म आवेदन फाराम भर्नुपर्नेछ । गत वर्षको सांगीतिक प्रतिस्पर्धामा 'अनुप्रस्थ' समूहले सर्वोत्कृष्ट ब्यान्डको उपाधि पाएको थियो भने दोस्रो तथा तेस्रो स्थानमा क्रमशः बेकिन्ध तथा अल्ट एफ फोर थिए । यस पटकको प्रतियोगितामा ५० भन्दा बढी सांगीतिक समूहले सहभागिता जनाउने अनुमान आयोजकहरूले गरेका छन् ।

### भुवनका भिडियो

गायक भुवन सुप्तिहाङ राईका दुई नयाँ म्युजिक भिडियो यसै साता प्रिमियर गरिएका छन् । राईको नयाँ संग्रह 'सजेशन' मा समावेश गरिएका दुई गीत 'इलाम बजार घुम्ने रहर' तथा 'सक्छौ भने प्रिय अब' विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण हुन थालेको हो । इलाम बजार...गीतको छायांकन इलाममा तथा सक्छौ भने...को छायांकन हडकडमा गरिएका गायक राईले बताएका छन् ।

### आउँदैछ सुदीप–नरेनको जोडी

सांगीतिक समूह आस्थाका दुई चर्चित गायक सुदीप गुरुङ तथा नरेन लिम्बू लामो समयको अन्तरालपछि श्रोतामाझ आउने भएका छन् । उनीहरू दुव एउटा नयाँ गीतिसंग्रहमार्फत श्रोतामाझ आउन लागेका हुन् । पहिलो गीतिसंग्रह सार्वजनिक भएपछि सुदीप तथा नरेनको जोडी अनौपचारिक रूपमा टुक्रिएको अनुमान गरिएको थियो ।

### रविन शर्माको एकल गायन

गायक रविन शर्मा पहिलो पटक एकल सांगीतिक कार्यक्रममार्फत श्रोतामाझ आउने भएका छन् । आगामी भदौ २० गते शनिबार राजधानीको राष्ट्रिय नाचघरमा गायक शर्मा प्रस्तुत हुन लागेका हुन् । कार्यक्रममा गायक शर्माले आफ्ना डेढ दर्जनभन्दा बढी लोकप्रिय गीत–संगीत प्रस्तुत गर्नेछन् । उक्त कार्यक्रममा दुई जना बाँसुरीवादक, छ जना भायोलिनवादक, गिटारिस्टसहित एक दर्जन वाद्यवादक सहभागी हुनेछन् । कार्यक्रमको पहिलो चरणमा गायक शर्माले आफ्ना एकल गीत प्रस्तुत गर्नेछन् भने दोस्रो तथा तेस्रो चरणमा उनले युगल तथा सामूहिक गीत प्रस्तुत गर्नेछन् ।



## सपन श्रेष्ठ

### ● नजिकबाट ●





| | | |
|---|---|---|
| घरमा बोलाउने नाम | : | सपन |
| जन्म मिति | : | १६ पुस |
| जन्मस्थान | : | धरान |
| नामको अर्थ | : | राम्रो मन |
| परिचय | : | गायक/पहिले मोडल |
| अध्ययन | : | बीकम |
| सांगीतिक गुरु | : | दाइ सुभन श्रेष्ठ |
| एल्बम | : | चाहना |
| पहिलो गीत | : | किन चोर्यौ मन ? |
| मनपर्ने गीत | : | नारायणगोपालको यति धेरै माया |
| मनपर्ने वाद्ययन्त्र | : | मादल |
| नजिकको साथी | : | अञ्जना श्रेष्ठ |
| सबैभन्दा बढी माया | : | आमा–बुबा |
| मनपर्ने बानी | : | नरिसाउने |
| पहिलो माया | : | अञ्जना श्रेष्ठ |
| पहिलो प्रेमपत्र | : | लेखिएन |
| रिस उठेको बेला | : | अन्धकार देख्छु |
| मनपर्ने गायक/गायिका | : | नारायणगोपाल/प्राश्ना शाक्य |
| हनिमुन | : | नगरकोट |
| मनपर्ने सवारी साधन | : | मोटरबाइक |
| घुम्न मन लाग्ने ठाउँ | : | दार्जीलिङ |
| मनपर्ने मोडल | : | नम्रता श्रेष्ठ |

## ● ब्यान्ड ●




नेपाली सांगीतिक क्षेत्रमा श्रोताको रोजाइमा पर्न सफल भएको छ– 'स्पिक रिदम' । यो समूहमा छ जना संगीतकर्मी छन् । अनुप पौड्याल (रिदम गिटार), रञ्जन श्रेष्ठ (बास गिटार), कृष्ण गुरुङ (लिड गिटार), भगत परियार (ड्रमर), इरोज लामा (किबोर्डिष्ट) तथा राजकुमार लामा (भोकल) विगत नौ वर्षदेखि गीत–संगीत सिर्जनमा व्यस्त छन् । समूहले अहिलेसम्म कुनै गीतिसंग्रह प्रकाशित गर्न भ्याएको छैन । समूहका रिदम गिटारिस्ट अनुप भन्छन्– 'एकल गायक–गायिकाको तुलनामा सांगीतिक समूहलाई गीतिसंग्रह प्रकाशित गर्न गाह्रो छ ।' अनुपका अनुसार समूहले आधा दर्जन गीत रेकर्ड गराइसकेको छ । आगामी दसैंसम्ममा उनीहरूको पहिलो गीतिसंग्रह श्रोतामाझ आइसक्नेछ ।

समूहले राजधानीलगायत केही प्रमुख सहरका करिब ३० वटा सांगीतिक कार्यक्रममा सहभागिता जनाइसकेको छ । समूहले अल्टरनेटिभ रकलाई बढी प्राथमिकता दिएकाले त्यस्ता गीत प्रस्तुत हुने सांगीतिक कार्यक्रममा यो समूह छुट्दैन । समूहले तयार पारेका 'कालो रात' तथा 'सोच्दा–सोच्दै' श्रोताहरूको रोजाइमा परेको छ । सांगीतिक कार्यक्रममा प्रायः समूहका सबै संगीतकर्मी सहभागी हुन्छन् । 'हामी लाइभ कन्सर्टमा मात्र गाउँछौं, रिदम गिटारिस्ट अनुप भन्छन्– 'त्यसैले कन्सर्टमा गिटार, किबोर्ड तथा ड्रम हामी आफैं बजाउँछौं ।'

## बडी पेन्टिङ च्याम्पियनसिप

अस्ट्रियामा हालै आयोजित बडी पेन्टिङ च्याम्पियनसिपमा बेलायती कलाकार रूपरले पहिलो स्थान हात पारिन् । यो प्रतियोगितामा ४० राष्ट्रका १ सय कलाकारले सहभागिता जनाएका थिए ।

● पहिलो विश्व ●

## यस्तो पनि एकेडेमी ?



यौन सर्वाधिक पुरानो मानवीय कार्य भए पनि यो अझै पनि मानिसहरूका लागि कौतूहलको विषय हुने गरेको छ । यौनसम्बन्धी कौतूहलता साम्य पार्न अहिले विभिन्न मुलुकमा विद्यालयस्तरदेखि नै यौनशिक्षा प्रदान गर्न थालिएको छ तर पनि यौन त्यत्तिकै उत्सुकताले भरिएको विषय रहँदै आएको छ । पूर्वीय समाजको तुलनामा पश्चिमी समाज यौनको विषयमा खुला मानिए पनि यौनका विषयमा उनीहरू पनि त्यत्तिकै जिज्ञासु हुन्छन् । युरोपियनहरूको यौन उत्सुकता मेटाउन अहिले 'एमोरा सेक्स एकेडेमी' देखा परेको छ । लन्डनमा पहिलो एकेडेमी खोलेको एमोराले अहिले आफ्नो दोस्रो एकेडेमी जर्मनीको बर्लिनमा खोलेको छ । यौनका विषयमा यावत् जानकारी दिन सञ्चालनमा आएको यो एकेडेमीले महिला र पुरुषको ज्ञानेन्द्रियदेखि उमेरअनुसार हुने यौनाङ्गको विकासको जानकारी दिन मेनिक्योरहरू राखेको छ । त्यसबाहेक एकेडेमीमा यौन संसर्गका बेलामा कसरी चरमोत्कर्ष प्राप्त गर्ने ? यौनांगको आकारअनुसार कुन आसनमा संसर्ग गर्दा फाइदा हुन्छ, शीघ्र स्खलनलाई कसरी रोक्ने, सेक्स टोयहरूको प्रयोग कसरी गर्ने जस्ता जानकारी दिइन्छ । स्कुले विद्यार्थीदेखि नवविवाहित दम्पतीहरूको मुख्य आकर्षण रहेको एमोराले निकट भविष्यमा बार्सिलोनामा पनि आफ्नो शाखा खोल्ने भएको छ ।



## वेश्यालयमा विभिन्न स्किम

जर्मनीमा यौन व्यवसायलाई कानुनी मान्यता प्राप्त छ । यो मान्यताले गर्दा जर्मनीले आफूलाई यौन पर्यटनको क्षेत्रमा विकसित पनि गर्दै लगेको छ । पूर्वी युरोपका थुप्रै युवती यौनकर्मीका रूपमा जर्मनी गएका छन् । हालका वर्षमा विश्वव्यापी आर्थिक मन्दी देखा परेका कारण जर्मनीको यौन व्यवसायमा पनि असर देखिएको छ । आर्थिक मन्दीका कारण ग्राहक घट्न थालेपछि वेश्यालयहरूले विभिन्न योजना अघि सारिरहेका छन् । हालै लागू गरिएको योजनाअनुसार कुनै ग्राहक मासिक रूपमा ग्राहक बन्छ भने उसले तिर्नुपर्ने शुल्कमा ३० प्रतिशत छुट प्रदान गरिनेछ । यसैगरी रोजगारीबाट निवृत्तिभरण पाउने, साइकल वा सार्वजनिक यातायातबाट आएकाहरूलाई १० प्रतिशत छुट दिइन्छ । यदि उसले एक रात बिताउँछ भने उसको जुत्ता पालिस गरिदिने जस्ता विभिन्न योजना पनि अघि सारिएका छन् । यौनकर्मीलाई प्रतिग्राहक पारिश्रमिक दिनेभन्दा पनि ग्राहक आए पनि नआए पनि मासिक तलब दिने वेश्यालयहरूले यस्ता योजना सञ्चालनमा ल्याएका छन् । वेश्यालयको यस्तो योजनापछि स्थानीय अधिकारीहरूले आफ्नो अनुगमनलाई तीव्र पारेका छन् । उनीहरूको चासो छुटको बहानामा स्वास्थ्य तथा सरसफाइमा खेलबाड हुन्छ कि भन्ने कुरामा छ ।

## शुक्रकीट बैंक सुक्यो


स्वीडेनमा समलिङ्गी महिलाहरूले गर्भवती हुन शुक्रकीटको माग गर्न थालेपछि एक स्थानीय शुक्रकिट बैंकमा शुक्रकीटको अभाव भएको छ । स्वीडेनले सन् २००५ पछि समलिङ्गीहरूको कानुनमा परिवर्तन गरेपछि शुक्रकीटको माग बढेको हो । सन् २००५ अघि समलिङ्गी विवाह गरेको कागजात पेस गरेका जोडीले मात्र गोथेनबर्गस्थित अस्पतालमार्फत शुक्रकीट लिएर गर्भाधारण गर्न पाउँथे, तर अहिलेको कानुनअनुसार कुनै पनि महिलाले आफूले चाहेको शुक्रकीट पाउने भएपछि माग बढ्दै गएको हो । पहिला शुक्रकीट लिने समलिङ्गी महिला जोडीको संख्या वार्षिक २५ जना मात्र हुन्थ्यो भने अहिले यो माग बढेर वार्षिक ९० पुगेको छ । मागअनुसार शुक्रकीट आपूर्ति हुन नसक्नुको अर्को कारण के छ भने कुनै पनि महिलाले शुक्रकीट दान लिएर जन्माएको सन्तान १८ वर्ष पुगेपछि उक्त शुक्रकीटदातालाई चिनाउनुपर्ने कानुनी व्यवस्था छ । फलस्वरूप शुक्रकीटदाता पुरुषहरूको आकर्षण डेनमार्क र फिनल्यान्डतर्फ बढ्न थालेको छ ।



## नारीको भदौ अंक



## सचित्र





खासखुस : नायक भुवन केसी नायिका उषा पौडेलको कुरा सुनेर हाँस्दै।



अटोग्राफ दाइ : पोखराको एक कार्यक्रममा गायक रामकृष्ण ढकालसँग अटोग्राफ लिन तँछाडमछाड गर्दै शुभचिन्तक ।

धेरैपछि सँगै : अष्ट्रेलिया बसोबास गरिरहेकी मोडल रमिला अधिकारी बालसखी नायिका रेखा थापासँग नाच्दै ।



बाबुछोरा : होचा-पुड्का कलाकार लोकनाथ ढकाल छोरासँग ।



गमक्क डिजे : एकातिर गायिका प्रीति कौर, अर्कातिर डिजे पायललाई अँगालो मारेर गमक्क परेका डिजे बीम्यान ।

# डी सिने एवार्डको मनोनयन

**साप्ताहिक समाचार**

काठमाडौं– डिजिटल प्रविधिमा निर्माण भएका चलचित्रलाई प्रोत्साहन तथा बजार विस्तार गर्न नेपालमा पहिलो पटक 'छायाँछवि डी सिने एवार्ड २०६६' वितरण गरिने भएको छ। आयोजक सिने पत्रिका छायाँछविले आगामी भदौ १५ गते राष्ट्रिय नाचघरमा उक्त एवार्ड वितरण गर्ने जनाएको छ।

एवार्डका लागि ३० वटा चलचित्रबीच कडा प्रतिस्पर्धा हुँदैछ। यसै साता सार्वजनिक भएको एवार्ड मनोनयनमा २९ विधाका उत्कृष्ट पाँचको घोषणा गरिएको छ। मनोनयमा गोपालचन्द्र लामिछानेद्वारा निर्देशित चलचित्र 'बोक्सी' तथा प्रकाशजंग कार्कीद्वारा निर्देशित 'माहिला' ले बाजी मारेका छन्। यी दुवै चलचित्र सर्वाधिक १४ विधामा मनोनीत भएका छन्। १२ विधामा मनोनयन चलचित्र 'सहिद' परेको छ। यो चलचित्रको निर्देशन पासाङ टी शेर्पाले गरेका हुन्। तेस्रो सर्वाधिक विधामा मनोनयनमा पर्ने चलचित्र रविराज अर्यालद्वारा निर्देशित 'वृद्ध बैंस' हो। यो चलचित्र दसवटा विधामा मनोनीत भएको छ।





एवार्डको महत्त्वपूर्ण उत्कृष्ट चलचित्रको विधामा कृपा, मैना, माहिला, वृद्ध बैंस तथा बोक्सी परेका छन्। त्यसै उत्कृष्ट निर्देशकको विधामा माउत्से गुरुङ (कृपा), केपी पाठक (मैना), प्रकाशजंग कार्की (माहिला), रवि अर्याल (वृद्ध बैंस) तथा गोपालचन्द्र लामिछाने (बोक्सी) भिड्दैछन्। उत्कृष्ट अभिनेतातर्फ दिलीप रायमाझी (सहिद), सुशील पोखरेल (वृद्ध बैंस), उपेन्द्र तिमिल्सिना (माहिला), गोविन्द्र प्रभात (मैना) तथा माउत्से गुरुङ (कृपा) बीच प्रतिस्पर्धा हुँदैछ। उत्कृष्ट अभिनेत्रीतर्फ मिथिला शर्मा (नारी), सिरु विष्ट (वृद्ध बैंस), शुभेच्छा थापा (बोक्सी), राधा श्रेष्ठ (मैना) तथा सौजन्य सुब्बा (माहिला) बीच प्रतिस्पर्धा हुँदैछ।

अचम्मको कुरा के छ भने रेखा थापा (नारी) तथा रेजिना उप्रेती (बाघचाल) जस्ता स्थापित नायिकाहरू सह-अभिनेत्रीको विधामा मनोनीत भएका छन्। यही विधामा अनिता केसी (मैना), सविना खड्का (माहिला) तथा सम्झना राई (रिसिम) मनोनीत छन्। उत्कृष्ट संगीतकारको विधामा लक्ष्मण शेष (माहिला), यादव योगी (खबरदार), वसन्त सापकोटा (तस्बिर), पविधन खालिङ (रिसिम) तथा नारायण सुवेदी (जंगली बाबु) मनोनीत भएका छन्।



डी सिने एवार्डको मनोनयनका लागि अनुग्रह, मैना, सहिद, तस्बिर, रात, आत्मा, वान डे, जो आज्ञा जिन्दगीको, पापी मान्छे, पाप, मार्केट, जंगलीबाबु, सिकारी, यतिको खोजीमा, □युचर, हाम्रो गन्तव्य, माहिला, रिसिम, अल्पविराम, आत्मविश्वास, स्वीकार, वृद्ध बैंस, खबरदार, नारी, नारीको वेदना, कृपा, बोक्सी, अप:सख, बाघचाल तथा ढुङ्गेयुग गरी ३० वटा चलचित्रले सहभागिता जनाएका थिए। यीमध्ये अनुग्रह, पापी मान्छे, नारीको वेदना तथा ढुङ्गेयुग कुनै पनि विधाको उत्कृष्ट पाँचको मनोनयन सूचीमा पर्न सकेका छैनन्। मनोनयनमा परेका चलचित्र तथा चलचित्रकर्मीलाई उत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, अभिनेत्री, सहअभिनेता, सहअभिनेत्री, नवनायक, नवनायिका, खलपात्र, चरित्र अभिनेता, चरित्र अभिनेत्री, हास्यकलाकार, बालकलाकार, कथा, पटकथा, संवाद, संगीतकार, द्वन्द्व निर्देशक, नृत्य निर्देशक, छायांकार, सम्पादक, गायक, गायिका, संगीतकार, श्रृंगार, कला निर्देशक, ड्रेस डिजाइनर, ध्वनि तथा पार्श्वसंगीत गरी २९ विधामा पुरस्कृत गरिनेछ। मनोनयनमा परेका चलचित्रमध्ये 'कृपा' ले सात विधा उत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, बालकलाकार, कथा, ध्वनि तथा छायांकार विधामा मनोनीत भएको छ। चलचित्र 'पाप' उत्कृष्ट हास्यकलाकार, बालकलाकार, कथा, नवनायिका तथा ध्वनि गरी विभिन्न पाँच विधामा मनोनीत भएको छ। चलचित्र 'मार्केट' उत्कृष्ट खलपात्र, सहअभिनेता तथा हास्यकलाकार विधामा मनोनीत भएको छ।



# सामसुङको स्टार मोबाइल



सामसुङ कम्पनीले उत्पादन गरेको 'सामसुङ स्टार' मोडलको मोबाइल सेट नेपाली बजारमा आएको छ। टच स्क्रिन सिस्टमको यो सेटको स्क्रिन ३ इन्च छ, जसलाई औंला वा पिनले सञ्चालन गर्न सकिन्छ। आई फोनको प्रतिस्पर्धीका रूपमा आएको यो सेटमा ३ दशमलव २ मेगा पिक्सेलको क्यामेरा छ भने क्यामेरामा विभिन्न मोडमा 'स्माइलिङ' पनि छ, जसले हाँसेको बेलामा मात्र फोटो खिच्छ। यसमा एल्बम बनाउने सुविधाका साथै फोटो एडिटसमेत गर्न सकिन्छ। संगीतका विभिन्न फर्म्याटहरू सर्पोट गर्ने यो सेटमा आउने इयर फोनले थ्री डी साउन्ड दिन्छ भने यो सेटमार्फत अन्य स्पिकरमा पनि संगित बजाउन मिल्छ। यसमा एफएम रेडियोको समेत सुविधा छ। ५० एमबी इन्टरनल मेमोरीले युक्त यो सेटले ८ जीबीसम्मको मेमोरी कार्ड सर्पोट गर्छ। यसमा ५ सय एसएमएस सुरक्षित हुन्छ भने २ हजार फोन नम्बर राख्न सकिन्छ। क्यालेन्डर, स्टप वाच, वर्ल्ड टाईम, क्यालकुलेटर, कन्भर्टरजस्ता सुविधा पनि यसमा छ। यो सेटमा रहेको १ हजार मिलि एम्पाएरको ब्याट्रीलाई पूर्ण चार्ज गरेपछि १३ घण्टा कुरा गर्न र ६ सय घण्टा स्ट्यान्डबाई मोडमा राख्न सकिन्छ। हाल यो सेटको मूल्य २१ हजार रुपैयाँ छ।




# होन्डाको एक्टिभा

होन्डा मोटरसाइकल एन्ड स्कुटर इन्डियाले उत्पादन गरेको एक्टिभा सिरिजको 'अल न्यू एक्टिभा' स्कुटर नेपाली बजारमा भित्रिएको छ। यसअघि होन्डा कम्पनीले उत्पादन गरेको एक्टिभा स्कुटरले लोकप्रियता पाएपछि त्यसको बनौटमा केही परिमार्जन गरी कम इन्धन खपत हुने यो नयाँ स्कुटर उत्पादन गरिएको हो। फोर स्ट्रोक इन्जिन रहेको यो स्कुटर १ सय १० सीसीको छ। पहिले उत्पादन भएको स्कुटरको तुलनामा १५ प्रतिशत कम इन्धन खपत गर्ने यो स्कुटरले नेपालको सडकमा प्रतिलिटर ५५ किलोमिटर माइलेज दिने कम्पनीको दाबी छ। यो स्कुटरले चालकको सुरक्षा, सुविधा र आरामलाई विशेष ध्यान दिएको छ। यसको सिट फराकिलो छ भने चलाउन पनि सजिलो छ। यो स्कुटरको टायर अन्य टायरको तुलनामा कम पन्चर हुने किसिमको छ। हाल ६ रंगमा उपलब्ध यो स्कुटरको नेपाली बजार मूल्य १ लाख ४० हजार ९ सय रुपैयाँ छ।




# कर्डलेस माउस



कम्प्युटरमा काम गर्नेहरूलाई एकै स्थानमा बसेर विभिन्न काम गर्न सजिलो होस् भनेर लजिटेकले निर्माण गरेको कर्डलेस एयर माउस नेपाली बजारमा भित्रिएको छ। 'एमएक्स एयर माउस' नामकरण गरिएको यो उपकरणले तारविना नै कम्प्युटरमा माउसको मात्र काम गर्दैन। यसले कम्प्युटरको साउन्ड बढाउने-घटाउनेदेखि तस्बिरलाई जुम इन र आउटसमेत गर्छ। यसमा हाल प्रयोगमा आएका माउसमा हुने फंक्सनभन्दा बढी फिचर छ भने ल्यापटपमार्फत कुनै प्रजेन्टेसन गर्दै हुनुहुन्छ भने यसमा लेजर बिमसमेत छ। जसले प्रयोगकर्ताले सजिलै आफ्नो प्रस्तुति वा भनाइ लक्षित वर्गलाई देखाउन सक्छन्। पर्सनल कम्प्युटर र म्याक दुवैमा सपोर्ट गर्ने यो एयर माउस लि-इयोन चार्जेबल ब्याट्रीबाट चलाउन सकिन्छ।






फेसनमय

# पोखराका हस्ती



> उतिबेला फेसन र मोडलिङका बारेमा समाजलाई बुझाउन कम गाऱ्हो भएन, कुराकानीका क्रममा श्रेष्ठले साप्ताहिकसँग भने- 'फेसनको क्षेत्रमा लाग्दा मलाई समाजले बिग्रिएको मानिससमेत भन्यो।' समाजले जे भने पनि परिवारले भने उनलाई सपोर्ट गऱ्यो। यही क्षेत्रमा केही गर्छु भनेर उनले प्लस टु सकेपछि अध्ययनलाई ब्रेक गरे। उनलाई सीमित स्रोत र साधनको अभावमा मोडलहरूलाई रातभर रिहर्सल पनि गराउनुपर्थ्यो। उनले बसालेको ट्रेन्डले नै अहिले पोखराको फेसन र मोडलिङ क्षेत्र यो अवस्थामा आइपुगेको हो। आजभोलि वेबसाइड तथा पत्रपत्रिकाहरूमा फेसनलाई महत्व दिइएको पाइन्छ ।

पोखराको फेसन र फेसन डिजाइनर सविता शेरचन अहिले एक-अर्काका पूरकजस्तै भएका छन्। सविता शेरचनले ३ वर्षअघि खुलेको सेभी बुटिकमार्फत फेसनको हलचल नै ल्याएकी छिन्। अहिले पोखरामा फेसन गतिविधि बढ्नुमा उनको योगदानलाई कसैले भुल्न सक्दैनन्। जतिबेला फेसनका बारेमा कमैलाई मात्र जानकारी थियो, त्यस्तो बेला आशिष श्रेष्ठले पोखरामा सन् १९९६ मा पहिलो पटक फेसन सो गरेका थिए। फेसन सोको कोरियोग्राफी उनैले गर्थे। पोखराका मोडलहरूलाई पहिलो पटक र्‍याम्पमा हिँड्न सिकाउने कोरियोग्राफर पनि श्रेष्ठ नै हुन्।

छोटो अवधिमै ब्युटीसियन स्यान्ड्रा पुनले ब्युटीपार्लर व्यवसायमार्फत उत्कृष्टता प्रदर्शन गरेकी छिन्। ब्युटी क्लब एसमार्फत उनले हेयर स्टाइल र मेकअपमा नयाँपन दिएकै कारण पोखरामा फेसनको चार्म बढेर गएको छ। नयाँपन र गुणस्तरीयता नदिई कुनै पनि क्षेत्रमा सफलता हात पार्न सकिँदैन। यही कुरालाई ख्याल राखेर अघि बढेका यी तीन फेसनका हस्तीले लोकप्रियता मात्र बटुलेनन् पोखराको फेसनलाई आ-आफ्नो क्षेत्रबाट माथि उठाउने काम पनि गरे। आशिष श्रेष्ठले प्रवेशिका परीक्षा दिएपछि मोडलिङसम्बन्धी टाइम एन्ड टिन नामक मनोरञ्जनात्मक पत्रिका निकाले, पत्रिकाको आवरणपृष्ठमा उनले पहिलो मोडलका रूपमा पूर्व मिस नेपाल नीलिमा गुरुङलाई प्रस्तुत गरेका थिए।

फेसन मोडलिङकै विकास गर्ने हेतुले श्रेष्ठले दुई वर्षपछि एए इन्टरटेनमेन्ट एजेन्सी खोलेर फेसनको वातावरणलाई अघि बढाए। संस्थामार्फत उतिबेला आफनो कोरियोग्राफीमा दर्जनौं फेसन सो गराए। त्यतिबेला फेसनका लागि पहिरनको समस्या थियो। बुटिकको कन्सेप्ट आएको थिएन, श्रेष्ठ भन्छन्- 'गार्मेन्ट र हस्तकलाका सामानहरू मोडलहरूको पहिरन हुन्थ्यो।' अन्तर्राष्ट्रिय स्तरका माछापुच्छ्रे उत्सवमा आयोजित भव्य फेसन मेलामा उनको कोरियोग्राफीको धेरैले प्रशंसा गरे। एक दर्जनभन्दा बढी सुन्दरी प्रतियोगिताको कोरियोग्राफीमा आफ्नो क्षमता देखाइसकेका २९ वर्षीय श्रेष्ठ एक दशकभन्दा बढी समयदेखि पोखराको मोडलिङ क्षेत्रमा क्रियाशील छन्।

उतिबेला फेसन र मोडलिङका बारेमा समाजलाई बुझाउन कम गाऱ्हो भएन, कुराकानीका क्रममा श्रेष्ठले साप्ताहिकसँग भने- 'फेसनको क्षेत्रमा लाग्दा मलाई समाजले बिग्रिएको मानिससमेत भन्यो।' समाजले जे भने पनि परिवारले भने उनलाई सपोर्ट गऱ्यो। यही क्षेत्रमा केही गर्छु भनेर उनले प्लस टु सकेपछि अध्ययनलाई ब्रेक गरे। उनलाई सीमित स्रोत र साधनको अभावमा मोडलहरूलाई रातभर रिहर्सल पनि गराउनुपर्थ्यो। उनले बसालेको ट्रेन्डले नै अहिले पोखराको फेसन र मोडलिङ क्षेत्र यो अवस्थामा आइपुगेको हो। आजभोलि वेबसाइड तथा पत्रपत्रिकाहरूमा फेसनलाई महत्त्व दिइएको पाइन्छ, धेरै खुसी लाग्छ, श्रेष्ठ भन्छन्- 'अहिले बालबालिकालाई समेत ब्युटी कन्टेस्टमा सहभागी गराउन अभिभावकहरू उत्सुक हुन्छन्।'

साता, महिना बिराएर हुने फेसन ब्युटी कन्टेस्टले पोखरालाई फेसनेबल सहर बनाएको देखेर श्रेष्ठ हर्षित छन्। उनले सिकाएका युवायुवतीहरूले मोडलिङमा राम्रो प्रभाव जमाएका छन्। उनकै चेला कोरियोग्राफर रवीन्द्र बज्राचार्य तथा मोडल कमला पुनले मोडलिङमा राष्ट्रिय प्रसिद्धिप्राप्त गरिसकेका छन्।

सुरुका दिनमा बुटिकको कन्सेप्ट बुझाउँदा-बुझाउँदै सविता शेरचनलाई हैरानी भयो। कतिले त केही काम नपाएर यो टेलरिङ व्यवसाय किन अपनाएको भनेर खिस्याए, तर त्यसले उनलाई अलिकति पनि हतोत्साहित तुल्याएन।



जापानमा कमाउन छाडेर पोखरामा फेसनमा केही नयाँ गर्छु भनेर ५ वर्षअघि आएकी शेरचनले चाहेको सपना बिस्तारै पुरा हुँदै गयो। आईईसी फेसन सेन्टरबाट फेसन डिजाइनिङमा डिप्लोमा सकेपछि शेरचनले बुटिक खोलेकी हुन्। बुटिकलाई टेलरिङ भन्नेहरू नै नयाँ स्टाइलका लागि आउन थालेपछि बल्ल उनको मन ढुक्क भयो। शेरचन भन्छिन्- 'नयाँ फेसनका लागि अहिले हरेकलाई बुटिकले तानिहाल्छ।' पोखरामा अरू बुटिकहरू नभएका पनि होइनन् तर हरेक फेसन सोदेखि ब्युटी कन्टेस्टहरूमा उनले तयार पारेका पहिरनहरू हरेकको रोजाइ हुन थालेपछि फेसन डिजाइनिङ क्षेत्रमा उनको डिमान्ड बढेको हो।

यति मात्र होइन, उनको पहिरनको डिमान्ड हिजोआज हङकङ, बेलायत, अमेरिका, जापानजस्ता मुलुकमा बसोबास गर्ने नेपालीहरूले पनि उत्तिकै गर्ने गरेका छन्। मुलुकबाहिर समेत उनको फेसन डिजाइनले महत्त्व पाउन थालेपछि डिमान्ड पूरा गराउन आजभोलि उनलाई हम्मे-हम्मे परिरहेको छ।

बल्ल बुटिक र फेसनको महत्त्व धेरैले बुझेछन्, बुटिकमा व्यस्त सविताले भनिन्- 'अब नयाँ फेसनका लागि कोही पोखराबाट बाहिरनु पर्दैन।' उनीकहाँ फेसनपारखीहरूको नयाँ- नयाँ डिजाइनको मागदेखि विभिन्न फेसन सो र ब्युटी कन्टेस्टका लागिसमेत डिजाइन तयार गर्न माग गर्दै आउनेहरूको संख्या बढिरहेको छ। यसले उनलाई सन्तोष मात्र होइन हर्षित पनि बनाएको छ। उनले बुटिकमार्फत व्यापारिक फाइदा मात्र हेरिनन्। यदि पैसा नै कमाउने सोच भएको भए उनी अहिलेसम्म जापानमै हुने थिइन। नाम कमाउनका लागि नै उनले फेसन डिजाइनिङको क्षेत्र रोजेकी हुन्।

आफै स्टाइलिस्ट छिन्। एक दशकभन्दा लामो समय कोरिया बसाइपछि दुई वर्षअघि पोखराको व्यस्त बजार महेन्द्रपुलमा खोलिएको ब्युटीक्लब एस.की सञ्चालिका पुन नितान्त नौलो खालका थरी-थरीका हेयर स्टाइल र मेकअपका कारण छाटो समयमै लोकप्रियताको सिँढी चढेकी छिन्। पोखराका फेसन कार्यक्रमदेखि ब्युटी कन्टेस्टहरूमा उनको हेयर स्टाइल र मेकअपले राम्रो स्थान जमाउँदै आएको छ। मोडलहरूलाई तस्बिर सेसन गराउन पनि उनका हेयर स्टाइल र मेकअप पहिलो रोजाइमा परेको छ। कोरियाबाट पहिलो पटक उनले नेपाल भित्र्याइन् हेयर एक्स्टेन्सन। विदेशी शैलीका हेयर स्टाइलकै कारण पार्लर खोलेको दुई वर्षमै उनले फेसनेबल सहर पोखरालाई अझ फेसनेबल तुल्याइन्।

स्थानीय फेसनपारखीहरूलाई मात्र होइन, राजधानीकै कलाकार, सेलिब्रेटीदेखि अन्य फेसनपारखीहरूलाई समेत नौलो स्टाइलले आकर्षित गरेको छ। एक दशकभन्दा बढी समय कोरियामा बसेर स्यान्ड्राले उतैबाट ब्युटीसियनसम्बन्धी तीनवर्षे कोर्स पूरा गरेकी हुन्। उनले विदेशमा चल्ने नयाँ प्रविधि र स्टाइल भित्र्याएकै कारण मोडलहरूको तस्बिर सेसनदेखि फेसन कार्यक्रमहरूमा उनको माग बढेको हो। लाहुरे बाबुकी छोरी स्यान्ड्राको अधिंकाश समय विदेशमै बित्यो। उनको जन्म पनि ब्रुनाईमा भएको हो। कहिले ब्रुनाई त कहिले हङकङमा उनले आफ्नो करियरको विकास गरिन्। हङकङपछि उनी घुम्न भनेर दुई महिनाका लागि कोरिया पुगेकी थिइन्, कोरियाका फेसन पारखीहरू देखेर उनको मन लोभियो। फेसनमा केही नयाँ गर्छु भनेर उनले त्यहाँको उच्चस्तरीय ब्युटी एकेडेमीबाट लगातार तीन वर्षसम्म हेयर स्टाइल र मेकअपसम्बन्धी प्रशिक्षण लिइन्। कोरियामा सम्पन्न चर्चित हेयर एन्ड स्किन कन्टेस्टमा भाग लिएर उनले थुप्रैको प्रशंसा बटुल्दै पुरस्कार पनि पाइन्। आफूले जानेको सीप नेपालमै देखाउँछु भनेर कोरिया छाडेर आएको दुई वर्षभित्रै उनले पोखराको फेसनमा नयाँ तरङ्ग ल्याइन्। अहिले उनले काठमाडौंमा पनि ब्युटीक्लब एसको दुईवटा शाखा विस्तार गरिसकेकी छिन्।

**शिव शर्मा**



## रोमाञ्चक

# यौनजीवनका लागि

श्रीमान्-श्रीमतीको सम्बन्धमा प्रगाढता ल्याउन यौन जीवनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। यदि यसमा निरसता आए सम्बन्धमा पनि चिसोपन बढ्छ। अतः यौन जीवनको आयु बढाउन श्रीमान्-श्रीमती दुवैले आ-आफ्नो तर्फबाट प्रयत्न गरिरहनु आवश्यक हुन्छ।

**गर्नुहोस् केही बढी चाहना**

यौन विशेषज्ञहरूसित सल्लाह लिन जानेहरू धेरैजसो के प्रश्न सोध्छन् भने सातामा कतिपटक यौन सम्पर्क गर्नु राम्रो हुन्छ ? यसको सबैभन्दा ठूलो कारण के हो भने धेरैजसो व्यक्ति यौनलाई कामका रूपमा हेर्छन्, उनीहरूलाई के लाग्छ भने धेरै यौन स्वास्थ्यका लागि हानिकारक हुन सक्छ, जब कि नियमित यौन सम्बन्धबाटै आपसी सम्बन्धमा प्रगाढता आउँछ र यसले राम्रो स्वास्थ्य एवं शरीर फिट राख्न पनि सहयोग पुर्‍याउँछ। अतः यौनका सम्बन्धमा नाप-तौलको फर्मूलाबाट बाहिर निस्कनु आवश्यक छ। आफ्नो चाहना, सुविधा र क्षमताअनुसार यसमा संलग्न हुनु बुद्धिमानी हुन्छ।

धेरैजसो व्यक्ति यौन क्रियाकलापमा बढी गम्भीर हुन्छन् र मात्र शारीरिक क्रियामा ध्यान दिन्छन्। यस प्रकारले यौन जीवन बोरिङ हुन पुग्छ। यौनलाई रोमाञ्चक बनाउन यौन क्रियाका बखतमा मात्र नभएर फोनमा होस् वा घरको कामकाजमा थोरै मस्ती पनि आवश्यक छ। अतः फुर्सदमा साथीसित कामुक कुराकानी गर्नुपर्छ, यस्तो मस्तीले यौन जीवनमा जादु छर्छ र यौन जीवन रोमाञ्चपूर्ण रहन्छ।

**उमेरको सीमा नहोस्**

धेरैजसो महिला आफ्ना छोराछोरी ठूला भैसकेपछि यौनप्रति त्यति अग्रसर हुन रुचाउँदैनन्। उनीहरूलाई लाग्छ अब आफ्नो यौन जीवन विश्रामको स्थितिमा पुगिसकेको छ। यो सोचाइले दाम्पत्य जीवनमा कटुता उत्पन्न हुने सम्भावना रहन्छ। यदि त्यस्तो सोँच छ भने त्यसलाई परिवर्तन गर्नु आवश्यक छ। उमेर बढ्दैमा वा आफ्ना सन्तान ठूला हुँदैमा यौन जीवन समाप्त भयो भन्ने अर्थ लगाउनु गलत हो। यौन जीवनलाई उमेरको सीमाभित्र राख्नु हुँदैन।

**स्थान र आसन परिवर्तन**

यौन जीवनलाई रोमाञ्चक बनाउन नयाँ-नयाँ प्रयोग गरिरहनुपर्छ। आसन र स्थान परिवर्तन गरेर आफ्नो यौन जीवनमा नवीनता सञ्चार गर्न सकिन्छ। आफ्नो यौनसाथीको रुचि एवं चाहनालाई विशेष ध्यान दिनु आवश्यक छ। साथै आफ्नो इच्छा, चाहनाआदि पनि साथीलाई बताउनुपर्छ।

**फिटनेस फन्डा**

आम जीवन जस्तै यौनमा पनि फिट रहनुपर्छ। विभिन्न शोध अनुसार जो फिट रहन्छन् उनीहरूको यौन जीवन पनि उत्तिकै स्वस्थ हुन्छ। अतः यौन जीवनको पर्याप्त आनन्द लिन आफूलाई फिट राख्नुपर्छ। यसको अर्को पनि फाइदा छ- यौन क्रियाका बखत व्यक्ति आफ्नो शरीरका सम्बन्धमा हीन भावनाले ग्रसित हुँदैन र आफ्नो यौनसाथीको कामुक शारीरिक बनावटबाट जोकोही रोमाञ्चित हुन्छन्।

**मनको कुरा व्यक्त गर्नुपर्छ**

कतिपय महिलाको के गुनासो हुन्छ भने श्रीमान् शारीरिक सम्पर्कपश्चात् तुरुन्त अलग हुन्छन् जब कि उनीहरू अतृप्त नै हुन्छन्। यस्तो स्थितिमा रिस पाल्नु वा आफ्नो मिल्ने साथीलाई कुरा भन्नु भन्दा आफ्ना श्रीमान्लाई नै यो कुरा बताउनु उपयुक्त हुन्छ। तिनलाई यो कुरा बताउनुपर्छ कि यौनसम्पर्कपश्चात् पनि उनको सामीप्यता आवश्यक छ। यौन क्रियाका बखत आफ्नो यौनसाथीका सम्बन्धमा मनपर्ने वा मननपर्ने कुरा बताउनु राम्रो हुन्छ। यसो गर्नाले यौनसाथीलाई आफ्नो इच्छा-अनिच्छाका सम्बन्धमा जानकारी प्राप्त हुन्छ र उनले आफ्नो भावनाको ख्याल गर्न थाल्छन्।

**खाना ख्वाउने स्टाइल परिवर्तन**

प्रेम अभिव्यक्त गर्न कैयन श्रीमती आफ्ना श्रीमान्लाई हेवी खाना ख्वाउँछन् जसका कारण यौन क्रियाका बखत श्रीमान् सक्रिय रहन सक्दैनन् र त्यसले स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पार्छ। अतः प्रेम व्यक्त गर्न खाना ख्वाउन नै चाहने हो भने स्वस्थकर खाना जस्तै- फल, हरियो सागपात, अंकुरित अन्न आदि ख्वाउनु उपयुक्त हुन्छ। यसबाट यौनजीवन सक्रिय र स्वस्थ रहन्छ अनि लामो समयसम्म यौन जीवनको आनन्द उठाउन सकिन्छ।

**धेरै नजिक हुनु पनि ठीक होइन**

कैयन् व्यक्ति धेरै ताकझाक गरेर यौन जीवनलाई बोझपूर्ण बनाउँछन्। कैयन महिला श्रीमान् घर अबेर आउँदा शंका गर्छन्। यसैगरी श्रीमान् पनि कैयन् अवस्थामा निष्क्रिय हुन पुग्छन्। यसले सम्बन्धमा प्रेमको सट्टा दूरी बढाउँछ। अतः श्रीमान्को नजिक रहनुपर्छ तर यति नजिक पनि होइन कि उनलाई आफ्नो स्वतन्त्रता नै कब्जामा परेको महसुस होस्।

**पुनः हनिमुन**

आफ्नो यौन जीवनमा नीरस अनुभव भए पुनः हनिमुनको प्लान गर्नु उपयुक्त हुन्छ। परिवार तथा छोराछोरीबाट टाढा एकान्त, एक-आपसमा समय बिताउने वातावरण सिर्जना गर्नु राम्रो हुन्छ। आफ्नो विवाहको प्रारम्भिक दिनलाई स्मरण गर्नु, एक-अर्काको सामीप्यमा समय गुजार्नु आदिले दाम्पत्य जीवन रोमाञ्चक एवं ताजा हुन्छ।

**सतर्कता पनि आवश्यक**

यौनको आनन्द त्यति बेला नै अनुभव हुन्छ जब सुरक्षा र हाइजेनिकको विशेष ख्याल राखिन्छ। गर्भ रहने डर यौनसम्पर्कमा आनन्द प्राप्त गर्न नसक्ने ठूलो कारण हो, यसबाट बच्न उचित गर्भ निरोधक उपाय अवलम्बन गर्नुपर्छ, साथै आफ्नो यौनांगको सरसफाइमा पनि ध्यान पुर्‍याउनुपर्छ। विशेष गरी यौनसम्पर्कपश्चात् आफ्नो यौनांगको सफाइ गर्न बिर्सनु हुँदैन, त्यसो गरिएन भने इन्फेक्सनको सम्भावना बढी हुन्छ।


**तु. आवश्यकता**

विगत ५ वर्षदेखि सञ्चालित नेपाल सरकारबाट मान्यता प्राप्त संस्थालाई महिला विद्यार्थी कर्मचारीको आवश्यकता।
तलब : 8500
सख्या : 10 Ladies, 7 Gents
योग्यता: साधरण लेखपढ, Test, SLC +above + Basic Computer जानेका

सम्पर्कः
२०६३१००, ९८०३४८४०२६, ९८४१७५९१३५ चाबहिलचोक
शनिबार पनि कार्यालय खुल्ला रहनेछ।

**सौन्दर्यका सामानहरू**

१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,५००/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. २,०००/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-

Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैकपछाडिफोन:४२४२०६१,४२३०८१५





**नेपालीहरूको महान् पर्व बडादसैंका अवसरमा आफ्ना इष्टमित्र तथा आफन्तहरूलाई शुभकामना सन्देश पठाउन चाहने पाठकहरूले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा भदौ ३१ गतेसम्म आइपुग्ने गरी पठाउन हुन अनुरोध गरिन्छ।**

**–सम्पादक**

## ● सन्देश ●

मेरा सबै शुभचिन्तक एवं आफन्तहरूको मीठो सम्झना, साथै अभिनेत्री रेखा थापाजी अझै राम्रा चलचित्रमा अभिनय गर्दै जानु, हिट बनाउने जिम्मा हाम्रो। साथै महिला दिदीबहिनी, आमा, भाउजु लगायत सबैमा तीजको शुभकामना विशेषरूपमा चलचित्रकर्मीहरूलाई।

**इन्द्र कार्की**

इनरुवा, सुनसरीका आत्मीय साथीहरू श्रीनिवास, सचिन, किशोर, इमरान, रितेश, अनुशा, रोमा, ममता, रविना, सन्ध्या, मुना, सर्मिला, इफान, निरज लगायत सबैलाई ह्याप्पी बोलबम, जयभोलेबाबा।

**विनोद खतिवडा**

रियाजी, जन्मदिनको धेरै-धेरै शुभकामना अनि जिन्दगीमा धेरै प्रगति तथा उन्नतिको कामना।

**उही**

स्नातक द्वितीय वर्षको परीक्षाका लागि सम्पूर्ण साथीहरूलाई शुभकामना। विशेषगरी सुनसरी क्याम्पसका साथीहरूलाई।

**विनोद**

सपना, जन्मदिनको धेरै-धेरै शुभकामना। अनि आजभोलि कता हराइरहेको ?

**लोमश**

भाइ विनोद, जन्मदिनको धेरै-धेरै शुभकामना अनि तिम्रो जीवनमा उन्नति तथा प्रगतिको कामना।

**लोमश खतिवडा**

पत्रमित्र साथीहरू, जवाफ समयमै पठाउन सकिनँ। यसलाई अन्यथा नलिनुहोला। पत्र पठाउँदै गर्नुहोला। वन्दनाजी मलाई मोबाइलमा फोन गर्नुहोला।

**शीतल आचार्य**

सम्झना, यो पवित्र हृदयबाट असीमित मायाका अनि सम्झना।

**मानध्वज**

रसना, मुटुभरिको माया अनि मीठो सम्झना स्वीकार गर। मप्रतिको तिम्रो माया जुनीभर यसैगरी कायम रहोस्, हरेक पाइलामा सफलता मिलोस्, तिमीले जे काम आँटेकी छौ छिट्टै पूरा होस् साथै जन्मदिनको शुभकामना।

**प्रेमी**

प्रिय भान्जा राज अधिकारी छ वर्ष पूरा गरी सात वर्षमा प्रवेश गरेको अवसरमा सुस्वास्थ्य, दीर्घायुका साथै उत्तरोत्तर प्रगतिको कामना।

**मामा सन्तोष**

भीमसेनजी, जन्मदिनको अवसरमा हार्दिक शुभकामना।

**मैयाँ**

## ● साथी ●



हल्का कालो वर्णका एमबी तामाङ २४ वर्षका भए। ५ फिट ६ इन्च अग्ला तामाङ हाल बीबीएस तेस्रो वर्षमा अध्ययनरत छन्। मिलनसार स्वभावका तामाङ नयाँ स्थान घुम्न जाने तथा धेरै साथी बनाउने अभिरुचि राख्छन्। काठमाडौं, बालुवाटार बस्दै आएका तामाङ हालसम्म अविवाहित छन्। मिलनसार, दुःखमा साथ दिने तथा विश्व बन्धुत्वको भावना भएका साथीको खोजीमा रहेका एमबीलाई udashman@gmail.com मा इमेल गर्न सकिन्छ।



अजयकुमार चौधरीको उचाइ ५ फिट ६ इन्च छ। १९ वर्षीय अजय हाल प्लस टु अध्ययनरत छन्। लजालु स्वभावका अजय गहुँगोरो वर्णका छन्। सप्तरी कदमाहाका स्थायी बासिन्दा उनी हाल घट्टेकुलो बस्दै आएका छन्। अजय अविवाहित छन्। भावना बुझ्ने साथीको खोजीमा रहेका अजयलाई साथी बनाउन चाहनेहरूले chy_ajay16@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।

५ फिट ७ इन्च अग्ला शिव सेन बीएड अध्ययनरत छन्। मिलनसार स्वभावका सेन २० वर्षको भए। धेरै साथी बनाउने, गीत गाउने तथा लाहुरे बन्ने अभिरुचि राखेका



शिव गहुँगोरो वर्णका छन्। शिव अरूको दुःखलाई आफ्नो सम्झिने तथा मित्रतामा समर्पित हुने साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले हुवास-३, हातेमालो चोक, मर्दिखोला, पर्वतमा पत्राचार गर्न सक्नुहुन्छ।



काभ्रेका स्थायी बासिन्दा मनोज कार्कीको उचाइ ५ फिट २ इन्च छ। साधारण शिक्षा हासिल गरेका मनोज हाल कुकमा कार्यरत छन्। हँसिलो स्वभावका मनोज गीत संगीतमा रुचि राख्छन्। गहुँगोरो वर्णका कार्की सुख-दुःखमा साथ दिने साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले manojkarki91@hotmail.com मा इमेल गर्न सक्नुहुन्छ।



५ फिट ७ इन्च अग्ला लोमस खतिवडा २१ वर्षको भए। प्लस टु अध्ययनरत लोमस सहयोगी तथा मिलनसार स्वभावका छन्। गहुँगोरो वर्णका खतिवडा पत्रमित्रता तथा एफएममा फोन गर्ने अभिरुचि राख्छन्। असल मित्रताका लागि कुनै कुरा पनि बन्देज नहुने धारणा राख्ने खतिवडा जो-कोही आफ्नो साथी बन्न सक्ने तर्क पेस गर्छन्। उनलाई साथी बनाउन चाहनेहरूले इनरुवा-९ बलाहा, सुनसरीमा पत्राचार गर्न सक्नुहुन्छ।



गीत-संगीत सुन्न अभिरुचि राख्ने शत्रुध्नप्रसाद शाहको उचाइ ५ फिट ५ इन्च छ। हाल बीबीएस अध्ययनरत शत्रुध्न २१ वर्षको भए। हँसिलो तथा फुर्तिलो स्वभावका शत्रुघन गहुगोरो वर्णका छन्। अविवाहित साह सुखदुःखमा साथ दिने तथा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण कुनै पनि जातकी आकर्षक साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले सिटी कलेज, जनकपुरमा पत्राचार गर्न सक्नुहुन्छ।

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..............................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● जीवनको गोरेटोमा तिम्रो पर्खाइमा

**मनकी नानु,**

प्रेममा पर्ने जोसुकै कवि बन्छ रे। ठीक रै'छ, म पनि तरल हुँदैछु, सलल्ल बग्दैछु। हावा हुँदैछु, तिम्रो खोजीमा चारैतिर बहदैछु।

हेर न, कस्तो नशा लाग्यो मलाई, कताकता हराउँदै छु। कस्तो मात लाग्यो मलाई, कताकता लर्खराउँदै छु। काँडामै फूल देख्छु म त, फूलमा प्रेम देख्छु, प्रेममा शक्ति देख्छु। आखिर यही शक्तिले त संसार चलेको छ। परमाणुमा तिमी, ब्रह्माण्डमा तिमी, आकाशमा तिमी, पातालमा तिमी, मेरो शिरमा तिमी, पाइतालामा तिमी। मन्दिरको पूजामा तिमी अनि नशामा तिमी। चारैतिर तिमी छरिएकी छौ, तिम्रो प्रेम छरिएको छ। हेर न, आज म कस्तो भावुक ? यो ढुङ्गोझैं ठोस मनलाई पगाल्ने पनि तिमी।

गाउँको चौतारामा सँगसँगै उभिएका वर र पीपलको जोडी देख्दा मलाई काउकुती लाग्छ, कतैकतै तिमीले छोएजस्तो। परेवाका जोडी सँगसँगै उडेको देख्दा म चञ्चल हुन्छु, कतै हामी दुई राइट बदरलाई उछिनेर पङ्खैविना उडेजस्तो। झरीले निथ्रुक्क भिजाउँदा अझै रोमाञ्चित हुन्छु, कतै झरी बनेर मेरी मायालु जीउमा झरझर बर्सिएझैं।

काफल पाकेको तार छाड्दै वनमा कोइली कुहुकुहु गर्दा तिम्रो आवाज सुन्न अनि तिम्रो अँगालोमा हराउन आतुर हुन्छु म। आकाशतिर टोलाउँदै तिमीलाई खोज्छु। साँझमा क्षितिजलाई सिन्दूर लगाइदिएर घाम बिदा हुँदा अझ भावुक हुन्छु म। मेरा साथीहरूको माझ तिम्रो चर्चा हुँदा खुसीले उत्ताउलिन्छु अनि एकान्तमा सिमलको बोटमा आड लागेर तिम्रो तस्बिर पल्टाउँछु। औंलाले बिस्तारै तिम्रो अनुहार सुमसुम्याउन थाल्छु, तर तिमी तस्बिरबाट हराउँछौ। कहाँ जान्छौ तिमी ? सायद मेरो हृदयमा। आकाशका जून र तारा बिर्सेर बिस्तारै-बिस्तारै आँखा बन्द गर्दै हृदयभित्र तिमीलाई पाउँछु, नजिक-नजिक धेरै नजिक, दुई ओठझैं नजिक। सायद तिमी र मबीच हावा पनि अट्दैन। अनि हावाको बर्को ओढेर म तिमीलाई स्पर्श गर्छु।

मन चोर्नु माया होइन, मनलाई छुनु माया हो। हरपल तिमीले मलाई छोएकी हुन्छौ– बिहान, मध्यान्ह, साँझ अनि रातमा।

भावुकता कसरी जन्मन्छ नानु ? आज प्रत्येक कुरा मसँग बोलेझैं लाग्छ– ढुङ्गा, माटो, खोला, पहाड। सायद तिमीले मेरो दृष्टिमा तिम्रै दृष्टि छाडेकी छौ, माया छाडेकी छौ। अब मेरो संसार तिम्रो संसार हो, मेरो दृष्टि तिम्रो दृष्टि हो। हो नानु, हामी टाढा छौं। हामीबीच कैयौं जङ्गल, खोला र पहाडहरू छन् तर मलाई यी सब पारदर्शी लाग्छन्। मैले तिमीलाई पाउन यी भौतिक पर्खालहरू नाघ्नुपर्दैन, मेरो आँखाको नानीभित्र तिमी छौ, मुटुको हरेक स्पन्दनमा तिमी छौ।

अब व्यक्ति-व्यक्तिबीचको प्रेममात्र पर्याप्त छैन। यहाँ प्रेमले शक्ति जन्माउनु छ, मानवताको भाव जन्माउनु छ। तिमी र मैले एक-अर्कालाई चोखो प्रेम गरेझैं संसारमा प्रेम व्याप्त भए कति सुन्दर हुन्थ्यो ?

अन्त्यमा प्रेमीको नाताले भन्दैछु, गाउँ र झुप्राभित्रका भोका आँखाहरू कहिल्यै नभुल। सहरबाट ज्ञानको पोको बोकेर गाउँ फर्क, तिमी र म दुवै मिलेर गाउँको मुहार बदल्नु छ।

**–विजयमणि**



# काली र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ?

हे भगवान् ☐ कस्तो प्रश्न सोधेको....? च्वाँक युवती राम्रा हुन्छन् नि ।

**विनोद झा**

म काले भएकाले काली युवती नै राम्रा लाग्छन् ।

**लुरे, सुनसरी**

युवती राम्रा हुँदैनन्, राम्री मात्र हुन्छन्..... ।

**लोमश खतिवडा**

हुन त गोरी युवतीलाई नराम्रो त कसले भन्छ होला र ? तर बानी-बेहोरामा असल, ज्ञानी र दयालु पनि हेर्नुपर्‍यो । रंग त यो लोभी आँखाका लागि मात्र न हो, दिल चोखो भए जस्तो पनि राम्रो हुन्छ ।

bhai_bibekpearl@yahoo.com

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पुरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
२. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
३. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
४. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
५. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
६. पढेर जानिन्छ कि परेर ?
७. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
९. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
९. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
१०. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?



मलाई त काली युवती नै राम्रा लाग्छन् । किनभने अनुहार कालो भए पनि मन चोखो हुन्छ ।

**विनोद श्रेष्ठ**

काली न गोरी, गहुँगोरीसँग चक्कर चल्या बेलामा ।

**प्रभात कार्की**



युवती भनिसकेपछि सबै राम्रा हुन्छन् । के काली, के गोरी ?

**रामलगन चौधरी, लहान**

ब्युटिपार्लर गए काली युवती पनि गोरी भैहाल्छे, त्यसैले अचेलका युवती चिन्नै मुस्किल पर्छ । सबै सेक्सी देखिन्छन्, अब के भन्नु ?

**पृथक**

मन मिलेपछि कालो-गोरो भन्ने हुँदैन ।

**राजेन्द्र कुँवर**

काली दिलवाली तर पकेट खाली, गोरी धनी बाउकी छोरी तर पैसा चोरी हुन्छ, त्यसैले गहुँगोरो वर्णकै च्वाँक हुन्छन् ।

**जीवन दाहाल, महोत्तरी**

कुनचाहिँ राम्रा भनौं, फेरि हेंला गरेको मान्ने हुन् कि ? बरु एकपल्ट आफैं रोजिदिनुस् न, अनि राम्रा-नराम्रा म छानौंला ।

**विश्वास मगर (१८), काभ्रे**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म ३२ वर्षीया एक शिशुकी आमा हुँ । मेरो महिनाबारी पहिलेदेखि नै ठीक समयमा हुन्छ । महिनावारी हुने दुई-चार दिनअघि देखि स्तन सानो वा ठूलो हुने, साथै स्तन दुख्ने, तल्लो पेट दुख्ने र महिनावारी भैसकेपछि पनि तल्लो पेट दुख्ने, योनिबाट सेतो पानी बग्ने, योनि चिलाउने, यौनसम्पर्क गर्दा दुख्नुका साथै यौनसन्तुष्टिमा पनि कमी भएको महसुस हुन्छ । यो कुन रोगको लक्षण हो ? यो रोग केबाट र कसरी उत्पन्न हुन्छ ? कतै यो पाठेघरसम्बन्धी क्यान्सरको लक्षण त होइन ? यसको उपचार कसरी गरिन्छ ?**

**– एस.**

**उत्तर : महिनावारी र स्तन**

हामीलाई थाहै छ, मानिसको यौन तथा प्रजनन प्रणालीको सञ्चालनमा हार्मोनहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । तपाईंले पक्कै नै सुन्नुभएको होला, हार्मोनकै प्रभावमा किशोरावस्थामा स्तनको वृद्धि र विकास हुन्छ । फलस्वरूप पुरुष र महिलाको स्तन निकै फरक हुन्छ । महिलामा महिनावारीको सञ्चालन महिला हार्मोनहरूकै प्रभावमा हुन्छ । विभिन्न स्थितिमा हार्मोनको मात्रा शरीरमा कम-बेसी हुन्छ । त्यसैको प्रभाव स्तनमा पनि देखिन्छ । त्यसैले तपाईंले स्तनमा केही फरक महसुस गर्नुभएको हुनुपर्छ ।

**योनिश्राव वा तल्लो पेट दुख्ने समस्या**

योनिबाट सेतोपानीजस्तो पदार्थ बग्नुलाई योनिश्राव भनिन्छ, तर यसो हुनुको अर्थ सधैं रोग लागेको भन्ने लाग्दैन । हाम्रो सामान्य शरीरक्रियासँग सम्बन्धित र स्वाभाविक रूपमा पनि योनिश्राव हुन्छ । यस्तो स्वाभाविक योनिश्राव महिनावारी हुने बेलामा वा यौन उत्तेजना भएको बेला हुन्छ । पाठेघरको मुखबाट हुने श्राव महिनावारी भएको करिब एक सातापछि सुरु भएर डिम्ब निष्कासनको बेलासम्म हुन्छ । यस्तो स्वाभाविक किसिमको योनिश्रावका लागि कुनै किसिमको उपचारको आवश्यकता पर्दैन ।

त्यसबाहेक प्रजनन अंगका संक्रमणहरू, जसमा यौनरोग पनि पर्छ, अस्वाभाविक योनिश्राव हुने प्रमुख कारण हुन् । सामान्य रूपमा योनिबाट आउने श्रावभन्दा धेरै बढी मात्रामा आउने, गन्हाउने किसिमको वा मैलो किसिमको योनिश्राव हुन थाले त्यसलाई अस्वाभाविक योनिश्राव भनेर बुझ्नुपर्छ । यौनरोग भन्नाले यौनसम्पर्कको माध्यमबाट सर्ने रोगलाई बुझाउछ । यस्तो संक्रमण हादा तपाईंले उल्लेख गर्नुभएजस्ता लक्षण देखिन सक्छन् । केही संक्रमण पाठेघरको मुख हादै पाठेघर अनि त्यस वरिपरिका अङ्गमा प्रभाव पार्छन् । यस्तो स्थितिमा तल्लो पेट दुख्ने समस्याले सताउन सक्छ ।

**पीडादायक यौनसम्पर्क**

सामान्यत: यौनसम्पर्क सुखमय हुनुपर्ने हो । यसमा नै मानिसले सर्वोत्कृष्ट सुख प्राप्त गर्ने भएकाले यसलाई चरमसुख पनि भनिन्छ तर सबैमा त्यस्तो हादैन । कतिपय कारणले यौनसम्पर्क पीडायुक्त हुनपुग्छ । पीडादायक तथा अप्ठ्यारो यौन सम्पर्कलाई चिकित्सीय भाषामा Dyspareunia भनिन्छ ।

तपाईंले लिङ्ग दुख्ने कुरा गर्नुभएको छ, यो तपाईंको कि श्रीमान्को ? स्पष्ट भएन । यौनसम्पर्कका बेला पुरुषको लिङ्ग दुख्न सक्छ । यस्तो विभिन्न कारणले हुन्छ, जसमध्ये आधाजसो शारीरिक कारणले हुने मानिन्छ भने आधाजसो मानसिक । लिङ्ग, अग्रचर्म, अण्डकोष, मूत्रनली वा पौरुष ग्रन्थिका शोथ वा संक्रमण पुरुषको यौनसम्पर्क पीडायुक्त हुने शारीरिक कारण हुन् ।

महिलामा यौनसम्पर्कको बेलामा अनेक कारणले पीडा हुनसक्छ । यसका पनि दर्जनौं शारीरिक कारण हुन सक्छन् भने मानसिक कारण पनि त्यति नै हुन्छन् । यौनसम्पर्क पीडायुक्त हुने एक प्रमुख कारण योनि सुख्खा हुनु हो । एलर्जीको औषधीले मुख मात्र होइन, योनि पनि सुख्खा बनाउन सक्छ । त्यसै गरी मधुमेह, योनिको संक्रमण वा शोथ वा महिला हार्मोनको कमी यसका कारण हुनसक्छन् । अन्य शारीरिक कारणमा योनिद्वार वा भगक्षेत्रको छालाको समस्या हुनसक्छ । त्यसैगरी भगाङ्कुरको संक्रमण वा शोथमा पनि यौनसम्पर्क पीडायुक्त हुनसक्छ । योनिद्वार वा Bartholin's Gland को संक्रमण पनि पीडाको कारण हुनसक्छ । मूत्रनली वा मलद्वारमा कुनै समस्या छ भने पनि महिलाका लागि यौनसम्पर्क पीडादायक हुनसक्छ । योनिको संक्रमण वा कुनै रसायनका कारणले शोथ भएको छ भने पनि पीडा हुने नै भयो । त्यसैगरी पाठेघरको मुख वा पाठेघरको संक्रमण वा अन्य खराबी पनि यस्तो पीडाको कारण बन्न सक्छ । यीमध्ये कुनै पनि कुराको शंका छ भने एकपल्ट स्त्रीरोग विशेषज्ञसँग सम्पर्क राखी रोगको निदान गर्नु बेस होला ।

अर्को महत्त्वपूर्ण कारण योनिको मांसपेशी कडा हुनु हो । यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ । धेरैजसो अवस्थामा भयातुर वा डर नै यसको कारण बनेको हुन्छ । कसरी मानसिक समस्याले यौनसम्पर्कमा पीडाको समस्या निम्त्याउाछ, यकिनका साथ भन्न गाह्रो छ । त्यसैले कुनै डर वा भय छ भने पत्ता लगाई त्यसलाई हटाउनु आवश्यक छ ।

**कतै क्यान्सर पो हो कि ?**


महिलाहरूमा हुने क्यान्सरको कुरा गर्दा नेपालमा स्तनको भन्दा पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी पाइन्छ । यो क्यान्सर HPV नामको भाइरसको संक्रमणका कारणले हुने कुरा प्रमाणित भैसकेको छ । पाठेघरको मुखको क्यान्सर यस्तो क्यान्सर हो जसलाई सुरुमै पत्ता लगाई रोकथाम गर्न सकिन्छ । यो महिला स्वास्थ्यको एक प्रमुख समस्या हो । यसमा परिवार स्वास्थ्य महाशाखाले काम गर्न थाले पनि वास्तवमा नेपालमा ठोस काम भएको छैन । पाठेघरको मुखमा एसिटिक एसिड लगाई रंग परिवर्तनको अध्ययन गरी जोखिम भए सजिलै उपचार गर्न सकिन्छ । अर्को तपाईंले Pap Smear गराउन सक्नुहुन्छ, तर यी क्यान्सरका लक्षण देखिनुभन्दा पहिले नै गरिनुपर्ने कुरा हुन् । लक्षण देखिउन्जेल त धेरै ढिलो भैसकेको हुन्छ । समस्या जे भए पनि एकपल्ट परीक्षण गराइहाल्नु बेस हुन्छ ।

ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्स्लन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, चायाँ, डन्डीफोरको उपचारको लागि
शारिरिक तौल घटाउने, बढाउने ।
मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
नोट: सावधान! डाक्टरद्धारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस ।
माहारूद्र आयुर्वेद फार्मेसि
लगनखेल साझाभवन पसल नं २२
2291316, 9741137095

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

## बाटो पत्ता लगाउनुहोस्



## तपाईं कहाँ हुनुहुन्छ ?

तपाईं एउटा विशाल चौरको पश्चिम फर्केर उभिनुभएको छ। तपाईंको ठीक अगाडि पश्चिमतर्फ जाने बाटो छ। त्यो बाटोको सुरुमै प्रवेशद्वार छ। त्यो द्वारबाट अगाडि गएपछि एउटा चोक आउँछ। त्यो चोकको बीचमा नेपालका एक भूतपूर्व प्रधानमन्त्रीको सालिक उभिएको छ। त्यो सालिकको पश्चिमतर्फ जाँदा तपाईं प्राचीन दरबार क्षेत्रमा पुग्नुहुन्छ। अब भन्न सक्नुहुन्छ, तपाईं कहाँ हुनुहुन्छ ?

## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | २ | | | | | ३ |
| | ४ | | | | ५ | ६ | | | |
| | | ■ | ■ | | | | ■ | ■ | |
| | ७ | | | | | | ८ | | |
| | | ९ | | | | | १० | | ११ |
| १२ | | | ■ | ■ | ■ | ■ | १३ | १४ | |
| | | | १५ | | | | | | |
| १६ | | | | १७ | | | | | १८ |
| | ■ | ■ | | | १९ | | ■ | ■ | |
| २० | | | | | | २१ | | | |

**दायाँ**

१. बाजुरामा पर्ने एक तीर्थ (५)
२. चार विनायकमध्ये एक (६)
४. सप्तरीको सदरमुकाम (५)
५. ताल-पोखरीमा हुने झार (४)
७. मध्यएसियाको पर्वतश्रृंखला (५)
८. माछाका जस्ता आँखा (३)
९. वैशालीकी नगरवधू (४)
१०. समूहविशेषको रासन (३)
१३. सहज, सरल (३)
१५. अक्षर कुँदिएको तामाको पाता (४)
१६. सानो ताउलो (३)
१७. निरन्तर (५)
१९. चमक, तेज (२)
२०. जंगल, बगैंचा (३)
२१. रामकथा (४)

**तल**

१. नेपाल एकीकरणका एक नायक (६)
२. झ्यालखाना (४)
३. काठमाडौंको एक टोल (४)
४. मुगुको दह (२)
५. एक सुगन्धित बुटी (४)
६. एक जिल्ला (४)
७. यौनका देवता (४)
८. सुब्बाभन्दा माथिको पद (४)
९. पहिलो बासिन्दा (४)
११. आगो निभाउने यन्त्र (४)
१२. तीज (५)
१४. दाल खाइने मासजस्तो गेडा (३)
१५. कोसीको एक सहायक नदी (४)
१७. हावा, वायु (३)
१८. रामका भाइ (३)
१९. कालो चरा (२)


## पत्याउनु हुन्छ ?



गौंथली वर्गको स्पिन टेल चरा सबैभन्दा तीव्र गतिमा उड्छ। यो चरा ३ सय ५४ किलोमिटर प्रतिघन्टाको रफ्तारमा उड्न सक्छ।



बेलायतकी मोडल इमिली हर्नीले कुनै पनि पुरुषसँग सम्बन्ध-विच्छेद नगरी पाँच जना पुरुषसँग विवाह गरेकी थिइन्। यस्तो कार्य सार्वजनिक भएपछि उनलाई सात वर्षको जेल सजाय सुनाइयो।



अमेरिकाको न्यूजर्सीमा आयोजित एक सांगीतिक समारोह हिलोमा सम्पन्न भएको थियो। जसमा श्रोताहरूले संगीतको तालमा एक-अर्कालाई हिलो छ्यापेर आनन्द उठाएका थिए।


## १० वटा फरक खोज्न सक्नुहुन्छ ?







# दुबईमा कलाकार



दुबईमा गत केही वर्षदेखि नेपाली सांस्कृतिक कार्यक्रमको क्रम बढ्दै गएको छ। नेपालका विभिन्न क्षेत्रलगायत चलचित्रका ख्यातिप्राप्त कलाकारहरूले यहाँ आफ्नो परफरमेन्स दिइसकेका छन्।

दुबईको शेखराशिद अडोटियरममा यस पटक राष्ट्रभक्ति गीतले सयौं दर्शक भावुक भए। राष्ट्रिय नाचघरका कलाकारहरूले यही १४ अगस्ट २००९ का दिन नेपालीको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्ममा प्रचलित नेपाली नृत्य एवं गीत-संगीत प्रस्तुत गरेर दर्शकलाई आफ्नै गाउँघर पुऱ्याए। कलाकार शम्भुराज शाक्य, गायिका लोचन भट्टराई, लोकदोहोरी गायक गायीका खड्गबहादुर बूढा र दिलरानी मजाकोटीले दर्शकहरूलाई राष्ट्रियतामा डुबुल्की मार्दै रोधीघरसम्म पुऱ्याएका थिए।

राष्ट्रिय नाचघरका एक कलाकारले प्रस्तुत गरेको मयूरनृत्यले उपस्थित नेपाली दर्शक मात्र नभएर विदेशी दर्शकको मनमा पनि अमीट छाप छोडेको थियो। नृत्यांगना सीता राईको नृत्यले दर्शकहरूलाई कुर्सी छाडी नाच्न बाध्य तुल्यायो भने बाबु बोगटीको 'सान्नानी' गीतले दर्शकहरूको मनमुटुमै लौरी हिर्काएको थियो। चर्चित नायक दिलीप रायमाझी तथा नायिका झरना थापाको प्रस्तुति पनि दर्शकहरूले औधी मन पराए।

**–अर्जुन दाहाल**

गत आइतबार कमलादीस्थित प्रज्ञाभवनको प्रेक्षालयमा थरीथरीका आकर्षक नृत्यमा रमाउनेहरूको बाक्लो उपस्थिति थियो भने भवनकै पछाडिपट्टिको चौरमा लाइभ कन्सर्टमा झुम्मिनेहरू पनि उत्तिकै थिए। स्थापनाको एक दशक पार गरेको अवसरमा एपेक्स डे मनाउन जुटेका एपेक्स कलेजका छात्रछात्राले गीत-संगीत, नृत्यमा पनि आफूलाई अब्बल सावित गरे। हिन्दी र अंग्रेजी

## छानिए एपेक्सका मिस्टर एन्ड मिस



रिमिक्स गीतमा आकर्षक नृत्यको प्रस्तुति एकातिर थियो भने अर्कातिर मिस्टर एन्ड मिस एपेक्स शीर्षकमा प्रतिस्पर्धाको रोचकता थियो। अडिसनबाट छाएिका छ-छ जना छात्र-छात्राबीचको प्रतिस्पर्धालाई परिचयात्मक बेस्ट ड्रेस र प्रश्नोत्तर गरी तीन चरणमा सम्पन्न गरिएको थियो, जसमा इभिता बज्राचार्य र युवराज कार्की मिस्टर एन्ड मिस एपेक्सको छनौट गरिएको थियो। कलेजका विद्यार्थीहरूको भोटिङका आधारमा १२ प्रतिस्पर्धीमध्ये दूरदर्शन चन्दले मोस्ट पपुलर एवार्ड हासिल गरे। कलेजमै सम्पन्न ट्यालेन्ट राउन्डबाट पवित्र राना मस्ट ट्यालेन्टेड छनौट भइन्। बेस्ट ड्रेसतर्फ भने युवराज कार्की र पूजा अग्रवाल विजयी भए। नेवारी पहिरनमा सजिएका इभिता बज्राचार्य र गोविन्द महर्जनको जोडीले बेस्ट कपलको उपाधि हात पारे।



द्वापरयुगको भदौ कृष्ण अष्टमीमा जन्मिएका भगवान् श्रीकृष्णलाई विपत्तिमा परेकाहरूको देवता मानिन्छ। यिनै कृष्णका भक्तहरूको सहर पाटनमा उनलाई घरघरमा पूजा गर्ने चलन छ। 'त्यसैले त यहाँ सितिमिती महामारी फैलँदैन,' पाटनका वृद्ध बिलबहादुर डंगोल बताउँछन्।

भगवान श्रीकृष्णको जन्माष्टमीको भोलिपल्ट

## पाटनमा मयूरजात्रा

पाटनमा मयूरजात्रा सम्पन्न भएको छ। पाटनमा रहेका कृष्णमन्दिरहरूको परिक्रमा गरेर जात्रा मनाइएको थियो। जात्रामा भगवान् कृष्णलाई मनपर्ने मयूरको प्वाँख बोकेर युवतीहरूले नगर परिक्रमा गरे। ती प्वाँख कृष्णमन्दिरमा चढाइएका थिए। यो जात्राका सहभागीहरूका लागि मात्र वर्षको एक दिन पाटन दरबार क्षेत्रमा रहेको सुन्दरी चोक तथा च्यासिङ मण्डप सर्वसाधारणका लागि खुला गरिन्छ।


प्वाँख चढाउन नसकेकाहरूले भने भगवानलाई मन पर्ने दूध, दही, मखन, खीर आदि चढाए। बाजा-गाजासहितको टोलीले कृष्ण मन्दिरहरूमा पुगेर वर्षाऋतुमा हुने महामारीबाट जोगाउन भगवान्सँग पुकार गरे।

# धरान नटराजको दोस्रो छनौट

धरान–नृत्य प्रतिभाको खोजी गर्ने उद्देश्यले गरिमा डान्स सेन्टर, धरानले सुरु गरेको धरान नटराज प्रतियोगिताको दोस्रो चरणको छनौट सम्पन्न भएको छ। धरानका १३ वटा विद्यालयबाट पहिलो चरणमा छनौट भएका ३९ जनाबीच सम्पन्न प्रतिस्पर्धामा ३१ जना छानिएका छन्। धरानका विद्यालयहरूका नृत्य प्रतिभा खोजी गर्ने उद्देश्यले गरिमाले पहिलो पटक आयोजना गरेको नटराज प्रतियोगितामा सहभागी सयभन्दा बढी प्रतिस्पर्धीबाट छनौट भएका ३९ मध्ये दोस्रो चरणमा ३१, तेस्रो चरणमा उत्कृष्ट २५, २०, १५, र १० छनौट गर्दै प्रतियोगिताको फाइनल असोज २ गते धरान सभागृहमा हुनेछ। प्रतियोगितामा धरानका समिट, विजयपुर, युरेका, विष्णु मेमोरियल, क्यामेलिया, डिपोट, सुनगाभा पर्वत, बुद्ध आदर्श, ज्ञानोदय, सुनाखरी तथा दिल्ली पब्लिक स्कुलका छात्रछात्राहरू सहभागी थिए।

**–गोपाल दाहाल**

# हाँसो र संगीतले गुन्जियो बनेपा



प्लस टु अध्ययनरत युवा-युवतीले मैदान भरिभराउ थियो। त्यसै बेला 'मेरी बास्सै' का जादुगर महादेव त्रिपाठी 'अन्तरु मन्तरु लखन्तरु छुमन्त्र' भन्दै मञ्चमा पुगे। जब उनले साँच्चिकै जादु देखाएर सहभागीहरूको आँखा छले तब दर्शकहरू पेट मिचीमिची हाँस्न बाध्य भए।

बनेपास्थित वेलर इन्टरनेसनल एकेडेमीका विद्यार्थीहरूले आयोजना गरेको उक्त कार्यक्रममा चर्चित गायकहरूले बाटो हिँडिरहेका यात्रुहरूलाई समेत कार्यक्रमस्थलतिर आउन बाध्य पारे। गायक भरत सिटौलाले 'कहिले आगो, कहिले पानी, यस्तै रहेछ जिन्दगानी.......' गीत प्रस्तुत गर्दा कार्यक्रमस्थल नै संगीतमय भएको थियो।

गायक हेमन्त शर्माले 'माया गर्छु भन्नेले, माया देखाइदेऊ' गाउन थालेपछि युवायुवतीहरू सबै कुरा बिर्सेर छमछम नाच्न बाध्य भए। राष्ट्रिय रूपमा ख्याति कमाएका विभिन्न ब्यान्डले गीत प्रस्तुत गर्दा लाग्थ्यो, संगीतको संसारमै आइएछ। कलाकारहरूको अभिनय, गायकहरूको गीत, ब्यान्डहरूको सांगीतिक ध्वनिले बनेपा क्षेत्र नै हाँसो र संगीतले भरिएको थियो।

नायक श्रीकृष्ण श्रेष्ठ, गायक हेमन्त शर्मा, भरत सिटौला, कलाकार कुमार कट्टेल, जादुगर महादेव त्रिपाठी, सांगीतिक ब्यान्ड ग्लुमी गाइजसहित पाँचवटा ब्यान्डले दर्शकहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरे। 'छ घण्टा त छ मिनेटमै बितेछ,' कार्यक्रम सकेर बाहिरिएकी युवती सरिता रिजालले हाँस्दै सुनाइन्।

**–मनोज बस्नेत**





# पाल्पाको ऐतिहासिक भगवतीजात्रा

अगाडि ढोलक, त्यसपछि पन्चैबाजा, तामभामसहितको भगवतीको मूर्तिलाई लामो डोरी र रथमा बोक्दै भन्न थाले- 'भगवती माताकी जय.... भगवती माताकी जय..... ।' अघिल्लै दिनदेखिको जाग्राम, श्रद्धालुको भीड ।

यो सन् १८७१/७२ को नेपाल-अंग्रेज युद्धसँग सम्बन्ध गाँसिएको पाल्पाको रणउजीरेश्वरी भगवती जात्रामा देखिएको दृश्य हो । रथ बोक्ने पिपासुहरूभन्दा पछि लाखे नाच, विभिन्न विद्यालयका झाँकीहरू पनि छन् । सडक श्रद्धालुहरूले भरिएको छ ।

पश्चिम नेपालमा यसलाई सबैभन्दा ठूलोजात्राका रूपमा लिइन्छ । वि.सं. १८७६ देखि मनाइँदै आएको यो जात्राले अहिलेसम्म निरन्तरता पाएको छ । यस पटक १९० औं जात्रा मनाइएको भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष केदारलाल श्रेष्ठले बताए ।

तानसेन भगवतीटोलस्थित रणउजीरेश्वरी भगवतीको मूर्तिलाई अबिरजात्रा गरेर सदरमुकाम तानसेनमा घुमाइयो । ऐतिहासिक यो जात्रा हेर्न पाल्पा र छिमेकी जिल्ला साथै काठमाडौंमा बसोबास गर्ने पाल्पालीहरूसमेत उपस्थित थिए । शक्तिपीठका रूपमा चिनिने भगवती मन्दिरमा बिहीबार बेलुकादेखि नै रातभर पूजा गरिएको थियो । यस वर्ष श्रद्धालुहरूको अत्यधिक घुइँचो थियो । पानी परे पनि रथ उठाएको केही मिनेटमै पानी रोकिएको थियो ।

दिउँसो १ बजेर ४ मिनेट जाँदा रथ उठाई तीन पटक मन्दिरलाई घुमाइएको थियो । मन्दिर घुमेर बोका र पाडाको बलि दिइसकेपछि रथलाई बजार लाने चलन छ । भगवतीको अबिरजात्रासहितको रथ तानसेन बजारका अधिकांश स्थानमा पुर्‍याई स्थानीय बासिन्दालाई पूजा गर्न दिइएको थियो ।

# शान्तिपूर्ण रूपमा सकियो भीमसेन जात्रा

वीरगन्ज- अघिल्ला वर्षहरूमा युवा समूहहरूबीच हुने झडपका कारण चर्चामा रहँदै आएको वीरगन्जको भीमसेन जात्रा यस वर्ष शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

विगतमा विभिन्न टोलका युवा समूहहरूबीच जात्राका क्रममा हुने झडपका कारण नगरमा बर्सेनि क्षति हुँदै आएको थियो । विशेष गरी नगरको मुख्य सडकमा रहेका होटल, बैंक, पसल, व्यापारिक प्रतिष्ठान आदिका झ्याल-ढोकाका सिसाहरू तोडफोड हुनु, युवाहरू घाइते हुने घटना यो जात्रामा सामान्य भैसकेको थियो । भड्किलो बन्दै गएको यो आदि व्यापारिक प्रतिष्ठानहरूले तोडफोड हुने भयले शनिबार दिउँसैदेखि त्रिपाल आदि लगाएर झ्याल-ढोकाको सिसा जोगाउने तयारी गरेका थिए । मुख्य सडकका पसलहरू साँझ नपर्दै बन्दसमेत भएका थिए ।

स्थानीय नेवार समुदायले परापूर्व कालदेखि यो पर्व मान्दै आएको छ । जात्रामा आफ्नो पुरानो रिसइबी साँध्ने कामसमेत हुन थालेपछि यसमा विकृति बढ्दै गएको मानिन्छ । भीमसेन जात्रा मनाउँदा आर्थिक समृद्धि प्राप्त हुने धार्मिक विश्वास छ ।

रातको समयमा हुने जात्रामा



जात्राका क्रममा युवा समूहहरूबीच हुने झगडाका कारण जात्रालाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न स्थानीय प्रहरी प्रशासनलाई समेत टाउको दुखाइ बन्दै आएको छ ।

शान्तिपूर्ण रूपमा जात्रा सम्पन्न गर्न प्रहरीले ठूलो संख्यामा प्रहरी परिचालन गरेको थियो । नगरको मुख्य सडकका होटल, पसल बढी तनाव हुने भएकाले प्रहरी प्रशासनको आग्रहमा केही वर्षयता विभिन्न टोलले दिउँसै जात्राको धार्मिक विधि सम्पन्न गर्न थालेका छन् । बिर्ता मन्दिरबाट निकालिएको मुख्य जात्रा नगरको मुख्य सडक हुँदै पुनः बिर्ता मन्दिरमा पुगेर प्रसाद वितरण गरी सम्पन्न भएको थियो ।

–शंकर आचार्य



# रोपाइँजात्राको रौनक

इलाम– बादलुको घुम्टोमा छोपिएको इलाम बजार । दिनभर सिमसिम पानी र त्यही झरीबीच बजारमा दिनभर गुञ्जिएको असारे भाकाले टाढा-टाढाबाट आएका हजारौंको मन भुलायो । गाईजात्रापछिको विहीबार इलामेहरूको ठूलो पर्व रोपाइँजात्रा भएकाले यति धेरै भीड लागेको थियो । ट्राफिकले सवारी साधनलाई बजार प्रवेश निषेध गर्नुपर्‍यो ।

बालकदेखि वृद्धसम्म सबैमा जात्राको रौनक थियो । समयमा पानी नपरेर जिल्लामा आधा मात्र रोपाइँ भए पनि जिल्लावासीले जात्रा हेरेरै भए पनि रोपाइँको प्यास मेटे । वर्षाको थकाइ मेटाउन उत्सवका रूपमा रोपाइँजात्राको आयोजना गरिएको हो ।

'मौलिक संस्कृतिको जगेर्ना गरौं, आन्तरिक पर्यटनलाई बढावा दिऔं' भन्ने नाराका साथ नेपाल भाषा-संस्कृति समाजले जात्राको आयोजना गरेको हो । जात्रामा नेपाली संस्कृति झल्कने खालका अन्य कार्यक्रम पनि सञ्चालन गरिए ।

ठूलो संख्यामा बाहुसे, रोपार, गोरु, हलीका साथमा रोपाइँको अभिनय साँच्चै रमाइलो थियो । यसपटक पुरुषहरू नै महिलाको भेषमा रोपार बनेका थिए । पश्चिमा पाहुनाहरूले फरिया र चौबन्दी अनि दौरा-सुरुवालमा सजिएर जात्रामा रमाइलो थपे ।

अघि-अघि हली-बाउसे र पछिपछि रोपार धान रोपेको अभिनय गर्दै साँच्चै रोपाइँ गरेजस्तो देखिन्छ । नेवारी र लिम्बू जातिसँग मिल्दोजुल्दो संस्कृति यो जात्रामा देखिन्छ । सुगौली सन्धिपछि नेवारहरूको बसोबास सुरु भएलगत्तै रोपाइँजात्रालाई पर्वका रूपमा मनाउन थालिएको अनुसन्धानकर्ता युद्धप्रसाद वैद्य बताउँछन् ।

– विप्लव भट्टराई

# एघारदिने सांस्कृतिक जात्रा

**माधव अर्याल**

पाल्पा– तानसेनमा ११ दिने सांस्कृतिक जात्रा सम्पन्न भएको छ । महोत्सव पाल्पा जेसिजले आयोजना गरेको हो । पहाडकी रानी तानसेनको पर्यटन प्रवर्द्धन गर्न यो महोत्सवको आयोजना गरिएको हो । पाल्पाको तानसेनमा काठमाडौंपछि सबैभन्दा बढी जात्रा देखाइन्छ । पाल्पामा सात वर्षअघि पनि यस्तै महोत्सव भएको थियो । जात्रा तथा सांस्कृतिक महोत्सवमा किरण चित्रकार र पूर्ण रानाको समूहले लोप हुन लागेको चुइकी फिराई प्रदर्शन गरे । भक्त रोका, हेम थापा आदिले तानसेन बसपार्क, शीतलपाटी, नारनथान, भगवतीटोल, वसन्तपुर आदि स्थानमा चुइकी प्रदर्शन गरेका थिए । उनीहरूले राजनैतिक, सामाजिक, सास्कृतिक व्यंग्य गर्दै थोत्रा टिन, मादल र झुमा बजाएर रमाइलो गरेका थिए ।

महोत्सवका अवसरमा कला विमर्श केन्द्रले हास्यव्यंग्य कविता प्रतियोगिता गरेको थियो, जसमा तानसेनका हास्यकलाकार तथा लेखक पूर्ण राना पहिलो भए । पाल्पा जेसिजको आग्रहमा तानसेन धरमपानीका लक्ष्मण खड्काको एकल व्यग्य चित्रसमेत प्रदर्शनी भयो । महोत्सवकै अवसरमा तानसेनका मुख्य बजार मखनटोल, सिल्खानटोल, भगवतीटोल, नारनटोलमा गाईजात्रा निकालियो ।

महोत्सवका क्रममा सडकमा रोपाइँजात्रा पनि भयो । बराङ्गदी, बन्दीपोखराबाट तानसेनमा रोपाइँजात्रा ल्याइएको थियो । यस्तै धरमपानीबाट पनि रोपाइँजात्रा आएको थियो । तानसेनमा बाघजात्रा, श्रीनगर गणेश जात्रा, टक्सार गणेश जात्रा पनि प्रदर्शन गरिए । यस्तै आदिवासी जनजातिहरूको खुला सांस्कृतिक कार्यक्रम पनि महोत्सवकै क्रममा हेर्न पाइयो । लोप हुन लागेको गन्धर्व संस्कृति जोगाउने काम पनि जात्रामा भयो । 'समग्रमा जात्रा निकै रमाइलो भयो ।' जात्रा संयोजक देव थापाले भने, 'हामीले सोचेभन्दा राम्रो र सफल भयो ।'



## मगर परिकार महोत्सव

सांस्कृतिक जात्रालाई सघाउन नेपाल मगर महिला संघ, पाल्पाले मगर परिकार महोत्सव सम्पन्न गर्‍यो । महोत्सवमा मगर परिकारहरू राखिएको थियो । १ सय रुपैयाँको टिकट किनेपछि मगरी परिवार बारा (बटुक), अचार, मासु, घरमा बनाएको रक्सी पिउने व्यवस्था थियो । महोत्सवसँगै मगर नृत्य, ब्राह्मणको भजन, लाइभ कन्सर्ट, गन्धर्व गीत, हास्यव्यंग्य कार्यक्रम समेत हेर्न पाइएको थियो ।



उक्त अवसरमा जातीय पोसाकमा सजिएका मगर महिलाहरूले पाहुना स्वागत गर्दै मीठा-मीठा परिकार ख्वाएका थिए । उक्त अवसरमा मगर नृत्य झाम्रे, कौरा, सोरठीले मन लोभ्याएको थियो । यस्तै बन्दीपोखराका बाहुन समुदायको भजनले पनि सबैलाई नचायो । झलकमान गन्धर्वको झल्को दिने होनीमाया गन्धर्वको 'हे हो हो नि माया' गीतले पनि वातावरणलाई रमाइलो बनायो । तीजको गीत अनि नृत्य, तानसेनको विभिन्न ब्यान्डको लाइभ कन्सर्ट पनि कम रोचक थिएन ।

## सडक तात्यो संगीतले

खुला सडकमा आयोजित संगीतले तानसेन बजार तातेको थियो । धेरै पछि यस्तो स्वाद लिन पाएका थिए युवा-युवती एवं किशोर-किशोरीहरूले । पर्यटकीय नगर तानसेनको शीतलपाटीमा आयोजित 'ओपन कन्सर्ट' मा उनीहरूको उल्लेख्य सहभागिता रह्यो ।


सांगीतिक कार्यक्रमको व्यवस्थापन वसन्तपुर युवा क्लबले गरेको थियो । पाल्पा, तानसेनमा आयोजना गरिएको महोत्सवलाई सघाउन वसन्तपुर युवा क्लबले यसरी सडकमै सांगीतिक कार्यक्रम आयोजना गरेको हो । धेरै समयपछि भएकाले होला, किशोर-किशोरीका लागि भने मेलाजस्तै भएको थियो । खचाखच भीड रहेको शीतलपाटीमा बूढा, वृद्ध, अधबैंसेहरूको पनि कम सहभागिता थिएन ।



राष्ट्रिय स्तरमै चर्चित देउराली परिवारले 'म सानो छैन रेलमा चढी सुइकिन बेर छैन....' गीत गाउँदा जुरुक-जुरुक उठ्ने बनाएको थियो । तानसेनका थुप्रै ब्यान्डले प्रस्तुत गरेका गीतले सबैलाई रमाइलो बनायो । सन्देश श्रेष्ठ र अञ्जन आले, सुरज उदयले 'पोखिनौ .....' र 'रात गुजार्न .....' गीत गाउँदा सबैले ताली मात्र मारेनन्, सँगसँगै गीत गाए । यस्तै अनिक्स ब्यान्डका विजय बुद्धाचार्य र विजय सेनले 'हे कान्छी....' र 'मादलुको तालमा....' गाएका थिए ।

पाल्पामा अहिले हरेक दिन पानी परे पनि ओपन कन्सर्टको दिनमा भने पानी पनि परेन । हल्का परेको पानीको बेवास्ता गर्दै कार्यक्रम सञ्चालक जनक कार्कीले सबैलाई सांगीतिक आनन्द उठाउन आग्रह गरे । ट्रेन्जेक्स ब्यान्ड तानसेनका कलाकार प्रमोद रायमाझीले 'दिन त्यो पनि थियो .......' र 'माकुराको जाल ......' गीत प्रस्तुत गरेका थिए ।

# वीरगन्जमा ट्यालेन्ट हन्ट



वीरगन्ज- उखरमाउलो गर्मीमा पनि वीरगन्जका युवा-युवतीहरू धीत मर्ने गरी नाचे। अवसर थियो ट्यालेन्ट हन्ट शोको। फ्रेन्ड्स क्लब अफ वीरगन्जले स्थानीय नगर सभागृहमा आयोजना गरेको उक्त प्रतिभा छनौट प्रतियोगितामा प्रतियोगीहरूसँगै नाचेर युवा दर्शकहरूसमेत पसिनाले निथ्रुक्कै भिजेका थिए।

कार्यक्रममा व्यक्तिगत र सामूहिक गरी ३० वटा गीतमा प्रतियोगीहरूले नृत्य प्रस्तुत गरेका थिए। नेपाली, हिन्दी, अंग्रेजी गीतमा प्रतियोगीहरूको प्रस्तुति मनोरञ्जक रहे।

आकर्षक प्रकाश संयोजनले कार्यक्रममा सुनमा सुगन्ध थप्ने काम गरेको थियो। प्रतियोगीहरूबीच अत्यन्त कडा प्रतिस्पर्धा भएपछि रवि र उनको समूह तथा अलि र उनको समूह संयुक्त रूपमा प्रथम घोषित भए। त्यसैगरी रक एन्ड रक स्टार समूह द्वितीय र सुरभी मिश्रा व्यक्तिगत रूपमा तृतीय भएकी थिइन्।

**–शंकर आचार्य**



# लक्ष्मी बनिन् पोखरा मिस कल्चर

पोखरा- आ-आफ्नै जातीय पहिरनमा लस्करै युवतीहरू देखिए। त्यसपछि उनीहरूले आ-आफ्नै मातृभाषामा परिचय दिनुपर्ने थियो। सुन्दरी प्रतियोगिताहरूमा नेपाली वा अंग्रेजीमा आफ्नो परिचय दिँदै आएका प्रतिस्पर्धीहरूलाई यसपटक किन आ-आफ्नै मातृभाषामा किन परिचय दिन लगाइयो ? कारण एउटै थियो- यस पटकको प्रतियोगिता बेग्लै प्रकारको थियो।

मिस पश्चिमाञ्चल, मिस पोखरा तथा मिस टिन नभएर यो पटक भने जातीय भाषा तथा संस्कृतिको उत्थान गर्ने उद्देश्यले द लुक्स फेसन होम्सले पोखरा मिस कल्चर सुन्दरी प्रतियोगिता-२०६६ आयोजित गरेको थियो।

पहिलो पटक भएको प्रतियोगितामा गुरुङ, नेवार, तामाङ, छेत्री, दुरा, मगर आदि जनजाति युवतीहरूको सहभागिता रह्यो। भिन्न खालको प्रतियोगिता भएकाले पनि पोखरा सभागृहमा दर्शकहरूको सहभागिता उल्लेख्य देखिन्थ्यो। धेरैले संस्कृति झल्काउने यस किसिमको प्रतियोगिताको मुक्तकण्ठले प्रशंसा गरे।

प्रतियोगिताको सुरुदेखि अन्त्यसम्म प्रतिस्पर्धी सुन्दरीहरूले कल्चरल पहिरनमा आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए। वाक्कलामा निपुण २० वर्षीया लक्ष्मी गुरुङले आफ्ना १३ जना प्रतिस्पर्धीलाई पाखा लगाउँदै पोखरा मिस कल्चर सुन्दरी प्रतियोगिताको मुकुट पहिरिन्। यसअघि मिस टिनलगायत विभिन्न प्रतियोगितामा सहभागी भएर अनुभव बटुलिसकेकी गुरुङले आ□नो जितपछि हर्षित मुद्रामा भनिन्- 'संस्कृति सुन्दरीको ताज पहिरिन पाउँदा निकै खुसी लागेको छ।' स्थानिय रेडियो अन्नपूर्णमा उद्घोषिकाका रूपमा कार्यरत गुरुङले प्रतियोगिताले जातीय मात्र नभै सम्पूर्ण नेपालीको संस्कृतिको संरक्षणमा जोड दिएको बताइन्।

रवीन्द्र बज्राचार्यको कोरियोग्राफीमा सम्पन्न प्रतियोगितामा बिन्ध्यवासिनी चोककी श्रृंखला बज्राचार्य फस्ट रनरअप र रत्नचोककी दीपिका पहारी सेकेन्ड रनरअप बनिन्। करिब एक महिनाको प्रशिक्षण पश्चात् भएको प्रतियोगितामा ट्यालेन्ट र चार्मिङ ममता गुरुङ, बेस्ट स्माइल र फिगर रेनु गुरुङ, क्याटवाक सपना गुरुङ र डिसिप्लिन सुरक्षा गुरुङ घोषित भए। दर्शक छनौटका आधारमा सन्जिसा गुरुङले भ्यूअर च्वाइसको उपाधि जितिन्। कार्यक्रमलाई रोचक बनाउन आकर्षक गीत नृत्य तथा प्रहसनहरू पनि प्रदर्शन गरिएको थियो।

# पोखरा तात्यो संगीतले



तस्बिर : सुरज श्रेष्ठ

पोखरा- पोखरा सभागृहमा गएको साता दर्शकको भीड थामिनसक्नु थियो। माछापुच्छ्रे डान्स एन्ड म्युजिकल शो हेर्न बालकदेखि वृद्धसम्म ओइरिएका थिए। सबै खालका गीत-संगीत समेटिएको कार्यक्रम भएकाले पनि दर्शकको भीड लागेको हो। कार्यक्रममा गायिका अन्जु पन्त दर्शकको पहिलो नजरमा परिन्। उनी स्टेजमा प्रस्तुत हुनेबितिक्कै दर्शकले उनको स्वागतमा जोडदार ताली बजाए। उनी आ□ना श्रीमान्सँगै सांगीतिक कार्यक्रममा सहभागी हुन पोखरा आएकी थिइन्।

उनले वर्षकै चर्चित गीत 'नर्बिसे तिमीलाई' गाउन के सुरु गरेकी थिइन् दर्शक आफ्नो ठाउँबाट उठेर उनको स्वरमा स्वर मिलाउन थाले। त्यसका साथै अन्जुले हरियो चुरा, वनमा फुल्यो फूल आदि आफ्ना चर्चित गीतले दर्शकलाई थप मनोरञ्जन प्रदान गरेकी थिइन्। त्यसपछि युवाजोसलाई तताउन सुजिल कर्माचार्य स्टेजमा देखिए।

पप र आधुनिक गीतपछि पाका दर्शकलाई तताउन आइपुगे लोकगायक विमलराज छेत्री। उनले पञ्चबाजा, भरिया दाइ, डालीको फूल झर्न नपरोस् आदिले गीतले दर्शकलाई कम्मर भाँच्न बाध्य पारे।

कार्यक्रममा नाङ्गो शरीरमा ट्युबलाइट फुटाल्दै सुवास राईले गरेको नृत्यले धेरैको आङ सिरिङ्ग भएको थियो। कार्यक्रममा माछापुच्छ्रे नृत्य प्रशिक्षण केन्द्रका युवाहरूले माइकल ज्याक्सनको सम्झनामा माइकल ज्याक्सन नृत्य प्रस्तुत गरे। बलिउड र हलिउडका नृत्यले पनि दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गरेको थियो।

# कृष्णाष्टमीमा नेपाली, हिन्दी, अंग्रेजी पप र भांग्रा

धनकुटा- मन्दिरहरूमा कृष्णको भजन बजिरहेको थियो, त्यहाँ बूढापाका र धार्मिक मानिसहरू भजन गाउँदै नाच्दै थिए। केही मानिस चोक-चोकमा कृष्णलीला हेर्दै थिए भने कोही लाखे जात्रामा रमाउँदै थिए तर त्रिवेणी मा.वि.को प्राङ्गणमा भने शुक्रबार युवाहरू भिन्न किसिमको धुम मच्चाइरहेका थिए।

कम्पाउन्डभित्र आकर्षक ढङ्गले तयार गरिएको स्टेजबाट लोक तथा दोहोरी गीतहरू घन्किरहेका थिए। २५ रुपैयाँको टिकट काटेर कार्यक्रम हेर्न आउनेको भीडले विद्यालयको फलामको गेट नै भत्किएला जस्तो भएको थियो। औपचारिक कार्यक्रमको सुरुवात ७ बजे गर्ने भनिए पनि अव्यवस्थित भीड भने ६ नबज्दैदेखि जमिसकेकाले दर्शकको कमी थिएन।

कार्यक्रमको सुरुमै रिमिक्स गीतमा नृत्यबाट पसिना छुटाएर कलाकार नबाहिरिँदै अग्रेजी पपले दर्शकहरूलाई भुलाएको थियो। पूर्वेली लोकगीतमा नृत्यदेखि लिएर चर्चित नेपाली चलचित्र, नेपाली, हिन्दी र अंग्रेजी पप, भाङ्ग्रा नृत्यले दर्शकहरूलाई पूर्ण मनोरञ्जन प्रदान गरेको थियो। बीच-बीचमा स्थानीय गायकहरूले गीत गाएर दर्शकहरूलाई थप मनोरञ्जन प्रदान गरे। करिब पाँच घन्टा चलेको कार्यक्रम राति १२ बजे समापन हुँदा पनि धनकुटेली युवाहरू नाचिरहेका देखिन्थे।

**–भिषा काफ्ले**



# निखिल र सञ्चिताको जुहारी

सुदूर पश्चिम सांस्कृतिक समूह, मुम्बईले आयोजना गरेको विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम रंगिलो संगममा सहभागी हुन मुम्बई आईपुगेका कलिउडका जोडी नायक निखिल उप्रेती र नायिका सञ्चिता लुइँटेल स्टेजमा सागै कम्मर मर्काएर नाचे। पर्दामा देखिने यो जोडीलाई प्रत्यक्ष देख्दा प्रवासी चलचित्रप्रेमी दर्शकहरू निकै हर्षित देखिन्थे। रिलमा जस्तो रियलमा नहुने र त्यो पनि स्टेजमा नृत्य गर्न निकै कठिन भएको उल्लेख गर्दै नायक निखिल उप्रेतीले दर्शकको खुसीका लागि आफूहरू दुवै अभिनीत चलचित्रको गीतमा नृत्य प्रस्तुत गरेको बताए। मुम्बईमै झन्डै आठ वर्ष संघर्ष गरेर नेपाल फर्किएका नायक निखिल उप्रेतीले कार्यक्रमपश्चात् बचेको समय आफ्ना पुराना साथीहरूसागको भेटघाटमा बिताए। निखिल भन्छन्– 'मलाई मुम्बई प्रवेश गर्नेबित्तिकै ती स्ट्रगलका दिन याद आउँछन्।' कृष्ण जन्माष्टमीका दिन मुम्बई आइपुगेका निखिल सडकमा दही हण्डी फोरेको देखेपछि उत्साहित हुादै भने– 'म मुम्बईमा हुादा पनि हामी यसैगरी साथीहरू जम्मा भएर दही हण्डी फोर्थ्यौं।' कार्यक्रमको विशेष आकर्षणका रूपमा रहेका निखिलले प्रवासी नेपालीहरूलाई सम्बोधन गर्दै यदि दर्शकहरूले यसरी नै माया दिइरहने हो र कलाकारहरूले पनि मेहनत गर्ने हो भने अबको दस वर्षमा नेपाली चलचित्र क्षेत्र बलिउडको दाँजोमा पुग्ने बताए। यता, एक वर्षअघि कार्यक्रमकै सिलसिलामा मुम्बई आउादा बालाजी टेलिफिल्ममा अडिसन दिन पुगेकी नायिका सञ्चिता लुइँटेलले यसपालि भने कार्यक्रमबाहेक बाहिर ध्यान दिएकी छैनन्। यता, मुम्बइमै रहेका सञ्चिता लुइँटेलका पूर्व श्रीमान् आकाश शाहले सञ्चिता मुम्बई आउने कार्यक्रम थाहा पाए पनि उनीसँग भेट भने नभएको बताए।


**–वीरेन्द्र पौडेल**



# छैनन् महिला प्रशिक्षक

नेपालगन्ज– मुलुकलाई अन्तर्राष्ट्रिय सफलता दिलाउन महिला खेलाडीहरूले पसिना बगाएका छन् तर अवसरमा भने विभेद छ। सबैजसो खेलमा महिला प्रतिनिधित्व उत्साहप्रद भए पनि उनीहरूलाई प्रशिक्षक बन्ने अवसर भने प्रदान गरिएको छैन।

क्षमता र सीप भएका महिला



खेलाडीले समेत अवसर नपाएका हुन। पुरुषले प्रशिक्षण दिंदा महिला खेलाडीहरू आफ्ना शारीरिक समस्या खुलेर भन्न नसक्ने बाध्यता सुनाउँछन्। महिला प्रशिक्षकबाट प्रशिक्षण पाए खेल क्षेत्रमा थप उत्साह बढ्ने क्रिकेटमा संलग्न महिला खेलाडीहरू बताउँछन्।

पुरुषभन्दा महिला खेलाडी कम छैनन्, तर उनीहरूले अहिलेसम्म प्रशिक्षण दिने मौकै पाएका छैनन्। क्रिकेटमा मुलुकलाई ऐतिहासिक सफलता दिलाएर महिला क्रिकेटरले पुरुष खेलाडीभन्दा आफूहरू कम नभएको प्रमाणित गरे, तर क्यानले महिला प्रशिक्षक बनाउनेतर्फ ध्यान नदिएको गुनासो उनीहरूको छ।

क्रिकेटबाहेक फुटबल, एथलेटिक्स तेक्वान्दोमा राम्रो पकड जमाएका महिला खेलाडीहरूलाई खेलजीवन सकिएपछि के गर्ने भन्ने चिन्ता छ। सक्षम भएर पनि अवसर नपाउँदा उनीहरू आफ्नो सीप र क्षमता देखाउन पाइरहेका छैनन्। लामो समय खेलमै खर्चिएका महिलाहरू खेलकुदमै रोजगारीको सम्भावना खोज्न थालेका छन्, तर अवसर नपाउँदा निराश छन।

महिलाका खेलहरूमा समेत पुरुष प्रशिक्षक छन। १२ वर्षदेखि खेलक्षेत्रमा लागेकी नेपालगन्ज-१६, बेलासपुरकी टीका गुरुङ खेल खेल्दासम्म खेलाडीको महत्त्व रहने बताउँछिन्। गुरुङका अनुसार 'राम्रो खेलाडी उत्पादन गरेर मात्र हुँदैन, सरकारले देशको गौरव बढाउने खेलाडीलाई रोजगारीको अवसर पनि दिनुपर्छ।'

टीकाजस्तै लामो समय खेलमै




बिताएका महिलाहरू लगानीको कुनै मूल्यांकन नभएकोमा निराश छन। एथलेटिक्सका प्रशिक्षक चन्द्र गुरुङ नेपाली खेलकुदमा खेलाडीलाई प्रोत्साहन दिने कुनै नीति सरकारसँग नभएकाले महिला खेलाडी मारमा परेको बताउँछन्। उनले भने- 'क्षमता भएका महिला खेलाडीलाई प्रशिक्षक बन्ने अवसर प्रदान गर्नुपर्छ।'

खेलाडीको संख्या बढेर मात्र हुँदैन, रोजगारी र सामाजिक सुरक्षा पनि चाहिन्छ। त्यसैले महिला प्रशिक्षक बढाउनेतर्फ सरकारले गम्भीर ध्यान दिनुपर्ने सुझाव खेलाडीहरूको छ। तेक्वान्दोकी सहायक प्रशिक्षक विमला भण्डारी महिला खेलाडीको हौसलाका लागि पनि महिला प्रशिक्षक आवश्यक भएको बताउँछिन्।

**रूपा गहतराज**

छोटो समयमै नेपाली क्रिकेटले सफलताको लामो इतिहास बनाएको छ। नेपाली क्रिकेटको सर्वोच्च संस्था नेपाल क्रिकेट संघ (क्यान) का देशभरि छवटा क्षेत्र छन्। सबैभन्दा कान्छो क्षेत्र ६ नम्बर बैतडी हो। ०६१ मा क्षेत्र नम्बर ५ नेपालगन्जसँग अलग भएर यो क्षेत्र अस्तित्वमा आएको थियो। कान्छो क्षेत्र भए पनि मुख्यत: महिला क्रिकेटमा क्षेत्र नम्बर ६ को प्रगति ईर्ष्यालाग्दो छ। क्षेत्र नम्बर ६ बाटै नेपालको महिला टिमले कप्तानका रूपमा रितु कनौजियालाई पाएको छ, तर क्षेत्रको सफल नेतृत्व गरेका छन् चतुरबहादुर चन्दले। नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष तथा क्षेत्रीय क्रिकेट विकास समिति क्षेत्र नम्बर ६ बैतडीका अध्यक्ष चतुरबहादुर चन्दसँग पाँच प्रश्न :



**क्रिकेटतर्फ कसरी आकर्षित हुनुभयो ?**

२०३७ सालमा कक्षा ५ मा पढ्ने बेला स्थानीय सिनियरहरू स्कुलको आँगनमा कर्क र मोजाको बल बनाएर क्रिकेट खेल्थे। त्यही बेलादेखि आकर्षित हुँदै गएँ। पछि भारतमा पढ्दा खेल्न थालें, तर दुर्घटनामा परेर खुट्टा भाँच्चिएपछि मैदानमा निरन्तरता दिन सकिनँ। त्यसपछि संस्थागत विकासका लागि साथीहरूसँग मिलेर जिल्ला संघमार्फत क्रिकेट गतिविधि अगाडि बढाएका हौं।

**क्षेत्र नम्बर ६ मा क्रिकेटको विकासक्रम कस्तो छ ?**

क्षेत्र नम्बर ६ मा जुन गतिमा क्रिकेटको विकास हुनुपर्ने हो, भएको छैन। हामी भौतिक पूर्वाधारमा निकै पछाडि परेका छौं। क्रिकेट 'क्रेज' थामिनसक्नु छ। त्यसैकारण राष्ट्रिय स्तरमा प्रदर्शन गर्न पाएका छौं। क्षेत्रका क्रिकेट प्रशिक्षक तथा पदाधिकारीहरूले भोको पेट दिनरात मेहनत गरिरहनुभएको छ। अहिले सन्तुष्ट हुने ठाउँ छैन। धेरै गर्न बाँकी छ।

**क्षेत्रलाई हेर्ने केन्द्रको दृष्टिकोण कस्तो छ ?**

राम्रो छैन। यो क्यानको अन्तिम प्राथमिकतामा पर्ने क्षेत्र हो। दर्जनौं यस्ता घटना र निर्णय छन्, जसबाट क्षेत्रका खेलाडी र अम्पायर मर्कामा परेका छन्। पूर्वाधार निर्माणमा भेदभाव गरिँदै आएको छ। केन्द्रका केही मिडियाकर्मीसमेत क्षेत्रको सकारात्मक पक्षलाई भन्दा नेगेटिभ कोणबाट प्रचार गरेर खेलाडी र पदाधिकारीको मनोबल खस्काउने काम गरिरहेका छन्।

**क्षेत्र नम्बर ६ को संस्थागत विकासमा के-कस्ता प्रयास भैरहेका छन् ?**

प्रत्येक जिल्ला संघमा आफ्नै खेलमैदान हुनुपर्नेमा संघहरू सहमत छन्। पायक पर्ने ठाउँमा जग्गा खोजी भैरहेको छ। क्षेत्रका नाममा सदरमुकाममै दशरथचन्द खेलमैदान निर्माणाधीन अवस्थामा छ। नगरपालिका र जिविसले अनुदान दिएका छन्। जिल्ला व्यवस्थित भए क्षेत्र र केन्द्र बलियो हुने भएकाले व्यवस्थित प्रयास आवश्यक छ। राजनैतिक दलको सहमति र सर्वदलीय निर्णय क्षेत्रका पक्षमा छन्।

**नेपाली क्रिकेटको विकासका लागि कस्तो रणनिति अपनाउनुपर्छ ?**

खेलकुद मन्त्रालयले क्रिकेटलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ। क्यानले २०१५ सम्म विश्वकप खेल्ने रणनिति बनाउनुपर्छ। नेपालले विश्वकप खेल्ने सम्भावना बोकेको एउटै खेल क्रिकेट हो। सरकार, मन्त्रालय र परिषद्ले यसै वर्षदेखि क्रिकेटमा आवश्यक बजेट विनियोजन गर्नुपर्छ। २०१५ को आईसीसी विश्वकपको तयारी नेपालले गर्नुपर्छ, अन्यथा विश्वकप खेल्ने चाहना सपना मात्र हुनसक्छ।

– **राजेन्द्र नाथ**

# फेसबुकमा जुम्ल्याहा



बिम्बल्डन टेनिस जितेर विश्वको सर्वाधिक ग्रान्डस्ल्याम जित्ने पुरुष खेलाडीको उपाधि हात पारे लगत्तै स्वीट्जरल्यान्डका रोजर फेडेर बाबु बने, त्यो पनि एउटा सन्तानको नभएर एकै पटक दुई सन्तानको। पहिले त उनलाई नै थाहा थिएन, आफू दुई सन्तानको बाबु एकैपटक बन्दैछु भन्ने कुरा। आफ्नै देशकी टेनिस खेलाडी मिर्कासँग लामो समयको प्रेमपछि गत अप्रिल महिनामा विवाह गरेका फेडेरर साउनको दोस्रो साता बाबु बनेका थिए। बाबु बने पनि उनका सन्तानको तस्बिर भने सार्वजनिक हुन सकेको थिएन। फेडेररले हालै फेसबुकमार्फत् आफ्ना दुई सन्तानलाई सार्वजनिक गरेका छन्। कार्लिन रिभा र म्याला रोस नाम गरेका दुई छोरीलाई मिर्का र रोजरले बोकेको तस्बिर फेडेररले आफ्नो फेसबुक एकाउन्टमा अपलोड गरेका थिए। उनले अपलोड गरेको तस्बिरको तल लेखेका छन्- मेरो परिवार र नयाँ सदस्यप्रति सद्भाव राख्नुहुने मित्र एवं शुभचिन्तकहरूलाई धन्यवाद। अहिले मिर्का र छोरीहरूको स्वास्थ्य राम्रो छ। मिर्का गर्भवती भएको समाचार सार्वजनिक भए पनि उनीहरूका जुम्ल्याहा सन्तान हुने कुरालाई भने लुकाइएको थियो।

• मैदान बाहिर •

# चेल्सीको मस्ती

इङ्लिस प्रिमियरमा चेल्सी क्लबको नाम शीर्ष स्थानमै आउँछ। यो क्लबमा इङ्ल्यान्डका कप्तान जोन टेरीदेखि माइकल बालाक, डिडियोर डोग्बा, माइकल एसिनीदेखि पाउलो फेरेराजस्ता हस्तिहरू छन्। फुटबलका यी व्यावसायिक खेलाडीहरू मस्ती गर्नुपर्‍यो भने अन्य क्लबका खेलाडीहरूलाई पनि मात ख्वाउन पछि पर्दैनन्। हालै चेल्सी क्लबका स्ट्राइकर सलोमान कालाउको २४ औं जन्मोत्सवमा क्लबका खेलाडीहरूले मदिरा पिएको देखेर खेलाडीहरू मात्र होइन सुन्ने मानिसहरूसमेत छक्क परे। आइभोरिकोस्टका कालाउले लन्डनको मे फेयर हटस्पोटमा ३० जना साथीलाई पिउन आमन्त्रण गरेका थिए। पिउने क्रममा चेल्सीका खेलाडीहरूले यति पिए कि अन्तमा १ लाख २० हजार पाउन्ड (१ करोड ५२ लाख ४० हजार रुपैयाँ) को बिल आयो। बिल देखेर कालाउ त छक्क परे। आफू मदिरा नपिउने तर मदिराको यत्रो बिल तिर्नुपर्ने भएपछि उनी अन्यौलमै परे। उनको समस्या देखेर कप्तान जोन टेरीले ६० हजार पाउन्ड (७६ लाख २० हजार रुपैयाँ) तिरेर बेट्रेसहरूलाई १० हजार पाउन्ड (१२ लाख ७० हजार रुपैयाँ) टिप्स दिए भने कलाउले आफूले यति मात्र तिर्न सक्ने बताउँदै ३४ हजार पाउन्ड (४३ लाख १८ हजार रुपैयाँ) तिरेका थिए। यत्रो पैसाको उनीहरूले के पिए होलान् ? जानकार सँत्रका अनुसार प्रत्येक खेलाडीले पहिलो पटकमै ४ सय पाउन्ड (५० हजार ८ सय रुपैयाँ) पर्ने क्वेच ट्रफी ककटेल पिए भने ३० बोतल डोम पेरिग्नोन स्यामपेन र १० बोतल प्याट्रोन टकिला हि्वस्की मिस्टबाट मगाएका थिए। लन्डनको यो महँगो स्पटमा खासगरी विशिष्ठ व्यक्तिहरू मात्र आउँछन्।




साप्ताहिक Classified Advertisement

## रोजगार

NGO संस्थालाई साधारण SLC, +Basic Internet जानेका १३ कर्मचारी तलब ग्यारेन्टी 9500, 2072545, 9841493026, 9803075981 चावहिल

अफिसको लागि कर्मचारी ९७४११४६७२१ बालाजु

अर्जेन्ट महिला/पुरुष/विद्यार्थी कर्मचारीहरु पार्टटाइम/फुलटाइम १०,०००-१५००० बसुन्धारा २२९०२२३, ९८०३४५१६०८

आवश्यकता अर्जेन्ट कर्मचारीहरु ११,०००-१५०००, कलंकी ९८०८०९९४०, ९८४१०३५४१७

part time job contact 9803604737

## सम्पर्क

कार, माइक्रोबस, रिजर्व गर्नुपरेमा ५५५४७५५, ९८४१५१८२०६

Autocar Arc.gis, Land development, Sap. 3D-Max, Networking 01-2121605, 9851039247

ग्यारेन्टीका साथ हेयरस्ट्रेट सौन्दर्य सम्बन्धि सम्पूर्ण कार्यमा विषेश छुट साथै जेन्सहरुको लागि पनि धर ान्ज जुन ब्युटि होम ४२३२१९४, ९८४१७४३७६१

तेह्र वर्ष पुरानो राजटेक्नीकलमा ३०% छुटमा मोवाइल, Chinese Mobile को software गराइन्छ, टेलिभिजन, हार्डवेयर, इलेक्ट्रीकल्स, एसिफ्रीज तालिमहरु (डल्सहरु निशुल्क) नयाँबानेश्वर ४४९५५८१ कालिमाटी


## उपचार

स्तन घटाउन बढाउन गुप्ताङ्ग टाइट गर्न, यौन सन्तुष्टिको विकास तथा तालिम प्राप्त अनुभवी चिकित्सकद्वारा सुरक्षित गर्भ पतन साथै, आकस्मिक गर्भ निरोधक साधन, 9841981976, 9849051161

निसन्तान, मधुमेह, स्वेतप्रदर गुप्ताङ्गको सफल उपचार अन्तर्राष्ट्रिय अनुभवी डाक्टर Direct appointment: 9721417717

वर्षौं पुरानो पिनास गन्ध रहित नाक बन्द, मासु हड्डी बडेको, एर्लजी लगायत विभिन्न जिर्ण रोगहरुको ख्याती प्राप्त आर्युवेदिक चिकित्सकहरुबाट विशेष उपचार ४४६७५६९

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४



## हिलाम्मे मैदानमा फुटबल

# कोकाकोला कप राधिका माविलाई

काठमाडौं- खाल्डाखुल्डी परेको मैदान, त्यसमाथि जमेको पानी र हिलोको थुप्रो। हानेको बल ठीक ठाउँमा नपुगेपछि खेलाडी मात्र होइन दर्शकसमेत हैरान। बिग्रिएको मैदानकै कारण खेलाडीले खेललाई सन्तुलनमा राख्न सकेनन्। गएको सोमबार एन्फा कम्प्लेक्सको मैदानमा स-साना खेलाडीले आफ्नो खेलकौशलभन्दा पनि हिलो छ्यापाछ्याप गरेर दर्शकलाई मनोरञ्जन प्रदान गरे। प्रसंग एन्फा कोकाकोला अन्तरविद्यालय राष्ट्रिय फुटबल प्रतियोगिताको हो। प्रतियोगिताको फाइनलमा भिड्दै थिए जनक बोर्डिङ स्कुल विराटनगर र राधिका माध्यमिक विद्यालय मोरङ।

मैदान हिलाम्मे भए पनि फाइनल प्रतिस्पर्धात्मक थियो। खेलको २१ औं मिनेटमा अमनकुमार माझीको प्रहारले जाली चुमेपछि विराटनगरले अग्रता लिएको थियो। राधिकाका रोजिन धिमालले दोस्रो हाफको तेस्रो मिनेटमै गोल फर्काएपछि दुवै १-१ को स्थितिमा पुगे। निर्धारित ८० मिनेटमा दुवै टिम १-१ को बराबरीमा रहेपछि अतिरिक्त समय थपिएको थियो। अतिरिक्त समयमा दुवै टिम गोल गर्न चुकेपछि टाइब्रेकरका आधारमा निर्णय लिनुपरेको थियो।

प्रतियोगितामा राम्रै तालमेल मिलाएका विराटनगरका तीन खेलाडीको पेनाल्टी प्रहार गोलमा परिणत नभएपछि शीर्ष उपाधि राधिकाको हातमा गएको हो। ४ का विरुद्ध ५ गोलको अन्तरले राधिका मा.वि. उपाधि जित्न सफल भएको हो। राधिकाले ट्रफीसहित नगद २ लाख रुपैयाँ हात पाऱ्यो। द्वितीय स्थानमा आएको विराटनगरले १ लाख रुपैयाँ, तृतीय स्थानको सौठ मा.वि. मोरङले ५० हजार र चौथो स्थानको अरुणोदय मा.वि. काठमाडौंले २५ हजार रुपैयाँ प्राप्त गरे।

वीरेन्द्र सैनिक महाविद्यालय, भक्तपुरका प्रेमकुमार तामाङ सर्वोत्कृष्ट गोलरक्षक, सौठका प्रेम तामाङ मिडफिल्डर, राधिकाका पूर्णबहादुर दनुवार डिफेन्स र जनकका अमनकुमार माझी फरवार्ड घोषित भए। उनीहरूका लागि आगामी डिसेम्बरमा टाटा फुटबल एकेडेमीमा २ हप्ते तालिमको व्यवस्था मिलाइएको छ। गत साउन २७ गतेदेखि अखिल नेपाल फुटबल संघ तथा बोटलर्स नेपाल लिमिटेडको सहकार्यमा सञ्चालित यो प्रतियोगितामा विभिन्न विद्यालयका १२ टिमले प्रतिस्पर्धा गरेका थिए।

प्रतियोगिताका लागि जेठको दोस्रो सातातिरै विभिन्न जिल्लामा छनौट खेलहरू भएका थिए। छनौट चरणअन्तर्गत कैलालीको धनगढीमा ३२ विद्यालय, बाँकेको नेपालगन्जमा १८ विद्यालय, रूपन्देहीको बुटवलमा ४० विद्यालयले प्रतिस्पर्धा गरेका थिए। कास्कीको पोखरामा ७४ विद्यालय, काठमाडौंमा २ सय २४ विद्यालय, मोरङको उर्लाबारी र विराटनगरमा ८० विद्यालयमाझ प्रतिस्पर्धा भएको थियो। छनौट खेलपछि अन्तिम चरणमा छानिएका १२ टिमबीच काठमाडौंमा प्रतिस्पर्धा गराइएको हो। प्रतियोगिताको अन्तिम चरणमा विराटनगरका ३, पोखराका २, बुटवल, बाँके र कैलालीका १-१ तथा काठमाडौंका ४ टिम भिडेका थिए।

## काठमाडौंलाई हराएर उपाधि



मोरङ- मोरङको मधुमल्लामा भएको 'दोस्रो मधुमल्ला गोस्फल च्यालेन्ज कप-२०६६'को उपाधि काठमाडौंलाई पराजित गर्दै आयोजक मधुमल्ला खेलकुद विकास समितिले हात पारेको छ। प्रतियोगितामा काठमाडौंको एक र पूर्वाञ्चलका नौ गरी कुल १० वटा फुटबल टिम प्रतिस्पर्धामा थिए। शनिबार भएको फाइनलमा चर्चब्वाइज युनाइटेड काठमाडौंलाई ३-१ ले पराजित गर्दै आयोजक टिमले उपाधि चुमेको हो।

खेल सुरु भएको ३१ औं मिनेटमा मधुमल्लाका क्याप्टेन सागर लुइटेलले पहिलो गोल गरी आफ्नो टिमलाई १ गोलको अग्रता दिलाएका थिए। ३५ औं मिनेटमा चर्चब्वाइजका टिम क्याप्टेन खेम गुरुङले गोल फर्काई बराबरीमा पुऱ्याएपछि पहिलो हाफ सकिएको थियो।

मध्यान्तरपछिको खेल सुरु भएको ८ औं र ३५ औं मिनेटमा आयोजक मधुमल्लाका नुरराज काफ्लेले २ गोल गरी आफ्नो टिमलाई मजबुत स्थितिमा पुऱ्याए। खेलको म्यान आफ द म्याच आयोजक टिमका नुरराज काफ्ले र बेस्ट प्लेयर अफ द टुर्नामेन्ट चर्चब्वाइजका टिम क्याप्टेन खेम गुरुङ घोषित भए। उत्कृष्ट गोल रक्षकका रूपमा जनमुक्ति सेना चुलाचुलीका गोलकिपर राजु नगरकोटी पुरस्कृत भए।

**-अर्जुन राई**

ग्लोबलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★ Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎4484098,2134544

# सिटीभ्युमा कलेजको 'ढ्यानटरान'

**साप्ताहिक समाचार**

काठमाडौं- 'ढ्यानटरान...आजा आजा दिल निचोडे, रातकी मट्की फोडे, कोही गुडलक निकाले, आज गुल्लकको फोडे.. ढ्यानटरान..' गत शुक्रबार सार्वजनिक भएको हिन्दी चलचित्र 'कमिने'को यो गीत हिजोआज निकै लोकप्रिय छ । त्यसैले त चलचित्र सार्वजनिक भएकै दिन मीनभवनस्थित सिटीभ्यु रेस्टुराँमा आयोजित डान्स पार्टीमा कलेजका विद्यार्थीहरू त्यही गीतमा चिच्याउँदै थिए- 'ढ्यानटरान...' ।

डिजे राजुका शिष्य डिजे अनिश पनि उनीहरू चिच्याउने बेला गीत बन्द गरिदिन्थे, सबैले 'ढ्यानटरान...' भनेर चिच्याएपछि गीत फेरि चालू हुन्थ्यो । नेपथ्यको गीत 'तालको पानी माछीले खाने'मा पनि त्यस्तै रमाइलो भयो । कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको टेलिश्रृंखला 'कलेज'का युवा कलाकारहरूसँग नाच्न पाइने उक्त डान्सपार्टीको शीर्षक नै 'कलेज डान्स पार्टी' राखिएको थियो । उक्त टेलिश्रृंखलाका निर्देशक नवराज आचार्य पार्टीको दृश्य क्यामेरामा कैद गरेर श्रृंखलामा देखाउने बताइरहेका थिए । श्रृंखलामा विद्यार्थीको भूमिका निर्वाह गरिरहेका सविन श्रेष्ठ, सृष्टि खड्का, आरती आचार्य, प्रेक्षा अधिकारी, ब्रबिम भण्डारी, प्रभा अधिकारी, कनिपा सिंह आदि कलाकारसँग नाच्न पाएकोमा सहभागीहरू पनि दंग थिए । कोटेश्वरकी रञ्जिता खनालले भनिन्- 'श्रृंखलामा उनीहरूको टिनएजर मस्ती हेर्दा रमाइलो लाग्थ्यो, उनीहरू साँच्चैका रमाइला रहेछन् ।' साँझ पाँच बजेदेखि घन्किएको उक्त पार्टी राति नौ बजेसम्म चलेको थियो ।



Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
▶ कुक १ ½ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
१. 5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको ।
२. थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने ब्यवस्था छ ।
३. तालिमपछि कुक, वेटर-वेटेस, बारमेनलाइ USA, EUROPE को ship मा पठाउने ब्यवस्था छ ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्याङ्की): Tel: 4483414
New Baneshwor Chock (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adwait Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

होटल तालिम
नवौ बर्ष प्रवेश विशेष छुट
कुक-4500 वेटर-1700
विशेष छुट श्रावण मसान्त सम्मको लागि मात्र लागू हुनेछ
*अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाईने
*थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
अपर्झट विदेश जानुपरेमा स्पेशल तालिम
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, रेडन कलेज सँगै 4352846

३ महिनामा ४" उचाइ बढाउने
◆केश झर्न तुरुन्तै रोकी उमार्ने
◆१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ग्यास्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
Mo:9851112675
शाखा कार्यालय बनेपा

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

रोजगारकै लागि तालिम ५०% छुटमा
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
१५ दिनमा नै फोटोग्राफी भिडियोग्राफी तालिम सिकाइने
DIGITAL VIDEO-EDITING & ANIMATION
World Wide Valid Certificate नेपालको नं. 1 Study Center
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

STUDY ABROAD
UK, USA, AUSTRALIA, CANADA, CYPRUS
TOEFL
IELTS
Expert Teachers
Rs. 3500 only
6 Weeks Class
Free Books, CDs & Library
Free Internet & Email
Spoken English & Computer Classes
Getway
Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph. 4239719, 4241870

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित ।
अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।